सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैका लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स

• वर्ष १२ • , पुस १४, २०६३ • SAPTAHIK • Nepali National Weekly • Dec.29, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-



# अंग्रेजी रमझम



०४६ सालको राजनैतिक परिवर्तनपछि नेपाली समाजमा देखापरेको धार्मिक उदारता एवं सहिष्णुताका कारण क्रिश्चियन धर्मावलम्बीहरु स्वतन्त्ररूपमा देखापरे। धार्मिक स्वतन्त्रतासँगै उनीहरुको चाड-पर्वले पनि क्रमशः सामाजिक मान्यता पाउन थाल्यो। अहिले स्थिति कस्तोसम्म देखिएको छ भने क्रिसमसका बेला एक-अर्कालाई शुभकामना आदान-प्रदान गर्नेहरुमा क्रिश्चियन धर्मावलम्बी मात्र नभई सबै धर्मका अनुयायी देखिन थालेका छन्।

**यो साता** राजधानी काठमाडौंलगायत मुलुकका प्रमुख सहरी क्षेत्रमा क्रिसमस र नयाँ वर्षको रमझम देखिएको छ। खासगरी २०४६ सालयता नेपालका नयाँ पुस्तामा देखापरेको पाश्चात्य संस्कृतिको मोहका कारण पनि नेपाली समाजमा क्रिसमस र नयाँ वर्ष मनाउने चलनले व्यापकता पाउन थालेको हो। केही वर्ष अघिसम्म कहिले आयो र कहिले गयो भन्ने स्थितिमा रहने गरेको क्रिसमस अहिले टोलछिमेकमा पनि चर्चाको विषय हुने गरेको छ। खासगरी मुलुकमा भित्रिएको डिपार्टमेन्टल स्टोर तथा सपिङ मल संस्कृतिका कारण पनि अहिले क्रिसमसले नेपाली समाजमा विस्तारै मान्यता पाउन थालेको छ। यस्तो मान्यतालाई हामी अंग्रेजी रमझम भन्न सक्छौं। यस्तो किसिमको रमझमबाट आजको नेपाली पुस्ता विस्तारै प्रभावित हुन थालेको छ।

०४६ सालको राजनैतिक परिवर्तनपछि नेपाली समाजमा देखापरेको धार्मिक उदारता एवं सहिष्णुताका कारण क्रिश्चियन धर्मावलम्बीहरू स्वतन्त्ररूपमा देखापरे। धार्मिक स्वतन्त्रतासँगै उनीहरूको चाड-पर्वले पनि क्रमशः सामाजिक मान्यता पाउन थाल्यो। अहिले स्थिति कस्तोसम्म देखिएको छ भने क्रिसमसका बेला एक-अर्कालाई शुभकामना आदान-प्रदान गर्नेहरूमा क्रिश्चियन धर्मावलम्बी मात्र नभई सबै धर्मका अनुयायी देखिन थालेका छन्। यस्तै स्थिति नयाँ वर्षको पनि छ। नेपाली समाजमा विक्रम संवत् राष्ट्रिय संवत्का रूपमा प्रचलित भए पनि इस्वी संवत्का साथै अन्य जनजातिको नयाँ वर्षलाई पनि त्यत्तिकै महत्त्वका साथ मनाउने प्रचलन बढ्दै गएको छ।

सम्भवतः यसैकारणले डिसेम्बरको आधाआधीदेखि जनवरीको पहिलोसातासम्म नेपाली पसलहरूमा किनमेल गर्नेहरूको भीड दसैं-तिहारको किनमेल गर्नेहरूको भीडभन्दा कम देखिंदैन। जनसंख्याको दृष्टिकोणले नेपालमा क्रिश्चियन धर्मालम्बीहरूको उपस्थिति अत्यन्तै कम भए पनि खुला समाजको अवधारणा, नेपाली युवाहरूको बढ्दो विदेश यात्रा, साथीभाइसँग जमघट गर्ने अवसरको खोजी, व्यापार-व्यवसायलाई 'बुस्ट अप' गर्ने व्यापारीहरूको चाहना आदि कारणले पनि अहिले नेपाली समाजमा क्रिसमस र नयाँ वर्षले व्यापकता पाउन थालेको छ।

मानिसहरूमा क्रिसमस र नयाँ वर्षप्रति देखिएको यस्तो रुझानलाई व्यापारीहरूले 'क्यास' गर्ने चाहना राख्नु स्वाभाविक नै हो। त्यसैले पनि अहिले साना-ठूला कतिपय पसलहरू क्रिसमसमय भएको अनुभव गर्न सकिन्छ। क्रिसमगसँगै भित्रिने यस्तो उल्लास नयाँ वर्षसम्म कायम रहने भएकाले पनि कतिपय व्यापारीहरूले यो समयमा हुने व्यापारलाई दसैं-तिहारको समयमा हुने व्यापारसँग दाँज्ने गरेका छन्।

क्रिसमस र नयाँ वर्षलाई पश्चिमा समाजमा सिजन्स ग्रिटिङका रूपमा लिइन्छ। यो बेला शुभकामना आदान-प्रदानमा पोष्टकार्ड, फूलका गुच्छा, चकलेट आदिले विशेष प्राथमिकता पाउँछन्। यस्ता सामानका पसलहरू यो बेला बढी झकिझकाउ देखिन्छन्। अहिले नेपालमा पनि यस्ता 'गिफ्ट सप' भनिने पसलहरूमा मानिसहरूको भीड र व्यापारीहरूको फुर्ति हेर्न लायक हुन्छ। अहिले काठमाडौंका सबैजसो डिपार्टमेन्टल स्टोर र सपिङ मलहरूमा त्यस्तो छनक हेर्न पाइन्छ। ●

साप्ताहिक



शुभकामना नयाँ वर्षको

पृष्ठ १८ मा



विवाह पुष्पाको

पृष्ठ १० मा









मिस वर्ल्ड अर्थ युनिभर्स

मध्यपृष्ठमा

# वर्षका दस आकर्षक महिला



**संगीता कटुवाल**

*यौन आकर्षक पुरुषहरूको छनौट 'पिपुल' पत्रिकाले गर्छ भने यौन आकर्षक महिलाहरूको छनौट अलग-अलग ढंगबाट गरिन्छ। इन्टरनेट सर्च इन्जिनमा तस्बिर खोजिएको संख्या, चर्चा-परिचर्चा, कामुक देखिन गरिएको प्रयास आदिका आधारमा विभिन्न वेबसाइट तथा सञ्चारमाध्यमहरूले अभिनेत्री तथा गायिकाहरूको बेग्लाबेग्लै सूची बनाउने गरेका छन्। विश्वप्रसिद्ध म्याजिन 'एफएचएम' ले पाठकहरूको मत सर्वेक्षणका आधारमा तयार पारेको सूचीअनुसार किरा नाइटलीले सबैभन्दा आकर्षक महिलाको उपाधि पाएकी छिन्। यस वर्षको यस्तो छनौटमा एफएचएमले २ अर्ब भोट पाएको थियो। म्यागजिनका सम्पादक रोस ब्राउन भन्छन्- 'किरा २००६ को पोलो नृत्यकी सच्चा भागीदार हुन्। उनी त्यस्ती अंग्रेजी गुलाफ हुन्, जसको विकल्पमा अरू कोही हुन सक्दैन।'*

### किरा नाइट्ली

सन् २००६ का कामुक महिलाहरूको सूचीको पहिलो नम्बरमा रहेकी २७ वर्षीया केरा नाइट्लीले बाल कलाकारका रूपमा अभिनय यात्रा प्रारम्भ गरेकी हुन्। सन् २००३ देखि चलचित्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेर ख्याति कमाएकी किराले चलचित्र 'प्राइड एन्ड प्रिजुडिस' का लागि २००५ मा सर्वोत्कृष्ट नायिकाको एवार्ड हात पारेकी थिइन्। उनको पछिल्लो चलचित्र पाइरेट्स अफ द क्यारिबियन, डेडम्यान्स चेस्ट' हो।

### केली ह्याजेल

कामुक महिलाहरूको सूचीको दोस्रो नम्बरमा रहेकी केली ह्याजेल लन्डनमा जन्मिएकी हुन्। ह्याजेल परिवारकी सबैभन्दा ठूली छोरी ह्याजेल स्कुले जीवनदेखि नै रात्रिजीवनमा रमाउँथिन्। फरक-फरक पेसामा रहेका ह्याजेलका आमाबाबु ह्याजेल तेह्र वर्षकी हुँदा छुट्टिएका थिए। त्यसैले उनी विद्यार्थी जीवनमा पनि थोरै परीक्षामा सामेल भइन्।

### स्कारलेट जोहन्सन

कामुक महिलाहरूको सूचीको तेस्रो नम्बरमा रहेकी २२ वर्षीया जोहन्सन अमेरिकी नायिका हुन्। जोहन्सन किरा नाइट्लीकी धेरै नजिककी प्रतिस्पर्धी मानिन्छिन्। पहिले उनी फेसन मोडल तथा शरणार्थी राजदूतका रूपमा कार्य गर्थिन्। विश्वकै सुन्दर महिला भएकाले जोहन्सन सञ्चारमाध्यमहरूमा छाइरहन्छिन्। चलचित्र 'हकर्स' मा महत्त्वपूर्ण भूमिका निर्वाह गरेर अभिनययात्रा प्रारम्भ गर्ने जोहन्सन २००१ देखि सर्वाधिक चर्चित अनि सबैभन्दा धेरै पारिश्रमिक लिने नायिकाका रूपमा परिचित छिन्।

### एन्जलिना जोली

कामुक महिलाहरूको सूचीमा चौथो नम्बरमा रहेकी ३१ वर्षीया एन्जलिना जोली अमेरिकी नायिका हुन्। उनी २००५ का यौन आकर्षक महिलाको सूचीमा तेस्रो स्थानमा थिइन्। 'हकर्स' नामक चलचित्रबाट अभिनययात्रा प्रारम्भ गरेकी जोली २००१ देखि सर्वाधिक चर्चित र सबैभन्दा धेरै पारिश्रमिक लिने नायिकाका रूपमा परिचित छिन्। उनको सबैभन्दा सफल चलचित्र मिस्टर एन्ड मिसेज स्मिथ (२००५) हो। नायक जोनी लि मिलर र बिल्ली बब थोर्टनसँग विवाह गरेर सम्बन्धविच्छेद गरिसकेकी जोली हाल नायक ब्राड पिटसँग डेटिङमा छिन्।

### केली ब्रोक

यो सूचीको पाँचौं नम्बरमा रहेकी केली ब्रोक सन् २००५ का यौन आकर्षक महिलाहरूको सूचीको पहिलो स्थानमा थिइन्। व्यावसायिक मोडल हुनुअघि ब्रोकले ड्रामा स्कुलमा तीन वर्ष अध्ययन गरेकी थिइन। हाल नायक स्ट्याम बिली जेनसँग डेटिङमा रहेकी ब्रोकको नाम यसअघि जेसेन स्ट्यामसँग चर्चामा थियो।

### चेली ट्युडी

कामुक महिलाहरूको सूचीको छैटौं नम्बरमा रहेकी २३ वर्षीया ट्युडी अघिल्लो वर्ष यौन आकर्षक महिलाहरूको सूचीको दोस्रो स्थानमा थिइन्, तर यस वर्ष उनी छैटो स्थानमा धकेलिएकी छिन्। ट्युडी 'महिला आवाज' समूहकी सदस्य पनि हुन्। ट्युडीले इङ्ल्यान्डका फुटबल खेलाडी एसले कोलसँग विवाह गरेकी छिन्। विवाहलगतै ओके□ म्यागजिनलाई दिएको एक अन्तर्वार्तामा उनले भनेकी थिइन्, 'मलाई अब चेली कोल नै भन्नुहोस्।'

### वियोन्स नोलेस

कामुक महिलाहरूको सूचीको

बाँकी पृष्ठ १४ मा



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समष्टिमा साता राम्रो छ। सुरुमा मान-सम्मान मिल्नेछ। धार्मिक कार्यमा रुचि, पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। व्यवसाय बढ्नुका साथै यात्रा पनि हुन सक्छ। सोच्ने शक्ति मजबुत हुनेछ भने आफन्तहरूको उचित सहयोग मिल्नेछ। स्वास्थ्यमा समस्या देखा पर्न सक्ने भएको हुँदा खानपानमा ध्यान दिनुहोला।

### वृष

खर्च, विवाद, गलत विचार एवं दुविधा बढ्न सक्छन्। कुरा काट्नेहरू सक्रिय रहनेछन्। झूटा आरोप पनि लाग्न सक्छ। स्वास्थ्यमा समस्या देखा पर्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। घरेलु समस्याले पनि सताउनेछ। आइतबारदेखि भने मान-सम्मान मिल्ने तथा भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। यात्रा हुन सक्छ।

### मिथुन

सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। यात्रा पनि हुन सक्छ। व्यवसायका साथै पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ। अध्ययनका लागि विदेश जाने अवसर मिल्नसक्छ। बौद्धिक कार्यमा सफलता प्राप्त हुनेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। शत्रुले पनि सताउन सक्छन्।

### कर्कट

अरूले तपाईंको प्रशंसा एवं सम्मान गर्नेछन्। सोच्ने शक्ति बढ्ने तथा धन आर्जन गर्ने अवसर मिल्नेछ। विद्यार्थीहरूका लागि समय अनुकूल रहनेछ। अरूको मन जित्न सकिनेछ। मंगलबारदेखि गलत विचार, खर्च एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। घरेलु समस्याका साथै शत्रुले सताउने सम्भावना पनि त्यत्तिकै छ।

### सिंह

समष्टिमा समय बलियो छ। आँटेका धेरै कुरा पूरा होलान्। धार्मिक कार्यमा रुचि बढ्नेछ। बोलीको प्रभाव, सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अध्ययनमा सफलता मिल्नेछ। भाग्यले पनि साथ दिनेछ। अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। मान-सम्मान पनि मिल्नेछ। धन आर्जन हुनसक्छ। अरूले तपाईंमाथि भरोसा गर्नेछन्। आफन्तहरूको सहयोग भने मिल्ने देखिँदैन।

### कन्या

स्वास्थ्य कमजोर एवं मन दुविधाग्रस्त रहनेछ। घरेलु समस्याले सताउने तथा खर्च एवं विवाद बढ्ने योग छ। झूटा आरोप पनि लाग्न सक्छ। आइतबारदेखि धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। मान-सम्मान मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने देखिन्छ। यात्रा हुनसक्छ।

### तुला

समय मिश्रित रहनेछ। सुरुमा मन प्रसन्न रहनुका साथै काममा रुचि बढ्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। यात्रा हुनसक्छ। व्यवसायमासोचेजस्तै लाभ मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। भाग्यले पनि साथ दिनेछ। आइतबार, सोमबार एवं मंगलबार स्वास्थ्यमा समस्या देखा पर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### वृश्चिक

शत्रु बढ्नेछन्। स्वास्थ्यमा समस्या उत्पन्न हुनसक्छ। दुविधा एवं लेनदेनमा विवाद बढ्नेछन्। घरेलु समस्याले सताउनेछ। कुरा काटनेहरू सक्रिय रहनेछन्। धनमाल हराउने सम्भावना छ। आइतबार तथा सोमबार प्रसन्नता बढ्नुका साथै यात्रा हुने योग छ। अध्ययनमा सफलता प्राप्त हुनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ।

### धनु

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै पराक्रम बढ्ने एवं अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने कुरालाई नकार्न सकिँदैन। व्यवसायमा सफलता प्राप्त हुनेछ। यात्रा तथा धन आर्जन गर्ने अवसर मिल्नेछ। अरूको विश्वास सजिलै जित्नसकिनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। शुत्रदेखि सजग रहनुहोला। गोपनियता अपनाउनुमै तपाईंको भलो छ।

### मकर

आफन्तहरूको उचित सहयोग मिल्नेछ। सोच्ने शक्ति बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पनि प्राप्त हुनेछ। यात्रा तथा व्यवसायमा लाभ देखिन्छ। शत्रु बढ्ने हुँदा गोपनियता अपनाउनुहोला। स्वास्थ्यमा समस्या उत्पन्न हुन सक्ने भएकाले खानपानमा ध्यान दिनुपर्ला। समयमा निर्णय नहुँदा घाटा बेहोर्नु पर्नेछ।

### कुम्भ

पराक्रम बढ्ने तथा अधुरा काम बन्ने एवं नयाँ काम प्राप्त हुने योग छ। मित्र तथा परिवारजनबाट उचित सहयोग मिल्नेछ। मन पनि प्रसन्न रहला। अध्ययनमा सफलता एवं मान-सम्मान प्राप्त हुनेछ। आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। ठूला व्यक्तिले सहयोग गर्नेछन् भने कुरा काटनेहरूले प्रशंसा गर्न थाल्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी पनि प्राप्त हुनेछ।

### मीन

बोलीको प्रभाव बढ्नेछ भने भोज-भतेरमा सामेल हुने अवसर मिल्नेछ। भेटघाटमा रमाउने बेला छ। धार्मिक कार्यमा रुचिका साथै पराक्रम पनि बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको उचित सहयोग तथा यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायमा सोचजस्तै लाभ हासिल हुनसक्छ। तपाईंको लगनशीलता एवं इमान्दारिताको सबैले प्रशंसा गर्नेछन्।

### यो साताको पञ्चाङ्ग

पुस १७ गते : अंग्रेजी नयाँ वर्ष प्रारम्भ, १९ गते : स्वस्थानी व्रत कथा प्रारम्भ





**सुखी विवाहित जीवनको लागि**
**सेवाको १३ वर्ष**
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
**पापुलर आयुर्वेद औषधालय**
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

**निशुल्क ब्युटिसियन तालिम**
रोजगारीको अवसर
एक प्रतिष्ठित पार्लरको लागि केही जनशक्ति आवश्यक परेको हुँदा ब्युटिसियन सिक्न इच्छुक महिलाहरूलाई तालिम पश्चात रोजगारको ग्यारेन्टी।
उद्यमी महिला ब्युटिसियन तालिम केन्द्र
बालाजु चोक (LWBTC PH. 4350762)
इण्डीफोर नयाँ पोनोको ग्यारेन्टीका साथ उपचार गरिन्छ :

# सन् २००६ का प्रमुख राजनैतिक घटना

## शान्ति सम्झौता

गत नोभेम्बर २१ मा नेपाल सरकार तथा विद्रोही माओवादीबीच ऐतिहासिक शान्ति सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ। यो सम्झौतामा नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला एवं माओवादीका तर्फबाट अध्यक्ष प्रचण्डले हस्ताक्षर गरेका छन्। यो सम्झौतापश्चात् नेपालमा विगत ११ वर्षदेखि जारी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सशस्त्र द्वन्द्व औपचारिक रूपमा समाप्त भएको छ। यसपछि नोभेम्बर २८ मा सेना र हतियारबारेमा पनि सरकार, माओवादी र संयुक्त राष्ट्रसंघबीच सम्झौता सम्पन्न भएको छ। यो सम्झौताअनुसार माओवादी सेना बराबरका नेपाली सेना र बराबरी हतियार क्रमशः शिविर र व्यारेकमा बन्द गर्ने निर्णय भएको छ। नेपालमा हतियार व्यवस्थापनको प्रक्रियामा संयुक्त राष्ट्रसंघले सहयोग पुऱ्याउनेछ। नेपालमा सन् १९९५ देखि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले तत्कालीन राज्य सत्ताको अन्त्य गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नका लागि सशस्त्र विद्रोह गर्दै आएको थियो। घटनाक्रमहरू विकसित हुँदै जाँदा सन् २००४ फेब्रुअरी १ का दिन नेपालका राजा ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएका थिए। तर उनको विरोधमा भएको जनआन्दोलनका कारण गत अप्रिल २५ मा उनले नेपालको प्रतिनिधिसभालाई पुनर्स्थापित गरेका थिए। पुनर्स्थापित प्रतिनिधिसभाले मे १८ मा राजाका सम्पूर्ण अधिकार कटौती गरेको थियो। हाल पनि माओवादीसहितका अन्य राजनैतिक दलहरूबीच विभिन्न सहमति भैरहेका छन् र अन्तरिम संविधान पनि लागू हुने क्रममा छ। आगामी मे महिनातिर संविधानसभाको निर्वाचन गर्ने कार्यक्रम दलहरूको छ। नेपालमा एउटा लामो सशस्त्र द्वन्द्व सहजताका साथ समाप्त भएका कारण यो वर्ष विश्व राजनीतिमा यसले निकै महत्त्व राखेको छ।

## स्थायी युद्धविराम

स्पेन र फ्रान्सको पश्चिम क्षेत्रमा छुट्टै राज्यको माग गर्दै आएका वास्क पृथक्तावादीहरूको सत्ताले ४० वर्ष लामो संघर्षपछि पृथक् राज्यको मागलाई त्यागेर स्पेन सरकारसँग २२ मार्चका दिन स्थायी युद्धविराम सम्झौता भएको घोषणा गऱ्यो। वास्क पृथक्तावादीहरू तथा सरकारबीचको संघर्षका दौरान करिब १ हजार मानिसको ज्यान गएको थियो।

## इराकमा निर्वाचित सरकार

इराकमा सद्दाम हुसेनको शासन पतन भएपछि सन् २००६ अप्रिल २२ का दिन स्थायी जननिर्वाचित सरकार गठन भयो। अमेरिकाको प्रत्यक्ष सहयोग एवं सैनिक बलमा भएको निर्वाचनले कुर्द नेता जलाल तालाबानीलाई नयाँ वैधानिक राष्ट्रपतिका रूपमा चयन गऱ्यो। त्यस्तै राष्ट्रपतिले सिया नेता नुरी भन्ने वाजेद अल मलिकीलाई इराकको नयाँ प्रधानमन्त्री पदमा अप्रिल २२ कै दिन नियुक्त गरे। यसअघि सन् २००५ को डिसेम्बर १५ मा इराकको २ सय ७५ सिट भएको संसदको निर्वाचन भएको थियो। उक्त निर्वाचनमा सिया गठबन्धनले बहुमत हासिल गऱ्यो भने सुन्नि र कुर्द समुदाय पनि बलियो स्थितिमा छन्। सुन्नि नेता महमुद अल माहदानी



संसदको सभामुख पदमा निर्वाचित भएका छन्।

## संकटग्रस्त क्षेत्र

सन् २००६ मा सुडानको डार्फुर क्षेत्रलाई संसारकै सबैभन्दा द्वन्द्व र संकटग्रस्त क्षेत्रका रूपमा पहिचान गरियो, तर संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय समुदायको दबाबमा डार्फुर क्षेत्रमा सशस्त्र विद्रोह गरिरहेका सबैभन्दा ठूलो समूह सुडानिज लिवरेसन मुभमेन्टले सन् २००६ मई ५ का दिन नाइजेरियाको राजधानी आबुजामा एक समारोहका बीच शान्ति सम्झौतामा हस्ताक्षर गरी युद्धविरामको घोषणा गऱ्यो। उक्त सम्झौतामा सुडान लिवरेसन आर्मी र जस्टिस एन्ड इक्वालिटी मुभमेन्ट समूहले स्वीकृति जनाएनन्, जसका कारण अहिले पनि त्यहाँ संघर्ष चलिरहेको छ। डार्फुर क्षेत्रमा सशस्त्र विद्रोहीहरू विभिन्न समूह र उपसमूहमा विभाजित भएर केन्द्रीय सरकारका विरुद्ध विगत तीन वर्षदेखि संघर्ष गरिरहेका छन्। उक्त संघर्षमा करिब १ लाख ९० हजारको ज्यान गैसकेको छ भने २५ लाख मानिस विस्थापित भएका छन्। त्यहाँ सरकारी सुरक्षाकर्मीकै संलग्नतामा गैरकानुनी सामूहिक हत्या एवं बलात्कारका अन्नगिन्ती घटना घटेको संयुक्त राष्ट्रसंघको अध्ययन-प्रतिवेदनको ठहर छ।

## थाइल्यान्डमा सैनिक कु

सन् २००६ सेप्टेम्बर १९ का दिन थाइल्यान्डको सेनाले नागरिक सरकारका विरुद्ध कु गरी प्रधानमन्त्री थाकसिन सिनावत्रालाई पदच्युत गऱ्यो। थाई सेनाले संविधानसमेत निलम्बन गरी सेप्टेम्बर २२ मा नयाँ विधायिकी अधिकार स्वयं ग्रहण गरेको घोषणा गऱ्यो। यसैगरी सेनाले अक्टोबर १ मा सुरामुद चलानोन्तलाई नयाँ अन्तरिम प्रधानमन्त्री नियुक्त गरेको छ। सेनाले थाकसिन सिनावत्राको सरकारलाई भङ्ग गरी शासनमा भएको सैनिक हस्तक्षेपमा थाई नरेश भूमिबोल अदुल्यादेजले सहमति जनाएका छन्।

## सैनिक विद्रोह

डिसेम्बर ५ तारिखमा फिजीको सेनाले नागरिक निर्वाचित सरकारका प्रधानमन्त्री लाइसेनिया करासेलाई पदच्युत गरी कार्यकारी अधिकार आफ्नो हातमा लिएको छ। फिजीको शासन सेनाप्रमुख भोरेक बाहनिमाराले लिएका छन् भने उनले निर्वाचित संसद्लाई समेत भङ्ग गर्दै देशमा संकटकाल लागू गरेका छन्। भोरेकले देशमा संकटकाल लागू गरी केही सुरक्षा तथा जेल प्रमुखलाई समेत पदबाट हटाएका छन्।

## अमेरिकी निर्वाचन

अमेरिकामा नेभेम्बर ७ मा अमेरिकी संसद्को तल्लो सदनको ४ सय ३५ स्थान र सिनेटको एकतिहाई सिटका लागि मध्यावधि चुनाव सम्पन्न भयो। यस निर्वाचनमा डेमोक्रेटिक पार्टीले रिपब्लिकन पार्टीलाई हराई तल्लो सदन अर्थात् हाउस अफ कमन्समा नियन्त्रण जमाउन सफल भएको छ। अमेरिकी संसद्को माथिल्लो सदनमा समेत डेमोक्रेटिकले नियन्त्रण जमाएपछि राष्ट्रपति बुसलाई झट्का मात्र लागेन, निर्वाचन परिणामका कारण बुसका दाहिने हात मानिने रक्षामन्त्री डोनाल्ड रम्सफेल्डले राजीनामा दिएका छन्। सन् १९९४ पछि डेमोक्रेटिक पार्टीले अमेरिकी कांग्रेसको दुवै सदनमा नियन्त्रण जमाएको छ। सिनेटमा दुवै दलले ४९-४९ सिट जिते पनि डेमोक्रेटिकले निर्दलीय पार्टीको समर्थन प्राप्त गरेकाले उसको सिट संख्या ५१ पुगेको छ।

## सद्दाम हुसेनलाई फाँसी

सन् २००६ नोभेम्बर ५ मा इराकको एक अदालतले तत्कालीन राष्ट्रपति तथा अमेरिकासँग युद्धनीति लिने बहुचर्चित व्यक्तित्व सद्दाम हुसेनलाई फाँसीको सजाय सुनायो। सद्दामलाई इराकको दुजैल मानव संहारकाण्डमा दोषी प्रमाणित गर्दै मानवताविरुद्धको अपराधका लागि मृत्युदण्डको फैसला सुनाइएको थियो। अदालतको उक्त फैसलाविरुद्ध सद्दामले गरेको अपिललाई अपिल अदालतले अस्वीकार गरेको छ। आगामी जनवरी २७ तारिखसम्ममा सद्दामलाई फासी दिइने छ।

## आणविक परीक्षण

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले अक्टोबर ९ मा पहिलो पटक परमाणु बमको सफल परीक्षण गरेको घोषणा गऱ्यो। उक्त परमाणु बम परीक्षण गर्दा कोरियाको उत्तरपूर्वी क्षेत्रमा ३ दशमलव ५८ रेक्टर स्केलको भूकम्प गएको दक्षिण कोरियाको गुप्तचर विभागले सरकारलाई जानकारी गराएको थियो। उक्त परमाणु बमको परीक्षण ३ सय ६० मिटर लामो सुरुङभित्र गरिएको थियो भने बमको क्षमता ५ सय ५० टीएनटी भएको उल्लेख छ। यो परमाणु बमको परीक्षणपछि जापान, अमेरिका, दक्षिण कोरियाका साथै संयुक्त राष्ट्रसंघले समेत अक्टोबर १४ मा उत्तर कोरियाविरुद्ध नाकाबन्दी लगाउने प्रस्ताव पारित गरेको छ।

## इरानको युरेनियम

इरानले सन् २००६ भरिमा ३ हजार सेन्ट्रीफ्युज युरेनियम उत्पादन गरिने जानकारीसँगै अप्रिल १२ का दिन पहिलो पटक औद्योगिक स्तरमा युरेनियम प्रशोधन गरेको घोषणा गरेपछि अन्तर्राष्ट्रिय जगत्मा व्यापक तनाव र विवाद उत्पन्न हुन पुग्यो। इरानले युरेनियम उत्पादन र त्यसको शान्तिपूर्ण प्रयोग आफ्नो सार्वभौम अधिकार भएको जानकारी संयुक्त राष्ट्रसंघको परमाणु ऊर्जा एजेन्सीलाई दिएको थियो। इरानको यो घोषणा र जानकारीपछि अमेरिका आक्रोशित भयो। अमेरिका र उसका युरोपीय सहयोगीले इरानले युरेनियमको उत्पादन र प्रशोधन गरी आणविक अस्त्र निर्माण गर्ने शंका व्यक्त गरेको छ भने इरानले युरेनियमको उत्पादन एवं प्रयोग शान्तिपूर्ण कार्यका लागि भएको र त्यसबाट बिजुली उत्पादन गरिने जानकारी गराएको छ।

## लेबनान-इजरायल युद्ध

लेबनान र इजरायलबीच सन् २००६ जुलाई १२ मा युद्ध सुरु भयो। लेबनानको दक्षिण भागमा रहि विद्रोह गर्ने हेजबुल्लाह समुहले युद्ध सुरु गरेको थियो। पछि यो युद्धमा सिंगो लेबनान होमिन पुग्यो।

युद्धको सुरुवात हजबुल्लाहले सीमापार आक्रमण गरेपछि भयो। आक्रमणमा दुई इजरायली सेना र अन्य तीन नागरिक मारिएका थिए। त्यसविरुद्ध इजरायलले प्रत्याक्रमण गऱ्यो। इजरायलले ७ हजार ठाउँमा लक्षित गरी युद्ध गऱ्यो। दक्षिणी लेबनानको भूमिमाथि इजरायली कब्जा भयो। हजबुल्लाहले पनि इजरायली स्थलसेनालाई भूल्याउन निकै आक्रमण गऱ्यो। आक्रमणमा हजारौं मारिए। मारिनेमा बढी लेबनानी परे। लेबनानका अर्बौंका संरचना ध्वस्त भए। दसौं लाख लेबनानी र पाँच लाख इजरायली नागरिक आफ्नो वासस्थान छाडेर अन्यत्र जान बाध्य भए। पूरै लेबनान र उत्तरी इजरायलका नागरिकको दैनिक जीवन अस्तव्यस्त भयो।

सन् २००६ अगस्त ११ मा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले प्रस्ताव नं. १७०१ पारित गऱ्यो। अगस्त १२ मा लेबनान सरकार तथा अगस्त १३ मा इजरायल सरकारले उक्त प्रस्ताव अनुमोदन गरे। इजरायली मन्त्रिपरिषद्मा उक्त प्रस्तावमा २५ मध्ये २४ मत पक्षमा पऱ्यो भने एक सदस्य अनुपस्थित रहे।

आवश्यकता
NGO को सहयोगमा सञ्चालित संस्थाका लागि गृहणी तथा विद्यार्थीले पार्टटाइम र अन्यलाई फुलटाइम जबको ग्यारेण्टी व्यवस्था गरिएको छ। इच्छुक व्यक्तिले तु सम्पर्क गर्नुहोला।
आवश्यकता संख्या योग्यता पारिश्रमिक
महिला साधारण
पुरुष साधारण
सुविधा: घरमै बसी काम गर्न सकिने छ।
निःशुल्क ब्युटीपार्लर सम्बन्धी ट्रेनिङको व्यवस्था।
सम्पर्क: गौशाला
शनिबार कार्यालय खुला रहनेछ।

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग अंग्रेजी भाषा बोल्न सिक्ने क्लासमा धमाधम भर्ना लिइदै छ, साथै Chinese, Spanish, Japanese, र French भाषा कक्षाहरु पनि सञ्चालन गरिदै छ।
याद रहोस् हाम्रा सबै ट्रेनरहरू अनुभवी र तालीमप्राप्त छन्।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576

तु - आवश्यकता
नेपाल सरकारबाट मान्यताप्राप्त संस्थालाई फुलटाईम तथा पार्ट टाईम जब (काम) गर्न चाहने थप कर्मचारीहरुको आवश्यकता ।
आवश्यक संख्या
१. पुरुष - १५ जना
२. महिला - १७ जना
३. आम्दानी - ९०००।-
सम्पर्क :
फोन : ०१-२००४४२८
मोबाईल : ९८०३२३९६०३
मीनभवन, काठमाण्डौं

ए बाबै... Computer, Language, Tuition, TOEFL / IELTS & Electrical Electronics मध्ये कुनै १ प्याकेज गरी
मात्र रु ६,६६६।- भुक्तानीमा
New P4 घरमै लैजानुस्
प्याकेज गर्न नचाहनेले पनि सम्पर्क राख्न सक्नुहुनेछ।
साथै केही कर्मचारी चाहियो।
दिनको १ घण्टा काम दिन्छौं, १०००-१०,००० दाम दिन्छौं।
Novel Net Education
वसुन्धारा चोक, ईशान नर्सिङ होम सँगै
01-2090049, 4373671

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Retail Price 750/-
स्तन टाइट/घटाउने - 1990/-
स्तन बढाउने क्रिम - 1650/-
उचाई बढाउने - 1250/-
चाउरीपना हटाउने क्रिम - 1050/-
ए. बि. क्विङ प्रो Special - 6800/-
मोटोपन घटाउने New Sauna Belt - 2400/-
दाद दुखाई/सुगर/ब्लडप्रेसर को लागि - 555/-
100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं भोटाहिटी (द्वारिका होटल अगाडि)
Tel.: 2110057, Mob.: 9841-330144
066-620412

# संविधानसभाको तयारी

सरकारले विद्रोही नेकपा (माओवादी) तथा सात राजनैतिक दल सम्मिलित सरकारबीच सम्पन्न ऐतिहासिक शान्ति–सम्झौतालाई टुंगोमा पुऱ्याउने पहिलो सर्तका रूपमा रहेको संविधानसभाको निर्वाचनका लागि आफ्नो तयारी प्रारम्भ गरेको छ । संविधानसभा निर्वाचनका लागि सरकारले आगामी माघ १ गतेदेखि मतदाताहरूको नामावली संकलन गर्ने तथा नागरिकता पाउनबाट वञ्चित व्यक्तिहरूलाई नागरिकता वितरण गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने भएको छ । यो अभियानका लागि नेकपा माओवादीले आफ्नो तर्फबाट हरियो झन्डा देखाएपछि सरकारले पनि यही पुस २५ गतेभित्र जनयुद्धका क्रममा विस्थापित भएका प्रहरीचौकी र गाउँ विकास समितिका सचिवहरूलाई आ–आफ्नो क्षेत्रमा पुनर्स्थापित गर्ने भएको छ । सरकारका यी निर्णयहरूले अबका दिनमा मुलुकको राजनैतिक गतिविधिमा थप तीव्रता आउने अनुमान गर्न सकिन्छ । अब राजनैतिक दलहरू आ–आफ्नो राजनैतिक विचारका पक्षमा बढीभन्दा बढी मतदान गराउन निकै सक्रिय हुनेछन् । माओवादी पक्षले पनि अब हतियारविनाको राजनीति गर्नुपर्दा आमजनतामा आफ्नो पक्षमा रहेको विश्वास र समर्थन केलाउने मौका पाउनेछन् । सबै किसिमका राजनैतिक विचारलाई आफ्नो घर–आँगनमा भेट्ने अवसर पाउने जनताका लागि अबका दिनहरू राजनैतिक रूपमा निर्णायक मानिनेछन् ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मन्त्रिपरिषद्को पछिल्लो बैठकमा आगामी जेठ महिनासम्ममा संविधानसभाको निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गरेपछि अचानक मुलुकको राजनीति संविधानसभाको निर्वाचनतर्फ मोडिएको हो । यसअघि नेकपा माओवादीले सरकारलाई चाडोभन्दा चाँडो संविधान सभा निर्वाचनको तिथि तोक्न र अन्तरिम संविधान जारी गर्न दबाब दिँदै आएका थिए, तर सरकारले माओवादी पक्षसँग रहेको हतियारको व्यवस्थापन नभएसम्म अन्तरिम संविधान जारी नहुने तथा माओवादीहरूलाई सरकारमा सामेल समेत नगरिने बताउँदै आएको छ । अहिले सरकारले संविधानसभा निर्वाचनका लागि तैयारी प्रारम्भ गरेपछि माओवादी पक्षसँग रहेको हतियार व्यवस्थापन एवं संविधानसभा निर्वाचनको तयारीसँगसँगै कार्यान्वयनमा जाने देखिएको छ । सरकारको कार्यतालिकाअनुसार हतियार व्यवस्थापन एवं संविधानसभा निर्वाचनको तयारीसँगसँगै गयो भने माओवादीहरूको सरकारमा सामेल हुने योजना अझ पछाडि सर्न सक्छ, किनभने हतियार व्यवस्थापन नभै सरकार अन्तरिम संविधान जारी गर्ने पक्षमा छैन भने माओवादीहरू पनि अन्तरिम संविधान जारी नभै सरकारमा सामेल हुन इच्छुक देखिएका छैनन् । अहिले सरकार संविधानसभाको निर्वाचनलाई आफ्नो पहिलो प्राथमिकताका रूपमा लिएर अगाडि बढिरहेको छ ।

यसबीच अहिलेको संक्रमणकालीन अवस्थाको फाइदा उठाउने प्रयास गरिरहेका केही जनविरोधी तत्त्वहरू पनि यही बेला सल्बलाउन थालेका छन् । यो साता सरकारमा सामेल एक प्रमुख राजनैतिक दल नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले आयोजना गरेको तराई बन्दका अवसरमा देखिएको हिंसात्मक गतिविधिलाई त्यस्तै तत्त्वको चलखेलका रूपमा हेर्नेहरू थुप्रै छन् । सरकारमा सामेल राजनैतिक दलले नै सडकमा उत्रेर सरकारको विरोध गर्नु भनेको आफैंमा लज्जास्पद कुरा हो । सरकारमा सामेल अन्य राजनैतिक दलसँग कुनै मुद्दामा बिमति छ भने पनि त्यसलाई वार्ताद्वारा नै समाधान गरिनुपर्छ । अहिलेको स्थितिमा सरकारमा सामेल राजनैतिक दलहरूमै विमति देखिने हो भने अहिलेको समयलाई आफ्नो राजनैतिक प्रभाव विस्तारका लागि गलत ढंगले प्रयोग गर्ने सम्भावना बढेर गएको छ । यही क्रममा कतिपय संगठनले देखाएको अतिवादी राजनीतिलाई पनि मुलुकको बृहत्तर हितको पक्षमा छ भन्ने आधार देखिँदैन । यस्तो स्थितिमा सरकारले पनि गम्भीर रूपमा आफ्ना काम–कारबाहीलाई अघि बढाउनुपर्ने देखिन्छ । खासगरी अन्तरिम संविधान लागू गर्ने मितिलाई सरकारले जतिसक्यो चाँडो नजिक ल्याउनुपर्छ । मुलुकको संक्रमणकालीन स्थितिलाई ध्यानमा राखेर माओवादी पक्षले पनि सरकारलाई यो क्रममा सहयोग गर्नुपर्छ । अहिलेको स्थितिमा माओवादी र सरकारमा सामेल कुनै पनि राजनैतिक दलमा देखा पर्ने अन्तर्विरोधको फाइदा प्रतिगमनकारीले उठाउन सक्ने सम्भावना आफ्नो ठाउँमा छँदैछ, तसर्थ सबै पक्षले मुलुकको बृहत्तर हितलाई ध्यानमा राखेर मात्र आ–आफ्नो राजनैतिक गतिविधि सञ्चालन गर्नुपर्छ ।

# क्रिसमस सन्देश



डा. डी.पी. भण्डारीसँग अन्तरंग

२५ डिसेम्बर अति नै पवित्र दिन । भर्जिन मेरी क्राइस्टकी आमा, कुमारी आमा । शारीरिक सम्भोगविना नै भगवान् जिजसको जन्म भएकाले उहाँको जन्म पनि एक अद्वितीय चमत्कारका रूपमा लिइन्छ । पिताको नाम हो जोजेफ, जो एक साधारण सिकर्मी थिए । क्राइस्ट जन्मेको रात भेडा गोठालाहरू खेतहरूमा रमाइरहेका थिए, बेथलहममा उदाएको तारालाई अनुसरण गर्दै तीन बुद्धिमान, सत्यद्रष्टाहरू नवजात शिशु जिजसको दर्शन गर्न हिंडेका थिए । आ-आफ्नो औकातले भ्याउने उपहार लिएर गएका थिए । शिशु जिजस मान्जेर (कोक्रो) मा थिए आमा मेरीको सन्निध्यमा । जन्मोत्सव मनाउन समाजभित्रका सम्पन्न भद्र-भलाद्मीहरू आएका थिएनन् । अति विपन्न, निरक्षर वर्गका प्रतिनिधिहरू आएका थिए । साम्यवादी पदावलीमा भन्ने हो भने उपेक्षित सर्वहाराहरू । तीन महाज्ञानी, थ्री वाइज म्यान अफ द इस्ट विशेष उपहार लिएर आउनु र ती निरक्षर गरिब सर्वहाराहरू शिशु जिजसको दर्शनका लागि आउनु, हर्षोत्सव मनाउन आउनुको प्रतीकात्मकताबारे अति धमिलो सम्झनाका आधारमा अहिले स्पष्ट रूपले केही पनि भन्न हिम्मत गर्न सक्दिन ।

आश्चर्य लाग्छ, केही खुलदुली पनि लाग्छ : अधिकांश अवसरहरूमा अधिकांश प्रकाशन र पत्रकारहरू सनसनीजनक विषयहरूमा लेखिदिन अनुरोध गर्छन्, तर बुद्धजयन्ती, कृष्णाष्टमी, विवाहपञ्चमी, क्राइस्ट जयन्ती, कविर, नानक, मीरा, मोहम्मद आदि पावन प्रतिमाहरूबारे लेखिदिने अनुरोध आजका दिनसम्म कहिले पनि आएन । भ्यालेन्टाइन डेबारे लेख्न अनुरोधहरू भने प्रतिवर्ष आइरहन्छन् । कारण मैले बताइरहनुपर्दैन, पाठकहरू स्वःस्फूर्ततः अभिज्ञान पाइहाल्छन् । तैपनि बात छेडिहालेपछि केही न केही भन्नैपर्ने हुन्छ । मानिस– नर र नारीहरू दुवै मूलतः एक सेक्सुयल एनिमल हो । त्यसपछि मात्र रासनल एनिमल वा इऱ्यासनल एमिमल होला । त्यसपछि इकोनमिक, कम्युनल, पोलिटिकल एनिमल होला । इतिहासको प्रदर्शनलाई हेर्दा मानिस मूलतः आध्यामिक प्राणी हो भन्ने प्रतिभा मसित छैन ।

अन्तरदृष्टि गहिरो छ, वक्रोक्ति-लिप्सा तीव्र छ भने कुनै असाधारण नारी वा पुरुषहरू भन्न सक्छन्– मानिस मूलतः एक आध्यात्मिक जन्तु हो, तर मानिसको देखिने सतही व्यवहार र उसको जन्मको स्रोतमाथि मनन गर्दा मानिस प्रथमतः सेक्सुयल, यौनवेष्टित पशु देखिन्छ । शैशवकालमा त्यही खेलाउँछ यौवनमा त्यसैबाट बढी आविष्ट हुन्छ र वार्धक्यमा पनि त्यसैबाट व्यथित हुन्छ । अनुभवीहरू भन्छन्– आर्यघाटमा के चाहिन्छ भनी आफन्तहरूले सोधिहाले भने बोल्न सक्नेहरूको बहुसंख्या पनि अचेतनतः त्यतै फर्कन चाहन्छ । केही प्रत्यक्षदर्शीहरूको वक्तव्यका आधारमा केही फ्रायडियन मनोवैज्ञानिक निष्कर्षका आधारमा म यस्तो कुटुसत्य भन्न विवश भएको छु ।

भ्यालेन्टाइन दिवसका बारेमा पूरा सत्य थाहा नभईकन नै पूरा उत्साहसित उत्सव मनाउने तयारी १५ दिन पहिलेदेखि नै चल्छ । गत केही वर्षहरूदेखि नेपाली युवायुवतीहरू पनि पूर्ण उन्मुक्त मनोदशामा, परम्परागत बन्धनहरूलाई त्याग्दै रसपूर्ण भएर भ्यालेन्टाइन डे मनाउँछन् । वास्तवमा त्यो उन्मुक्त दिवसको स्रोत कुनै लौकिक प्रेमीको मृत्यु वा जन्म दिवस नभएर एक महान् आध्यात्मिक सन्तको मृत्यु दिवस हो । करिब साढे सत्र सय वर्षपहिले सेन्ट भ्यालेन्टाइनले निरंकुश रोमन सम्राट् क्लाउडियसका सिपाहीहरूलाई पनि प्रेम गर्ने, विवाह गर्ने सल्लाह दिएको थियो । सम्राट्लाई त्यो सल्लाह वा आदेश सह्य भएन र उसले ठाडो आदेश दियो सन्त भ्यालेन्टाइन मार्ने । महान् सन्त मुस्कुराउँदै जीवन त्याग्छन् ।

वास्तविक क्रिस्चियन सन्त र क्राइष्टबीच अत्यन्त गहिरो सम्बन्ध हुन्छ । जिजसलाई सुलीमाथि चढायो, सेन्ट भ्यालेन्टाइनलाई सम्भवतः जिउँदै जलाइयो । रोमन सम्राट्हरूको यातना दिने तरिका अत्यन्त क्रूर र लोमहर्षक हुन्थ्यो, तर नेपाली संसारका संसारीहरूले पनि एक बलियो बहाना पाए भ्यालेन्टाइन डेमा भावनात्मक र शारीरिक रूपले रसपूर्ण भएर नृत्य गर्न, गीत गाउन, नगरकोट र नागार्जुनका उद्यानहरूमा विरेचित हुन । बहाना जे भए पनि उत्साहपूर्ण हुने कार्य आफैंमा एक स्वस्थ र जीवन विधायक कर्म हो । जहाँ आत्मविस्मृतिको अनुभूति हुन्छ, जहाँ आराध्यदेवको सम्झनामा प्रफुल्लता, करुणा र दयाको भावको प्रभुत्व हुन्छ त्यहाँको वायुमण्डल केही कालका लागि भए पनि सुवासपूर्ण हुन्छ, जीवनदायी हुन्छ । कुनै श्रेणीका उत्सवीहरू पनि नैराश्यभन्दा बढी आशाको सन्देश दिन्छन् ग्रहणशील दर्शकहरूलाई ।

जिजस यहुदी धर्ममा जन्मिनुभयो । नूतन सत्य प्रतिपादित गर्नुभयो । सत्यको प्रतिपादन र व्यवहार उहाँको मृत्युको कारण हुन पुग्यो । नयाँ सत्य, नयाँ विचार पचाउन लगभग इतिहासभरिका सबै शासकहरूलाई अति कठिन भएको देखिन्छ । सत्य द्रष्टा र सत्य वक्ताहरूको मृत्युको कारण अक्सर ती तानाशाहहरू नै हुन्छन् । पोन्टियस पाइलेट एक क्रूर हृदयहीन शासक थियो जेरुसेलमको । जिजसका वाणी र लोककल्याणकारी वचनहरू पाच्य भएनन् उसका लागि । उहाँकै एक शिष्य जुडासले पाइलेटलाई कुरा लगायो– जिजस यहुदी धर्मविरोधी कुरा प्रचार गरेर हिंडिरहेका छन्, एक अति सुन्दरी नगरबधूलाई आफ्नी शिष्या बनाएका छन् । शक्तिमादकतामा पाइलेटले जिजसलाई सूली लगाउन आदेश दियो । भगवान् क्राइस्टका अन्तिम वचन थिए- 'मलाई सुली लगाउनेहरू अज्ञानी हुन्, तिनीहरूलाई क्षमा गरिदिनु ।' जिजसको शरीर समाप्त हुन्छ । कथा भन्छ, मेरी मेग्डलिनले आफ्नो कपालले जिजसको खुट्टामा खसेको रगत पुछिन् । मेरी मेग्डलिन एक ख्यातिप्राप्त सुन्दरी थिइन्, एक नगर बधू थिइन् । एक दिन भगवान्का शरणमा परिन् र उहाँकी अत्यन्त समर्पित भक्तिनी भइन् । पछि यिनलाई क्यानोनाइज गरेर सेन्ट मेरी मेग्डलिनमा रूपान्तरित गरियो । सेन्ट मेरी मेग्डलिनको नाममा संसारभरि धेरै धार्मिक, सामाजिक र शैक्षिक संस्थाहरू छन् ।

एक ख्यातिप्राप्त गणिका एक महान् सन्तमा रूपान्तरित भएको यस्तो घटना मैले अर्को सुनेको छैन । क्राइस्टको धर्मको केन्द्रमा प्रेम छ– शत्रुप्रति पनि प्रेम । 'कसैले तिमीलाई एक गालामा चड्कन दियो भने अर्को गाला पनि थापिदेऊ' : संसारको ठूलो मानव-संख्या नतमस्तक भयो क्राइस्टको उदारता र करुणाको सामु । सेन्ट हेलेनाका आफ्ना अन्तिम दिनहरूमा इतिहासको महान् साम्राज्य विजेता नेपोलियन बोनापार्टका भावपूर्ण अभिव्यक्ति मलाई साह्रै मन पऱ्यो । मर्नुभन्दा केही दिनअघि मात्र नेपोलियन आफ्नो अंगरक्षक जनरल बर्नार्डलाई भन्छन्– 'बर्नार्ड, तिमीलाई थाहा छ, अलेक्ज्यान्डर महान्, जुलियस, सिजर, चार्लम्यान र मैले कति युद्ध गऱ्यौं, कति साम्राज्यहरू स्थापित गऱ्यौं । अहिले हामी संसारको मूल्यांकनमा कहाँ छौं । हाम्रा अनुयायी कोही पनि छैनन् तर जिजस क्राइस्टले कुनै साम्राज्य जित्नुभएन, कसैको कुभलो गर्नुभएन । सधैं प्रेम र सद्भावको सन्देश दिनुभयो, आफ्नो हत्या गर्नेहरूलाई पनि क्षमा गरिदिनुभयो । आज हाम्रो अनुयायी एक जना पनि छैन, उहाँका करोडौं अनुयायीहरू छन् । बर्नार्ड □ प्रेम र युद्धमा त्यति ठूलो चिरस्थायी फरक हुन्छ भन्ने सत्य बल्ल अहिले आएर थाहा पाएँ । यति भन्दाभन्दै नेपोलियनजस्तो कठेर सम्राट्का पनि नेत्रहरू रसाए ।

**पोष्ट बक्स नम्बर २९७४**



# नीति-नियम

आयु, धन, घरको बैगुण, मन्त्र, मैथुन, औषधी, दान, मान, अपमान आदि सबै विषयलाई अत्यन्त गोप्य राख्नुपर्छ, कसैसँग पनि व्यक्त गर्नु हुँदैन ।

धेरैभन्दा धेरै शास्त्र अध्ययन गरेर पनि अहंकार र धर्मप्रति अन्धभक्त हुनु राम्रो होइन । कुनै एक शास्त्र अध्ययन गरेर कुनै कार्यको निर्णय गर्नु हुँदैन– किनकि जति धेरै शास्त्र पढेर व्यवहार गर्न सक्यो उति नै लौकिक व्यवहारको ज्ञान हुन्छ । त्यसैले बुद्धिमान् मानिसले आलस्यरहित भएर धेरै शास्त्रको नित्य अभ्यास गर्नुपर्छ ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा



# चिठीपत्र

## भरियाहरूको न्यूनतम मापदण्ड

मालसामानको भारीलाई बोकेर एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम गर्ने व्यक्तिलाई भरिया भनिन्छ । भारी बोक्ने काम हेर्दा वा सुन्दा जति सजिलो लाग्छ त्यति सजिलो भने छैन । यातायात तथा विकासका पूर्वाधारको दृष्टिकोणले नेपाल ज्यादै पिछडिएको छ । यस्तो अवस्थामा स्थानीय स्तरमा रोजगारीको अवसर पर्याप्त नहुनु, वैकल्पिक आयआर्जनका स्रोतको अभाव, शिक्षा एवं सचेतनाको कमी लगायत सामान ढुवानीको उपयुक्त विकल्प नहुँदा मानिस आफै भारी बोक्ने पेसामा लाग्नु परेको स्थिति छ ।

भारी बोक्ने काम अन्य विभिन्न कामसँग पनि सम्बन्धित छ तर सरलताका लागि भरिया पेसालाई लामो तथा छोटो दूरीका गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यो पेसामा वयस्क तथा बालबालिका दुवै थरी व्यक्ति संलग्न भएको पाइन्छ । कामको प्रकृतिलाई हेर्ने हो भने यो बालबालिकाहरूलाई सुहाउँदो प्रकृतिको काम भने होइन । यद्यपि देशको सामाजिक, आर्थिक एवं राजनैतिक कारणले झन्डै ४६ हजार बालबालिकाले लामो तथा छोटो दूरीका भारी बोकेर आफ्नो जीवन यापन गरिरहेका छन् । वयस्क भरियाहरूको संख्या त यो भन्दा धेरै गुणा बढी रहेको अनुमान गरिन्छ । बाल तथा वयस्क भरिया दुवैका आ-आफ्ना समस्या छन् । केही समस्या फरक प्रकृतिका छन् भने केही समस्या उस्तै पनि छन् ।

नेपालमा बालश्रम नियमित र निषेधित गर्न बनेको ऐन २०५६ लाई दुई वर्ष अघिमात्र कार्यान्वयनमा ल्याइएको थियो । जसअनुसार १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि काममा लगाउन नहुने कुरा उल्लेख गरिएको छ भने कुनै पनि प्रतिष्ठानले १८ वर्ष मुनिका बालबालिकाहरूलाई निकृष्ट प्रकारका काममा लगाउन नहुने कुरा पनि त्यसमा उल्लेख छ । प्रतिष्ठान बाहेकका अनौपचारिक क्षेत्रमा काम गर्ने बालबालिकाहरूको सन्दर्भमा भने यो ऐन मौन छ । देशका बालबालिकाहरूले आर्थिक सामाजिक तथा राजनैतिक स्थितिका कारण काम नगरी आफ्नो हात-मुख जोर्न एवं परिवार पाल्न सक्ने अवस्था छैन । त्यसैले दीर्घकालीन वैकल्पिक उपायबिना आजैदेखि काम रोक्छौं भन्न सकिने स्थिति छैन । त्यसमा संलग्न बालबालिकाहरूकै भनाइलाई समेत कदर गर्दै काममा आइनसकेकाहरूलाई सकेसम्म कामबाट टाढै राख्ने उपाय अपनाउने तथा काममा आइसकेकाहरूलाई मर्यादित रूपमा स्थापित गर्नका लागि काम गर्ने स्थानहरूमा हुने सम्भावित समस्याहरूलाई निराकरण गर्दै, श्रम शोषणलाई घटाउँदै, काम गर्दागर्दै पनि आफ्नो विकासको अधिकारलाई सुनिश्चित गर्दै लानु आवश्यक देखिन्छ ।

न्यूनतम मापदण्डको अर्थ विस्तृत र व्यापक भए पनि भरिया तथा बालभरियाका सम्बन्धमा न्यूनतम मापदण्ड भन्नाले काम गर्ने ठाउँमा आर्थिक तथा सामाजिक वातावरण कस्तो हुनुपर्ने, कुन उमेरका बालबालिकाले भरियाको काम गर्न सक्ने, बढीमा कति तौलसम्मको भारी बोक्न सक्ने, कति टाढासम्म बोक्न हुने, कति वस्तु कति टाढासम्म बोके बापत कति ज्याला हुनुपर्ने, काम गर्दागर्दै दुर्घटना भए वा चोटपटक लागे काम लगाउनेबाट क्षतिपूर्ति के कसरी लिने, बीमाको व्यवस्था कसले कसरी गराउने, काम गर्ने ठाउँमा अन्य वयस्कहरूको भूमिका र सहयोग कस्तो हुनुपर्ने आदि प्रश्न नै प्रमुख रूपमा आउँछन् । काम गर्ने थलोमा एउटा निश्चित न्यूनतम मापदण्ड भए काम गर्ने भरिया तथा बालभरियाहरूले भोग्ने गरेका समस्या तथा अनिश्चितताहरूको समाधानमा सहयोग पुग्नेछ ।

भारी बोक्ने काममा भरिया तथा काम लगाउने रोजगारदाताबीच परस्पर मोलमोलाइ गरेर ज्याला तय गरिन्छ । यसबाट भारी पुऱ्याउनुपर्ने स्थानको दूरी थाहा नहुने, मुख्य स्थानको मात्र नामबाट ठाउँ तोक्ने चलनले वास्तविक स्थान त्यहाँभन्दा धेरै टाढा भएर वास्तविक मूल्य नपाउने भैरहेको गुनासो भरिया तथा बालभरियाहरूको छ । त्यस्तै चाहिनेभन्दा बढी मूल्यको माग भैरहेको गुनासो काममा लगाउनेहरूको छ । कुनै खास काम गरे बापत त्यसबाट पाउने न्यूनतम ज्याला उल्लेख भै सबैले थाहा पाए कुनै पनि व्यक्ति ठगिने डर हुँदैन । तौल, दूरीअनुसार ज्याला किटान भएमा, गाडीबाट लोड-अनलोड गर्दाको ज्यालामा समानता आउने भए सबैलाई प्रस्ट हुन्छ । यसबाट समान कामका लागि समान ज्यालाको व्यवस्थामासमेत सहयोग पुग्नेछ ।

**–सरोकार नेपाल, काठमाडौं**

# तीतो सत्य

-घृणा गर्नेलाई मायाँ गर जसले गर्दा उसले पनि मायाँ गर्न सिकोस् ।

-तिमी जति बलबान् भए पनि बुद्धिको सामु केही पनि लाग्दैन ।

-तिमी रूपको धमण्ड गर्छौ भने अन्धाहरूको बीचमा गएर बस ।

-बोल्नुभन्दा सुन्न सिक्नुपर्छ ।

**टीकाराम अर्याल**

-हामी त्यति मात्र गर्न सक्छौं, जति हाम्रो बुद्धि र दिमागले भ्याउँछ ।

-प्रेममा जति समर्पण सहन सकिन्छ त्यति नै त्याग सहन सकिँदैन ।

-ढाँट्नै नहुने कुरा रोग हो भने ढाँट्नै नहुने व्यक्ति डाक्टर ।

-विश्वास नै सबैभन्दा ठूलो कुरा हो, यसमै संसार अडेको हुन्छ ।

-प्रेमलाई कसैले पनि जित्न सक्दैन ।

**एस.बी.रोदन**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# वर्ष २००६ का चर्चित अनुहारहरू

**अंग्रेजी साप्ताहिक 'टाइम' ले यो वर्ष कुनै एक व्यक्तिलाई नभई समग्र रूपमा सबैलाई वर्ष व्यक्तिका रूपमा सम्मान गरेको छ। यसको अर्थ सम्पूर्ण नागरिक समाज यो सम्मानबाट विभूषित भएका छन्। यस कार्यमा टाइमलाई विभिन्न वेबसाइटले सहयोग गरेका छन्। अहिलेको संसारमा धेरै मानिसले धेरै मानिससँग विचार–विश्लेषण गर्न पाएका छन्। टाइमका अनुसार शक्ति थोरैबाट धेरैले खोसेको यो एउटा उदाहरण हो। उनीहरूले संसारलाई मात्र होइन, संसार बदलिने कुरालाई समेत बदलेका छन्। संसारमा भएका लाखौं मानिसको स–सानो योगदानको एकीकृत परिणामका रूपमा कुनै व्यक्तिविशेषका रूपमा भन्दा पनि समग्र मानव समुदायलाई यो सम्मानको घोषणा गरिएको हो। यो योगदानको एक हिस्सा तपाई पनि हुनुहुन्छ। त्यसैले टाइमले तपाईंलाई पनि वर्ष व्यक्तिका रूपमा चुनेको छ।**

**टाइमले यस प्रकारको सञ्जाल निर्माण गर्नमा विशेष योगदान भएका केही वेबसाइट तथा तिनका सञ्चालकहरूको उल्लेख पनि गरेको छ। यो कार्यमा युट्युब, माइस्पेस, विकिपिडियाजस्ता अनलाइन वेबसाइटहरूको विशेष योगदान रहेको पनि जनाइएको छ। टाइमले बर्सेनि समाचार र हाम्रो जीवनलाई राम्रो वा नराम्रो रूपमा प्रभाव पार्ने व्यक्तिहरूलाई वर्ष व्यक्तिका रूपमा छनौट गर्दै आएको छ। यो क्रम सन् १९२७ मा प्रारम्भ भएको हो। समय–समयमा यसले विवादास्पद व्यक्तिहरू छनौट गर्दा आलोचना पनि खेप्नुपरेको थियो। सन् १९३८ मा हिटलर र सन् १९७९ मा इरानका आयातोल्ला खोमेनीको छनौट हुँदा विवाद उत्पन्न भएको थियो।**

## युट्युब समूह

२८ वर्षीय स्टिभ चेन तथा २९ वर्षीय चाड हर्ले यो वर्ष चर्चाको शिखरमा रहे। उनीहरूले निर्माण गरेको वेबसाइटलाई गुगलले किन्यो। यसबाट उनीहरूले ठूलो रकम हात पारे। यो वेबसाइटको सहायताबाट भिडियोहरू डाउनलोड गरेर हेर्न सकिन्छ। चेनले नयाँ काम गर्ने चाहनाका कारण नै इलिनियोस युनिभर्सिटी छोडेका थिए। त्यसपछि उनी पेपल नामक कम्पनीमा काम गर्न थाले। चाड हर्ले पनि अमेरिकाको पेन्सिल्भेनियामा जन्मिएका थिए। उनले कम्प्युटर साइन्सको अध्ययन गरेका छन्। उनी पनि पेपलमा काम गर्न थाले। त्यहीं नै यी दुईको भेट भएको थियो। सन् २००५ को प्रारम्भतिर यी दुई र अर्को एक साथी जावेद करिमले एउटा नयाँ वेबसाइट निर्माण गर्ने विचार चियापसलमा चिया खाने क्रममा फुराएका थिए। आखिर त्यसले साकार रूप लियो र उनीहरूले युट्युब डटकमको निर्माण गरे, तर पछि करिम कम्प्युटरमा स्नातकोत्तर गर्न स्टानफोर्डतिर लागे। त्यसपछि उनको यो समूहमा नाम आउन छोड्यो र सबै काम स्टिभ तथा चाडले नै गरे।

## जर्ज डब्लु बुस

अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुस यो वर्ष निकै चर्चित रहे। विशेष गरी इराक नीतिका कारण उनी सधैं समाचारको विषय बनिरहे। अमेरिकाको नेतृत्वमा बहुराष्ट्रिय सेना इराकमा शान्ति कायम गर्ने कार्यमा संलग्न छ, तर त्यहाँ रक्तपात रोकिन सकेको छैन। यसका कारण अमेरिकाले इराकप्रति अपनाएको नीति गलत भएको आरोप पनि लागिरह्यो। वर्षको अन्त्यमा अमेरिकामा सम्पन्न निर्वाचनमा बुसको रिपब्लिकन पार्टीले पराजय बेहोर्नुपर्‍यो। यसलाई धेरैले इराक नीतिप्रतिको अमेरिकी जनमतका रूपमा लिए। आखिर यसकै कारण रक्षामन्त्री डोनाल्ड रम्सफेल्डले राजीनामा दिए।

जर्ज डब्लु बुसको पहिलो कार्यकाल २००१ जनवरी २० मा प्रारम्भ भएको थियो। पहिलो कार्यकालमा उनी अफगाननिस्तानबाट तालिवान सरकार हटाउन सफल भए भने इराकी राष्ट्रपति सद्दाम हुसेन पदच्युत भए। उनको दोस्रो कार्यकाल २००५ जनवरी २० मा प्रारम्भ भएको थियो। उनको यो कार्यकाल सन् २००८ मा सकिन्छ।

बुसले हार्वर्ड विश्वविद्यालयवाट वाणिज्य शास्त्रमा डिग्री हासिल गरेका छन्। प्रथम पटक राष्ट्रपति हुनुभन्दा अघि उनी टेक्सासको गभर्नर थिए। बुसले सन् १९७७ मा लाउरा बेल्चसँग विवाह गरेका थिए। उनीहरूका बार्वरा र जेन्ना नामका दुई जुम्ल्याहा छोरी छन्।

## ह्युगो चाभेज

सन् २००६ को डिसेम्बरमा सम्पन्न निर्वाचनमा भेनेजुयलामा ह्युगो चाभेज पुन राष्ट्रपति निर्वाचित भए। उक्त निर्वाचनमा उनले लगभग ६३ प्रतिशत मत प्राप्त गरेका थिए। यसअघि सन् २००४ को अगस्तमा भएको जनमत-संग्रहमा पनि उनी विजयी भएका थिए। चाभेज अमेरिकाविरोधी मानिन्छन्। उनी देशमा लोकप्रिय पनि छन् भन्ने कुरा त निर्वाचनले पनि देखायो। चाभेजले देशमा धेरै सुधार पनि गरेका छन्। भेनेजुयलामा कुल गार्हस्थ्य उत्पादनको एकतिहाई भाग पेट्रोलियम पदार्थबाट प्राप्त हुन्छ र यो विश्वको चौथो ठूलो तेल भण्डार हो। चाभेजले सन् १९९८ मा राष्ट्रपति भएपछि सिंगो भेनेजुयला दुई ध्रुवमा बाँडिएको छ, अमेरिका समर्थक र विरोधीका रूपमा। चाभेजले अमेरिकाविरोधी जनमतको नेतृत्व गरेका छन्।

## अल गोर

अल गोर अमेरिकामा बिल क्लिन्टनको शासनकालमा सन् १९९३ देखि २००१ सम्म उपराष्ट्रपति थिए। सन् २००० को निर्वाचनमा उनी डेमोक्रयाटिक पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार बनेका थिए। गोरले यो वर्ष विशेष गरी विश्वव्यापी ऊष्णतासम्बन्धी जनचेतना फैलाउने अभियान नै चलाए र लोकप्रिय पनि भए। आगामी सन् २००८ मा हुने राष्ट्रपति निर्वाचनमा उनी पुनः उम्मेदवार हुने हल्ला चलेको थियो, तर उनले यसमा अस्वीकृति जनाइसकेका छन्। गोर तल्लो तहका डेमाक्र्याटहरूमा पनि निकै लोकप्रिय छन् भन्ने कुरा गत मेमा गरिएको सर्वेक्षणमा देखिएको थियो। उनले यसमा ६८ प्रतिशत मत प्राप्त गरेका थिए। अगस्टमा गरिएको सर्वेक्षणमा ४८ प्रतिशत अमेरिकीले गोरलाई आगामी राष्ट्रपतिका रूपमा हेर्न चाहेको देखिएको थियो।

## नेन्सी पेलोसी

डिसेम्बरमा अमेरिकामा भएको निर्वाचनबाट नेन्सी पेलोसीको व्यक्तित्व एकाएक चुलियो। नेन्सी सम्बद्ध डेमोक्र्याटिक पार्टीले निर्वाचनमा विजय प्राप्त गर्‍यो र उनी त्यहाँको हाउस अफ रिप्रिजेन्टेटिभको सभामुखका रूपमा देखा परिन्। अमेरिकाको इतिहासमा उनी यो पदमा पुग्ने प्रथम महिला पनि हुन्। सदनमा राष्ट्रपति बुसका विरोधीहरूको बाहुल्यता भएका कारण पनि उनको कार्यकाललाई महत्त्वपूर्ण मानिनेछ। कतिपयले उनलाई भावी अमेरिकी राष्ट्रपतिका रूपमा पनि हेरेका छन्।

## मोहम्मद अहमदिनेजाद

अहमदिनेजाद इरानका राष्ट्रपति हुन्। उनी सन् २००५



जूनदेखि राष्ट्रपतिका रूपमा कार्यरत छन्। यसभन्दा अघि उनी तेहरानका मेयर थिए। राष्ट्रपतिको निर्वाचनमा अप्रत्याशित रूपमा विजयी भएपछि मात्र उनी परिचित भए। अहमदिनेजाद इजरायललाई संसारको नक्साबाट हटाउनुपर्ने र आफ्नो देशको आणविक कार्यक्रमलाई सुचारु गर्ने विचार व्यक्त गरेर अझ चर्चित बने। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले समेत नाकाबन्दी लगाउने धम्की दिँदा पनि उनी विचलित भएनन्। आफ्नो देशको आणविक कार्यक्रमलाई नरोक्ने कुरामा उनी दृढ छन्। यस विषयमा उनले अमेरिकी राष्ट्रपति बुसलाई पठाएको चिठी पनि चर्चित रह्यो। सन् १९५६ मा जन्मिएका अहमदिनेजादले तेहरान युनिभर्सिटीबाट विज्ञानमा विद्यावारिधि गरेका छन्।

## कोन्डोलिजा राइस

कोन्डोलिजा राइस हाल अमेरिकी विदेशमन्त्रीका रूपमा कार्यरत छिन्। उनी जनवरी २६ सन् २००५ देखि यो पदमा कार्यरत छिन्। राइस यो पदमा पुग्ने पहिलो अफ्रिकी मूलकी अमेरिकन तथा दोस्रो अमेरिकी महिला हुन्। मन्त्री हुनुअघि राइस बुसकै राष्ट्रिय सुरक्षा सल्लाहकार थिइन्। सन् २००४ र २००५ मा फोर्ब्स पत्रिकाले उनलाई संसारको सबैभन्दा शक्तिशाली महिलाका रूपमा छनौट गरेको थियो। सन् २००६ मा उनलाई दोस्रो नम्बरमा राखिएको छ। राइसले विदेशमन्त्री भएकै समयमा इरान, उत्तर कोरिया आदि मामिला सुल्झाउन निकै प्रयास गरेकी छिन्। महिला भएको र अमेरिकी राजनीतिमा महत्त्वपूर्ण भूमिका खेलेका कारण आगामी राष्ट्रपति निर्वाचनमा उनी पनि सशक्त प्रतिद्वन्द्वीका रूपमा उभिने अनुमान गर्नेहरू पनि धेरै छन्।

## किम जोङ इल

किम जोङ इल उत्तर कोरियाका राष्ट्रपति हुन्। उनी यो पदमा सन् १९९४ देखि कार्यरत छन्। यो वर्षको अक्टोबरमा उत्तर कोरियाले अज्ञात स्थलमा पहिलो आणविक परीक्षण गरेको घोषणा गर्‍यो। यसबाट उक्त क्षेत्रको शान्ति खलबलिने विचार व्यक्त गर्दै दक्षिण कोरिया र अमेरिकाले त्यसको विरोध गरे, तर उत्तर कोरिया आफ्नो विचारबाट डेग चलेन। आफ्नो सुरक्षाका लागि मात्र यो कार्य गरेको भन्ने उनको प्रतिक्रिया छ। स्वर्गीय राष्ट्रपति किम इल सुङका सुपुत्र किम जोङ इल देशभित्र निकै लोकप्रिय मानिन्छन्।

## सद्दाम हुसेन

सन् २००६ भरि नै इराकी राष्ट्रपति सद्दाम हुसेन चर्चित रहे। उनका विरुद्ध मुद्दाको सुनुवाई भैरहेको अदालतमा उनी राष्ट्रपतिकै हैसियतमा बोलेको कुरा उनले बारम्बार उठाइरहे। अमेरिकाले पनि उनलाई जसरी पनि कारबाही हुनुपर्ने विचार राखिरह्यो। अन्त्यमा अदालतले उनलाई मृत्युदण्डको फैसला सुनायो। हाल यो मुद्दा पुनरावेदनका क्रममा छ र फैसला सदर हुन्छ कि हुँदैन, अनुमान गर्न गाह्रो छ। यो मुद्दाले नै उनको भविष्य निर्धारण गर्नेछ र इराकको भविष्य पनि केही हदसम्म यही मुद्दासँग जोडिएको छ।

## मुहम्मद युनुस

यस वर्षको नोवेल शान्ति पुरस्कार बंगलादेशका प्रसिद्ध अर्थशास्त्री मुहम्मद युनुस एवं उनकै अवधारणाबाट स्थापित भएको ग्रामीण विकास बैङ्कलाई दिइयो। उक्त पुरस्कार ग्रामीण लघु ऋण कार्यक्रमका प्रवर्तक मुहम्मद युनुस तथा उहाँको बैङ्कलाई आधा-आधा दिने निर्णय स्वीडिस एकेडेमीले गरेको छ। मुहम्मद युनुस सन् १९४० मा जन्मिएका थिए।

## बान कि मुन

संयुक्त राष्ट्रसंघको आठौं महासचिवका रूपमा दक्षिण कोरियाका कूटनीतिज्ञ तथा पूर्वपरराष्ट्रमन्त्री बान कि मुनको चयन गर्न सुरक्षा परिषद्ले महासभासमक्ष अक्टोबर ९ का दिन सिफारिस गर्‍यो। १३ अक्टोबरमा महासभाले उनलाई महासभाका १ सय ९२ सदस्यको चुनावी मतबाट अगामी ५ वर्षे कार्यकालका लागि अनुमोदन गरेको थियो। सन् २००६ को जनवरी १ देखि बान कि मुनले पदमा रहँदा वार्षिक २ लाख २७ हजार २ सय ५३ डलर तलब पाउनेछन्। ६२ वर्षीय मुनले सुरक्षा परिषद्मा चार पटकसम्म मतदान हुँदा प्रथम स्थान हासिल गरेका थिए।

## अनुसेह अन्सारी

सन् २००६ मा विश्वको इतिहासमा अमेरिकी अर्बपति तथा व्यापारी अनुसेह अन्सारीले पहिलो महिला अन्तरिक्ष पर्यटक बन्ने सौभाग्य प्राप्त गरिन्। उनी कजाखस्तानको बैकानुर अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट १८ सेप्टेम्बरमा अन्तरिक्ष पर्यटनमा गएकी थिइन् भने २९ सेप्टेम्बरमा अन्तरिक्षबाट पृथ्वीमा फर्किएकी थिइन्। यसका लागि उनले २ करोड ५० लाख डलर खर्च गरेकी थिइन्। अनुसेह ४० वर्षकी छिन्। उनले सोयुज टी एमए ९ अन्तरिक्ष यानको क्याप्सुलमा पृथ्वीभन्दा ३ सय ५४ किलोमिटर माथि अन्तर्राष्ट्रिय अन्तरिक्षकेन्द्रमा पुगेर पर्यटनको मज्जा लिइन्।

## सिन्जो आबे

सेप्टेम्बर २६ मा जापानको संसद्ले ५२ वर्षीय सिन्जो आबेलाई नयाँ प्रधानमन्त्री पदमा निर्वाचित गर्‍यो। जापानी संसद्को तल्लो सदनका ४ सय ७६ सांसदमध्ये ३ सय ३९ जनाले आवेलाई प्रधानमन्त्री बनाउन मत दिएका थिए। दोस्रो विश्वयुद्धपछि जन्मिएका तथा लिवरल डेमोक्रेटिक पार्टीका नेता आबे इतिहासमा अहिलेसम्मकै सबैभन्दा कम उमेरमा प्रधानमन्त्री बन्ने भाग्यमानी व्यक्ति हुन्।

## हु जिन्ताओ

चिनियाँ राष्ट्रपति हु जिन्ताओ पनि यो वर्ष निकै चर्चित रहे। सन् २००२ मा पार्टी नेतृत्वमा पुगेपछि उनले सन् २००३ देखि चिनियाँ राष्ट्रपतिको पद सम्हाल्दै आएका छन्। ताइवान र तिब्बतका बारेमा विभिन्न विवाद हुँदाहुँदै पनि उनले कुशलतापूर्वक देशलाई अघि बढाइरहेका छन्। उनकै नेतृत्वको सफलताका कारण चीनको विकास दर पनि बढिरहेको छ। चिनियाँ राष्ट्रपति हु जिन्ताओले साम्यवादी विचारलाई कुशलतापुर्वक पूँजीवादी ढाँचामा अघि बढाइरहेको मानिन्छ।

## फिडेल क्यास्ट्रो

क्युबाका राष्ट्रपति फिडेल क्यास्ट्रोले गत जुलाई ३१ का दिन आफ्नो सत्ता आफ्ना भाइ राउल क्यास्ट्रोलाई हस्तान्तरण गरे। उनको स्वास्थ्यमा खराबी आएका कारण यसो गरिएको भनिए पनि कस्तो किसिमको खराबी भन्ने कुरा स्पष्ट गरिएन, त्यसैले विभिन्न अनुमानको खेती पनि भयो। कतिपयले त क्यास्ट्रोको मृत्यु भएको र यसलाई गोप्य राखिएको समेत भने, तर ती सबै हल्लामै सीमित रहे। पछि गएर क्यास्ट्रोले स्वास्थ्य लाभ गरिरहेको र केही समयका लागि कामचलाउ रूपमा मात्र सत्ता हस्तान्तरण गरिएको स्पष्ट भयो। अमेरिकासँग टक्कर लिने र कम्युनिस्ट मुलुकका नेता भएका कारण पनि क्यास्ट्रो सम्बन्धी घटनाहरूले निकै महत्त्व पाउँछन्।

## टोनी ब्लेयर

अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसको सहयोगीका रूपमा बेलायती प्रधानमन्त्री टोनी ब्लेयर सधैं सक्रिय रहे। खासगरी इराकमा भैरहेका प्रत्येक घटनाको निर्माणमा उनको साथ थियो। पछिल्लो समयमा इराकसम्बन्धी नीति गलत थियो भन्ने कुरा सर्वत्र सुनिन थालेको छ। अमेरिकामा त यसकै प्रभावका रूपमा त्यहाँ भएको मध्यावधि निर्वाचनमा बुसको दलले पराजय बेहोरिसकेको छ। स्वयं बेलायतमा पनि ब्लेयरको विरोधको क्रम सुरु भएको छ। ब्लेयरमाथि राजीनामा दिने दबाबसमेत परिरहेको छ।

Learn English
Own course books, audio-visual, self-practice lab
TOEFL/IELTS Preps.
Chinese, Japanese, German, French, Spanish languages
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Language Books/Cassettes/CDs Sold here. OLC, 4-247897

होटल तालिम
५ तारे होटलमा पठाइने व्यवस्था सहित होटल तालिम खुल्यो।
कुक, वेटर, हाउस किपिङ्ग, सेक्युरिटी गार्ड, केयर गिभर आदि
80% छुट
⇨ ५ तारे होटलका सेफहरूद्वारा तालिम दिइने।
⇨ Typical अन्तर्राष्ट्रिय परिकारहरू सिकाइने।
मयुर होटल ट्रेनिङ्ग सेन्टर
फोन : ४४६१७१७
चाबहिल, बौद्ध जाने बाटो

होटल तालिम
कुक, बेकरी, वेटर, हाउस किपिङ्ग, केयर गिभर, बारमेन आदि
80% छुट
विदेशी सिस्टमको किचेनमा तालिम दिइने।
५ तारे होटलका सेफहरूद्वारा तालिम दिइने।
Theory तथा Practical सँग-सँगै गराइने
होटल तालिम पछि तारे होटलहरूमा पठाउने व्यवस्था
बेस्मेटिक होटल ट्रेनिङ्ग सेन्टर
फोन : ५५५३३६६
पुल्चोक दमकल अफिस संगै

# इन्फोटेकका उल्लेखनीय घटना

## जिमेलको घोषणा

गुगलले यसै वर्षको मार्च महिनामा आफनो नयाँ मेलबक्सको



घोषणा गऱ्यो । यो मेलबक्सले इन्टरनेट र मेलबक्सको इतिहासमै नयाँ कीर्तिमान कायम गऱ्यो । यसले प्रयोगकर्ताहरूलाई त्यति बेला अचम्भित तुल्यायो जब यसले आफ्नो मेलबक्सको साइज १०० एमबीबाट २ जीबी गऱ्यो तथा १० एमबीसम्मको फाइल एट्याच गर्न सक्ने बनायो ।

भाइरस आतङ्क

यो वर्षको प्रारम्भमै माइडूम भाइरसले आतंक सिर्जना गऱ्यो । अहिलेसम्मकै सबैभन्दा छिटो फैलिने यो भाइरसले प्रायः इमेल खाताको इन्बक्स खोज्ने र त्यसको एक्सेसको गति नै कम गर्दै जान थाल्यो । विश्वभरिकै प्रायःजसो वेबसाइटको रेस्पोन्स टाइम (एउटा वेबसाइट खोल्न तथा एक्सेस गर्न लाग्ने टाइम) झन्डै ५० प्रतिशतले घटाएर यो भाइरस घातक सिद्ध भएको थियो । त्यसका कारण इन्टरनेटको ब्याकवोन नै धराशायी हुने हो कि भनेर भय पनि उत्पन्न भयो, तर मार्चको अन्तिममा अमेरिकी एन्टिभाइरस कम्पनीले ४० वटा विभिन्न होम पेजको तथ्याङ्क संकलन गरी तत्कालीन अवस्थाका लागि यसको समाधान निकाल्यो, तर अझै यसको पूर्ण समाधान हुन सकेको छैन ।

## आखिर हल्ला मात्रै रहेछ

सन् २००५ को अन्त्यातिर माइक्रोसफ्ट कम्पनीको विन्डोज अपरेटिङ सिस्टमको सोर्स कोड नै चोरी भएको समाचारले ठूलो चर्चा पाएको थियो । उक्त समाचारसँगै धेरैले अब यो कम्पनीको एकलौटी व्यवसाय चौपट हुने र विन्डोज सिस्टमकै अस्तित्वमाथि खतरा हुने भयो भनेर अनुमानसमेत गरे, तर फेब्रुवरी महिनामा आएर माइक्रोसफ्ट कम्पनीले आधिकारिक तबरबाटै ती सम्पूर्ण कुरा गलत भएको जनायो । उक्त कम्पनीले विन्डोज अपरेटिङ सिस्टम (विशेष गरेर विन्डोज एन.टी. तथा २०००) का केही भागको सोर्स कोड भने इन्टरनेटमा पोस्ट गरिएको कुरा भने स्वीकार गऱ्यो ।

## सोनीको धमाका

डाटा आदानप्रदान गर्ने काममा



देखिएको समस्यालाई निकास दिन यसै वर्षको मे महिनामा जापानको सोनी कम्प्युटर साइन्स ल्याबरेटोरिज आफ्ना कम्प्युटरमा भएका कुनै फाइल वा नोटलाई अर्को कम्प्युटरमा टेबलमा भएको कुनै वस्तु उठाएर दिएजस्तै तुरुन्तै सार्न सकिने अपत्यारिलो र काल्पनिक सोचलाई वास्तविकतामा ल्याउने काममा जुट्यो । पीसी सफ्टवेयरमा विद्यमान ड्र्याग एन्ड ड्रप प्रविधिलाई विस्तार गरी समूहले नयाँ पिक एन्ड ड्रप प्रविधिको विकास गरिरहेको छ ।

## ऐतिहासिक सम्झौता

यसै वर्षको अप्रिलमा माइक्रोसफ्ट कम्पनी तथा जाभा प्रविधिका सूत्रधार माइक्रोसिस्टमका बीच १ खर्ब ६० अर्ब डलरको ऐतिहासिक सम्झौता भयो । यी दुई ठूला कम्पनीहरूका बीचमा लामो समयदेखि नै सन् माइक्रोसिस्टमको जाभा प्रतिभाको प्रयोग तथा त्यसको स्वामित्वलाई लिएर विवाद चलिआएको थियो । यसैगरी यही महिना विश्वविख्यात म्याक्रोमिडिया कम्पनीलाई एडोबले किनेको समाचारले पनि तहल्का मच्चायो ।

## ओराकलको विजय

यसै वर्षको सेप्टेम्बरमा संसारकै सबैभन्दा ठूलो डाटाबेस कम्पनी ओराकलले खुसीको खबर पायो । ओराकलले सूत्रपात गरेको ERP (enterprise resource planning) लाई अमेरिकी डिपार्टमेन्ट अफ जस्टिसले विरोध गरेको थियो । अन्ततः फैसला ओराकलको पक्षमा गयो ।

## इन्टरनेटमा चाप

यो वर्षको अक्टोबर महिना इन्टरनेटमा हालसम्मकै सबैभन्दा बढी चाप भएको महिना सावित भयो । अमेरिकामा भएको राष्ट्रपतिको चुनावमा पोलिङदेखि लिएर सबै गतिविधि वेबसाइटमा राखिएको हुनाले इन्टरनेटको ट्राफिकले नौलो गति कायम गरेको थियो ।

## नयाँ थ्रीडी मोनिटर

नांगो आँखाले नै कम्प्युटरमा



थ्रीडीको अनुभव सँगाल्न सकिने भएको छ । अमेरिकाको सार्प कम्पनीले थ्रीडी क्रान्तिको आशा गर्दै नयाँ फ्ल्याट-प्यानलको एलसीडी कम्प्युटर मोनिटरलाई यसै वर्ष बजारमा ल्यायो ।

## कसले बाजी जित्ने

यसै वर्षको जून र जुलाई महिनामा नयाँ प्रविधि तथा नयाँ संस्करण निकाल्ने एक प्रकारले होड नै चल्यो । एकातिर एक्सपी ले नयाँ अपडेट निकाल्यो भने अर्कातिर आइबीएम्ले सोनीको मेनफ्रेम कम्प्युटरलाई चुनौती दिँदै सुपर कम्प्युटरको घोषणा गऱ्यो ।

आईबीएम कम्पनीले केही नयाँ सर्भरको विमोचन पनि गऱ्यो । आईबीएमको पावर चिप्सबाट बनेको युनिक्स तथा लिनक्स् अपरेटिङ सिस्टममा आधारित सर्भरहरूमा माइक्रो-पार्टिसनिङ प्रविधि प्रयोग गरिएको छ । नयाँ ई-सर्भर पी-फाइभ सिस्टमले प्रोसेसिङ, वेब स्पीड, जाभा प्रदर्शन तथा अरू व्यापारिक एप्लिकेसनमा अनपेक्षित रूपमा द्रुत गतिमा काम गर्छ । यसै महिना आईबीएम कम्पनीसँग अमेरिकी रक्षा विभागले सुपर कम्प्युटर बनाउन सम्झौता गऱ्यो । आईबीएमका अनुसार त्यो अहिलेसम्मको सबैभन्दा ठूलो लिनक्समा आधारित सुपर कम्प्युटर हुनेछ ।

## नयाँ ब्राउजर

नेटस्केप कम्युनिकेसनले नेटस्केप ब्राउजर ७ दशमलव २ का रूपमा नयाँ संस्करण बजारमा ल्यायो । अहिलेको नयाँ संस्करण अघिल्लो वर्षको मोजिला १ दशमलव ७ मा आधारित भए पनि नेटस्केपको नयाँ भर्सनमा केही सुधार छ । यसमा नेटस्केप ७ दशमलव २ विन्डोज, एप्पलको म्याक ओएस एक्स तथा लिनक्स अपरेटिङ सिस्टममा चलाउन सकिन्छ ।

## एप्पलको नयाँ आइम्याक

एप्पल कम्पनीले पनि नयाँ आईम्याक कम्प्युटरलाई बजारमा ल्यायो । जसमा सबै डिस्क ड्राइभ तथा प्रोसेसरहरूलाई दुई इन्चभन्दा



सानो फ्ल्याट डिस्प्लेमा जोडिएको छ । गत सेप्टेम्बर महिनादेखि बजारमा आएको एप्पल कम्पनीको यो नयाँ आईम्याक कम्प्युटर दुई संस्करणमा उपलब्ध छ ।

## एसएमएसमा उपन्यास

चिनियाँ लेखक क्वान फुचांगले आफ्नो उपन्यासलाई स-सानो टुक्रामा छुट्याएर टेक्स्ट म्यासेजको स्वरूपमा ढालेर तहल्का मच्चाए । कल्ड आउटसाइड द फोरट्रेस शीषर्कको गैरवैवाहिक तथा अवैधानिक प्रेम-यौन सम्बन्धलाई विषय बनाइएको उक्त एसएमएस उपन्यास १ लाख ८० हजार युएन (११ हजार १ सय पाउन्ड) मा बेचिएको थियो ।

## माइक्रोसफ्टको नयाँ विन्डो

माइक्रोसफ्टले विन्डोज एक्सपी अपरेटिङ सिस्टमको मुख्य अपडेट यसै वर्ष अपेक्षित समयभन्दा दुई महिनापछि, अगस्टदेखि उपलब्ध



गरायो । सर्भिस प्याक टु नाम दिइएको नयाँ अपडेटले अपरेटिङ सिस्टमलाई बढी सुरक्षित बनाउने छ । यसमा बग फिक्स र अरू अपडेटहरूलाई राम्रोसँग मिलाइएको र अन्य नयाँ विशेषतासहित महत्त्वपूर्ण परिवर्तनहरू पनि गरिएको थियो ।

## कुरा साइवर सेक्सको

वर्ष २००६ लाई अरूभन्दा पनि डिसेम्बर महिनाको घटनाक्रमले भने पक्कै चिनाउँछ । यो महिना विश्वभरि नै खास गरेर



भारतमा सेक्स स्क्यान्डलहरू भए । कतै मोबाइल फोनमा उपलब्ध क्यामेराको दुरुपयोग त कतै वेबसाइटमा अश्लील सामग्री । केही दिनअघि मात्रै भारतीय वेबसाइट बाजी डटकमका चिफ एक्जिक्युटिभ अफिसर अमेरिकी नागरिक अवनिश बजाजलाई प्रविधिको दुरुपयोगका कारण भारतीय प्रहरीले पक्राउ गऱ्यो ।

## केही अनौठा घटना

### नोकियाको फोनमा पनि भाइरस हमला

नोकियाको ७६१० मोडलको मोबाइल फोनमा खतरनाक भाइरस लागेर सबैलाई चिन्तामा पारिदियो । मोबाइल फोनको वाल पेपरको नाममा आउने उक्त फाइलले फोनको कन्ट्याक्ट एड्रेस, क्यालेन्डर तथा नेटवर्क परिचय नै समाप्त गरिदिन्छ । यो मुख्यतः नोकियाको रिङ टोन डाउनलोड गर्ने वेबसाइटहरूबाट आएको अनुमान गरिएको छ ।

### असुरक्षित इमेलको वर्ष

बिल गेट्सले मेल पठाएको जस्तो नाटक गर्दै बिलगेट्स एट माइक्रोसफ्ट डटकम ठेगानाबाट अरूलाई झुक्याउने इमेल हामी पटक-पटक देखिरहन्छौं । अरूलाई मूर्ख बनाउन, आफ्नो विज्ञापनले भरिएका मेल युजरहरूले हेर्दै नहेरी नमेटून् वा त्यसलाई पढून् भनेर यस्तो गरिन्छ, तर यस्ता जंक मेल पठाएको आरोप भने वास्तविक दोषी स्प्यामरमाथि नभै बिल गेट्सजस्ता प्रसिद्ध व्यक्तिहरूमाथि जान्छ। इमेल प्राप्त हुनु तर त्यसलाई पठाउनेको परिचय पत्ता लगाउन नसक्नु एउटा ठूलो समस्याका रूपमा देखिँदै गएको छ ।

### इन्टरनेटबाट डाइभोर्स

टेक्स्ट म्यासेजिङ तथा इन्टरनेटका पुनर्मिलनसम्बन्धी वेबसाइटको व्यापक प्रयोगले संयुक्त अधिराज्यमा सम्बन्धविच्छेदको दरमा वृद्धि भएको छ । गत वर्ष इङ्ल्यान्ड र वेल्समा १ लाख ५३ हजार ४ सय ९० सम्बन्धविच्छेद भएका थिए, जुन अघिल्लो वर्षको भन्दा ५ हजार ७ सय ५५ ले बढी हो । यो १९९६ देखि अहिलेसम्मको सबैभन्दा उच्च तथ्यांक हो । बेलायतामा प्रत्येक १० विवाहमध्ये करिब ४ वटा विवाह सम्बन्धविच्छेदमा परिणत हुने गरेको छ । रिलेट नामको विवाह परामर्शसम्बन्धी संस्थाका अनुसार यस्ता केसमध्ये १० प्रतिशतचाहिं इन्टरनेटबाट प्रभावित भएका छन् ।

### सूचना दिने पुरस्कृत

यस वर्षको अन्त्यसँगै भाइरसको हमलाले माइक्रोसफ्ट कम्पनीले बेहोर्ने घाटा र वृद्धि हुने थप प्रविधिगत खर्च २५ करोड डलर पुग्ने अनुमान गरिएको छ । उक्त कम्पनीले भाइरस निर्माताको सुराकी दिने वा अपराधीलाई पक्राउ गर्न सघाउ गर्नेलाई २ लाख ५० हजार डलर रकमको पुरस्कार दिने घोषणा गरेको छ। त्यस्तै अर्को कम्पनी एससीओले पनि अपराधी पक्रन सहयोग गर्नेलाई माइक्रोसफ्टको जति नै रकम पुरस्कारका लागि छुट्याइएको छ।

# सूचना तथा सञ्चार प्रविधिमा वर्ष-२००६

### गुगलको अनलाइन भिडियो





गुगलले यो वर्ष भिडियो अनलाइन सेवा प्रारम्भ गऱ्यो । साथै गुगलले उक्त भिडियो अनलाइनमार्फत भिडियोको बिक्री पनि खुला गऱ्यो । गुगलले आफ्नो इन्टरनेट साइटबाट जुनसुकै विषयका टेलिभिजन कार्यक्रम तथा महत्त्वपूर्ण भिडियो श्रृंखलाहरू खोज्न एवं पैसा तिरेर डाउनलोड गर्न सक्ने बताएको छ । यति मात्र होइन, गुगलको यो भिडियो अनलाइनमार्फत अमेरिकन टेलिभिजन सीबीएस, सीएसआई आदि च्यानलका कार्यक्रम पनि (पैसा तिरेर) हेर्न सकिन्छ ।

### फिलिप्सको डिजिटल डिस्प्ले

फिलिप्स कम्पनीले बजारमा ल्याएको नयाँ उत्पादन 'फिलिप्स ७ एफएफ १ डब्लु डिजिटल डिस्प्ले' ले वर्षको प्रारम्भमा राम्रो बजार ओगट्यो । डिजिटल फोटोग्राफीप्रति रुचि बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा यो प्रविधिको विशेषता सुपरस्लिक तथा स्लिम हो । एसडी, एमएमसी, मेमोरी स्टिक, कम्प्याक्ट फ्ल्यास, इन बिल्ट मेमोरी कार्डजस्ता बहुप्रविधियुक्त भएकाले पनि यो क्यामेरालाई क्रेताहरूले मन पराएका हुन् ।

### सस्तो ल्यापटप





इन्टेल कर्पोरेसनले सबैभन्दा सस्तो नोटबुक (ल्यापटप) को विकास पूरा गऱ्यो । बुरुन्डीमा सम्पन्न अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि सम्मेलनले पनि संयुक्त राष्ट्रसंघको अनुदानमा सस्तो ल्यापटप विकासशील राष्ट्रका लागि प्रदान गर्ने अभियान सञ्चालन गर्ने निर्णय गऱ्यो ।

### जिमेल मोबाइलमा

गुगलले आफ्नो निःशुल्क अनलाइन इमेल सिस्टमलाई मोबाइल फोन सेटबाटै प्रयोग गर्न सक्ने प्रविधि विकसित गऱ्यो । 'जिमेल मोबाइल' मार्फत प्रयोगकर्ताले सेटमा जिमेल एकाउन्ट प्रयोग गर्न सक्छन् । ह्यान्ड सेटको युआरएल एड्रेसमा एचटीटीपी/एम डट जिमेल डटकम टाइप गरेपछि इन्टरनेट कनेक्सन भएका मोबाइलमा स्वचालित रूपमा जिमेल मोबाइलको इन्टरफेसमा हेर्न सकिन्छ ।

### इन्टेलको लोगो र नारा परिवर्तन

इन्टेल कम्पनीले वर्ष- २००६ मा आफ्नो लोगो र नारामा परिवर्तन गऱ्यो । उक्त कम्पनीले कम्प्युटर लगअन गर्नेबित्तिकै इन्टेल इनसाइडको सट्टा नयाँ नारा लिप अहेड राखेको छ।

### इन्टेलको Viiv प्रविधि

कम्प्युटर चीप निर्माणमा अग्रणी इन्टेल कम्पनीले Viiv प्रविधि भित्र्याएको छ । पर्सनल कम्प्युटरमा भिडियो, संगीत तथा अन्य मनोरञ्जनात्मक कार्यक्रम राम्रोसँग सञ्चालन गर्न Viiv प्रविधि उपयुक्त हुन्छ ।

### नाफामा सर्च इन्जिनहरू





निःशुल्क इमेल प्रदायक याहु, गुगल तथा हटमेलले सन् २००६ मा विगतका वर्षहरूभन्दा उल्लेख्य नाफा कमाए । सन् २००४/००५ को तुलनामा सन् २००६ को मध्यसम्मको व्यापार हेर्दा सर्च इन्जिनहरूले अहिलेसम्मकै सबैभन्दा धेरै नाफा कमाएको देखिन्छ ।

### मोबाइलमा टेलिभिजन

यसै वर्षदेखि नोकिया, इन्डेमोल तथा डोकोमोले मोबाइल फोनसेटमै टेलिभिजनको स्वाद प्रदान गर्न थालेका छन् । यसका लागि मोबाइल सेट उत्पादक कम्पनीहरूले टेलिभिजन उत्पादक तथा प्रसारक कम्पनीहरूसँग सम्झौता गरेका थिए ।

### जिमेल च्याट

यसै वर्ष प्रारम्भ भएको जिमेल च्याटले छोटो समयमै लोकप्रियता कमाएको छ । जिमेल एकाउन्ट खोलेर इनबक्स भएको इन्टरफेसमै च्याट पनि गर्न पाइने सूविधा भएकाले पनि यसको लोकप्रियता बढेको छ । प्रयोगकर्ताले जिमेलमा एउटै वेब ब्राउजर विन्डोजबाट इमेल पठाउन तथा च्याट गर्न सक्छन् ।

### गुगल डेस्कटप सर्च इन्जिन



वेबसाइटमा गुगलले जसरी सर्च गर्छ त्यसरी नै गुगलको डेस्कटप सफ्टवेयरले कम्प्युटरमा राखिएका सबै फाइल सर्च गर्न सक्छ । गुगलले यो नयाँ बिटा संस्करणलाई गुगल डेस्कटप ३ दशमलव शून्य नाम दिइएको छ ।

### मल्टिमिडिया प्लेयर

जापानको कम्प्युटर कम्पनी नेकले यसै वर्ष उत्पादन गरेको नयाँ मल्टिमिडिया प्लेयर भीटीएलले राम्रो बजार ओगट्यो । भीटीएलमा ३० जीबीको हार्डडिस्क तथा २ दशमलव ७ इन्चको एलसीडी मोनिटर जडान गरिएको छ । यसमा एमपीईजी २, एमपीईजी ४ तथा डब्लुएमभी ९ भिडियो हेर्न मिल्छ ।

### अनलाइन व्यापार बढ्यो

अनलाइनमार्फत उपभोग्य वस्तुको बिक्री २० प्रतिशतले बढेर यो वर्ष २ सय ११ अर्ब डलर पुग्ने कुरा उल्लेख छ । यसअघि सन् २००५ मा अनलाइन मार्फत उपभोग्य वस्तुका बिक्री २५ प्रतिशतले बढेर १ सय ७६ अर्ब ४० करोड डलर पुगेको थियो ।

# विज्ञानका उपलब्धिमा वर्ष २००६

## मोटोपनविरुद्ध खोप



अमेरिकी अनुसन्धानकर्ताहरूले मोटोपनको समस्या समाधान गर्न खोपको विकास गरेको बताएका छन् । उनीहरूले मानिसमा धेरै भोक जगाएर धेरै खाना खान बाध्य गराउने तथा शरीरलाई मोटो बनाउने घेलिन नामक हार्मोनविरुद्ध कम भोक जगाउने एवं मोटोपन घटाउने खोप विकास गरेका हुन् । घेलिन हार्मोनविरुद्ध काम गर्ने तीन किसिमको सेन्थेटिक खोप सफल भएको उनीहरूको जिकिर छ ।

## पुरुषहरूको प्रजनन क्षमता

बेलायतस्थित बकिङ्घम विश्वविद्यालयका वैज्ञानिकहरूले वर्षको प्रारम्भमा पुरुषहरूको प्रजनन क्षमता जाँच गर्ने उपकरण विकसित गरेका छन् । यो उपकरणको सहायताले कुनै पनि पुरुषको प्रजनन क्षमता एक घण्टाभन्दा कम समयमा परीक्षण गर्न सकिन्छ । उपकरणमा पुरुषको शुक्रकीटलाई महिलाको डिम्बसँग मिलाएर राखिन्छ । त्यसपछि केही समयपछि पुरुषको वीर्यमा कति र कस्तो शुक्रकीट छ भन्ने कुरा पत्ता लाग्छ । वैज्ञानिकहरूले परीक्षणका लागि १ सय ५० जना पुरुषको वीर्यमा उपकरणको प्रयोग गरेका थिए ।

## अन्धोपन रोक्ने क्यामेरा

बेलायतका एक अनुसन्धानकर्ताले अन्धोपन रोक्न सक्ने विशेषता भएको क्यामेराको विकास गरेका छन् । प्राध्यापक डाक्टर एन्डी म्याक नोउट्सले युवापुस्तामा डायबिटिजको समस्या तथा ग्लुकोजको कमीपछि अन्धोपन हुने समस्यालाई आधार मानेर यो क्यामेराको विकास गरिएको हो । यो क्यामेराले आँखाको रेटिनाको पछिल्लो भागमा अक्सिजनको अवस्था पत्ता लगाई अन्धोपन रोक्न मद्दत गर्छ ।


## अर्को नयाँ ग्रह

पृथ्वीले जस्तै अर्को एक तारालाई परिक्रमा गर्ने नयाँ ग्रह पत्ता लागेको अन्वेषकहरूले बताएका छन् । पृथ्वीभन्दा दोब्बर व्यासको यो ग्रह धेरै तातो भएकाले बस्न योग्य भने छैन । क्यालिफोर्निया विश्वविद्यालयका खगोलशास्त्री प्राध्यापक च्योफ्री मर्सीका अनुसार पहिलो पटक एउटा ताराको चारैतिर चक्कर लगाइरहेको चट्टानयुक्त ग्रहको प्रमाण फेला परेको छ । उक्त ग्रह चट्टानले भरिएको विषयमा भने यकिन गर्न सकिने प्रमाण हालसम्म पाइएको छैन, तर त्यसमा भएको द्रव्यमानले उक्त ग्रहमा वृहस्पतिमा जस्तो ग्याँसको भण्डार नरहेको संकेत मिल्छ ।

## इ-नोजको विकास

वैज्ञानिकहरूले इलेक्ट्रोनिक नाक (इ-नोज) को विकास गरेका छन् । इ-नोजले कुनै पनि प्रकारको संक्रमण सुँघेरै पत्ता लगाउन सक्छ । पेनिसिल्वानिया विश्वविद्यालयको मेडिकल सेन्टरद्वारा विकसित गरिएको इ-नोजको काम रोग पत्ता लगाउनु हुनेछ । यसमा बायोसेन्सर प्रविधि प्रयोग गरिएको हुनाले यसलाई रोगीको छेउमा राखेर लगातार परीक्षण गर्न सकिन्छ । फोक्सोको क्यान्सर पत्ता लगाउन यो प्रविधि सफल पनि भएको छ ।

## मुसाको नयाँ प्रजाति




फ्रान्सका एक वैज्ञानिकले यसै वर्ष साइप्रसमा मुसाको नयाँ प्रजाति पत्ता लगाएका छन् । साइप्रियोट मुसा नामकरण गरिएको उक्त मुसाको टाउको, कान, आँखा र दाँत सामान्य मुसाको प्रजातिभन्दा निकै ठूलो छ । प्रयोगशालामा आणुवंशिक परीक्षण गरेपछि उक्त मुसा नयाँ प्रजातिको भएको निष्कर्ष निकालिएको थियो । ढुंगेयुगको मुसाको दाँत खोज्ने क्रममा सो मुसाको नयाँ प्रजाति पत्ता लागेको थियो ।

## हाइड्रोजन इन्धनबाट चल्ने पहिलो विमान

क्यालिफोर्नियास्थित एइरो भाइरोनमेन्ट नामक कम्पनीले तरल हाइड्रोजन इन्धन भरेर सफलतापूर्वक हवाईजहाज उडाएर देखाएको छ । यस्तो खालको हवाईजहाजले ग्रीन हाउस ग्याँस उत्सर्जनको खतरालाई कम गर्नेछ । तरल हाइड्रोजन इन्धनलाई अक्सिजनको समेत सहायताले उक्त हवाईजहाजलाई ६५ हजार फिट माथि (आकाशमा) उडाएर परीक्षण गरिएको थियो । २४ घण्टासम्म निरन्तर उडाउन सकिने उक्त जहाजको नाम ग्लोबल अर्ब्जभर राखिएको छ ।

## अन्तरिक्ष केन्द्रको मर्मत

सेप्टेम्बर ९ का दिन परीक्षण गरिएको अन्तरिक्षयान एटलान्टिक्सका ६ जना अन्तरिक्षयात्रीले अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पहिल्यैदेखि डेरा जमाएर बसेका ३ वैज्ञानिकसँग मिलेर १६ टन वजनको सोलार प्यानल जडान कार्य ११ र १२ सेप्टेम्बरमा गरी अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रको मर्मत-सम्भार गरे । यो सन् २००३ को कोलम्बिया यानको दुर्घटनापछि अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रको संरचना विस्तार गर्ने पहिलो कार्य थियो ।



## शक्तिशाली टेलिस्कोप

मेक्सिकोका अनुसन्धानकर्ताहरूले संसारकै सबैभन्दा शक्तिशाली टेलिस्कोपको विकास गरेका छन् । मेक्सिकोको पेब्ला राज्यमा स्थित एउटा ज्वालामुखी पर्वत सिएरा नेग्रामा स्थापना गरिएको उक्त टेलिस्कोपबाट खगोलशास्त्रीहरूलाई १३ अर्ब वर्ष पुरानो ब्रह्माण्डको सृष्टिका सम्बन्धमा नयाँ रहस्य खोतल्न मार्ग प्रशस्त गर्नेछ । 'लार्ज मिलिमिटर टेलिस्कोप' नाम दिइएको यो टेलिस्कोपको एन्टेना १ सय ६५ फिट अग्लो छ । टेलिस्कोपको निर्माण लागत १२ करोड अमेरिकी डलर छ ।

## यमको अध्ययन

अमेरिकी अन्तरिक्ष एजेन्सी (नासा) ले यसै वर्षको प्रारम्भमा यम ग्रहको अध्ययन गर्न त्यसतर्फ अन्तरिक्ष यान पठाएको छ । न्यु होराइजन नाम दिइएको यो मानवविहीन यानले यम ग्रहका बारेमा विस्तृत अध्ययन गरेर रिपोर्ट पठाउनेछ । यसअघि अन्य ८ वटै ग्रहको अध्ययन गर्न यान पठाइएको भए पनि यममा यान पठाइएको यो पहिलो घटना हो । यो यानले सन् २०१५ को जुलाईमा यमको उपग्रह चेरनमा पुगेर आफ्नो अध्ययन प्रारम्भ गर्नेछ । त्यसपछि सन् २०२० सम्म त्यहाँ रहेर यमका तस्बिर तथा नयाँ जानकारी पठाउने वैज्ञानिकहरूले बताएका छन् ।

## यमको मान्यता खोसियो



अन्तर्राष्ट्रिय खगोलविद्हरूको संघ आईएयुको अगस्ट २३ र २४ मा चेक गणतन्त्रको राजधानी प्रागमा सम्पन्न सम्मेलनले सौर्यमण्डलको नवौं ग्रह यम 'प्लुटो'लाई ग्रहको दर्जाबाट हटाएको छ । ७५ राष्ट्रका २ हजार ५ सय खगोलविद् तथा वैज्ञानिकहरूले सो सम्मेलनमा मतदानद्वारा यमलाई ग्रहको दर्जाबाट हटाएका थिए । यसलाई सन् १९३० मा ग्रहको दर्जा दिइएको थियो ।

## यमका थप दुई चन्द्रमा

अमेरिकी अन्तरिक्ष अनुसन्धान केन्द्र नासाका वैज्ञानिकहरूले केही समयअघि ग्रहको मान्यता खोसिएको यमका तीनवटा चन्द्रमा भएको पत्ता लगाएका छन् । साउथवेस्ट रिसर्च सेन्टरका खगोल वैज्ञानिकहरूले हवल टेलिस्कोपको सहायताबाट खिचिएको आकृतिका अधारमा यमका तीनवटा चन्द्रमा हुन सक्ने जानकारी दिएका छन् । यसअघि यमको एक मात्र चन्द्रमा रहेको जानकारी गराइएको थियो । हालै पत्ता लागेको यम ग्रहका यी दुई चन्द्रमामध्ये एउटाको नाम एस- २००५ पी १ तथा अर्कोको नाम एस- २००५ पी २ राखिएको छ ।

## सबैभन्दा उचाइमा रेलसेवा

चीनले सन् २००६ जुलाई १ का दिन तिब्बतमा विश्वकै सबैभन्दा उचाइमा रेलसेवा सुरु गरेर नयाँ कीर्तिमान बनाएको छ । किन्घाई-तिब्बत रेलमार्ग नामले चिनिने यो मार्ग गोलमुदबाट ल्हासासम्म १ हजार १ सय ४२ किलोमिटर लामो छ । यो रेलमार्ग तिब्बतको पहाडी भूभागको ५ हजार ७२ मिटर उचाइसम्म पुगेको छ भने ९ सय ६० किलोमिटर खण्ड ४ हजार मिटर उच्च पहाडी क्षेत्र भएर गुज्रिएको छ । ३ अर्ब ६८ करोड डलर खर्च भएको यो रेलमार्गको निर्माण सन् २००१ को जून २९ मा प्रारम्भ भएको थियो ।

## अनुहार प्रत्यारोपण



फ्रान्सका चिकित्सकहरूले एक महिलाको अनुहारमा आशिंक रूपमा अकीर्क महिलाको अनुहार प्रत्यारोपण गरेका छन् । यो प्रत्यारोपणलाई यस किसिमको विश्वकै पहिलो उपलब्धि मानिएको छ । उत्तरी फ्रान्सकी भ्यालेन्सियस सहरकी ३८ वर्षीय ती महिलाको अघिल्लो वर्ष कुकुरले आक्रमण गरी नाक, ओठलगायत अनुहारका विभिन्न अंगलाई क्षतिग्रस्त बनाएको थियो ।

## अन्तरिक्षमा नयाँ केन्द्र

नासाले अन्तरिक्षमा भैरहेको हलचल तथा विस्फोटन अवलोकन गर्ने दूरदर्शक यन्त्रसहितको नयाँ प्रयोगशाला अन्तरिक्षमा स्थापना गर्ने भएको छ । खगोलशास्त्रीहरूले नयाँ दूरदर्शक यन्त्रको सहायताबाट ब्ल्याक होलको उत्पत्तिका सम्बन्धमा पनि थप अध्ययन गर्न मद्दत मिल्ने बताएका छन् । भू-उपग्रहमा जडान गरिएको यो नयाँ दूरदर्शक यन्त्रमा आकाशमा चारैतिर छरिने गामा किरणबाट अनुसन्धानकर्ता तथा उपकरणलाई जोगाउन सक्ने र धेरै मात्रामा गामा किरणको उत्सर्जनका सम्बन्धमा अध्ययन गर्न सक्ने क्षमता छ । यो योजनामा अमेरिका, बेलायत तथा इटालीले संयुक्त रूपमा लगानी गरेका छन् ।

## ग्याँसबाट कार



ब्रिटिस अनुसन्धानकर्ताहरूले सहरी प्रदूषण तथा दुर्घटनाका जोखिमलाई पनि कम गर्न कम खर्चिलो एवं हलुका खालको कार विकसित गरेका छन् । सी-५ नाम दिइएको यो कार प्राकृतिक ग्याँसको सहायताले चल्छ । यसलाई ६० माइल प्रतिघण्टाको दरमा कुदाउन सकिन्छ ।

## चन्द्रमा अनुसन्धान केन्द्र

चीनले चन्द्रमाको अनुसन्धान गर्न बेइजिङमा यसै वर्ष एउटा अनुसन्धान केन्द्र स्थापना गरेको छ । चीनले अन्तरिक्षमा आफ्नो स्थान सुरक्षित राख्न तथा चन्द्रमासम्बन्धी अनुसन्धान गर्ने उद्देश्यले उक्त अनुसन्धान केन्द्र स्थापना गरेको जनाएको छ । बेइजिङस्थित उक्त अनुसन्धान केन्द्रले चन्द्रमामा पठाइने मानवविहीन अन्तरिक्ष यानको विस्तृत प्रतिवेदन तथा तथा योजना तयार गर्नेछ । सन् २०१२ सम्म चन्द्रमाको धरातलमा एक मानवविहीन अन्तरिक्ष यान ओराली चन्द्रमाको धरातलीय बनौट तथा हावापानीको अवस्थाका सम्बन्धमा अनुसन्धान गर्ने लक्ष्य चीनको छ ।

## गर्भाशय क्यान्सर विरुद्ध नयाँ खोप

गर्भाशयको क्यान्सर विरुद्ध विकास गरिएको नयाँ खोपले यसै वर्ष मान्यता पायो । ह्युमेन पापिलोमा भाइरस (एचपिभी) विरुद्धको उक्त नयाँ खोपलाई प्रयोग गर्न सन् २००६ मा अनुमति प्रदान गरिएको छ । विश्व स्वास्थ्य संगठनको मान्यतापछि प्रचलनमा आउने तयारीमा रहेको उक्त खोप पछि अल्पविकसित मुलुकका महिलाहरूको स्वास्थ्यस्थितिमा सुधार आउने अपेक्षा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को छ । एक तथ्याङ्कअनुसार हरेक वर्ष २ लाख ५० हजारभन्दा बढी महिला गर्भाशयको क्यान्सरका कारण मृत्यु हुने गरेको छ ।

## द्रुत गतिको मोबाइल

सामसुङ मोबाइल कम्पनीले द्रुत गतिमा जीपीआरएस सञ्चालन हुने मोबाइलको विकास गर्‍यो । एमएसएम ६२८० को चिप्स प्रयोग हुने तथा ३ दशमलव ६ मेगाबाइट प्रतिसेकेन्ड इन्टरनेट चल्ने यो मोबाइलमा १० एमपीथ्री प्रतिसेकेन्ड डाउनलोड गर्न सकिन्छ ।

## पालो थ्रीडी टेलिभिजनको

अमेरिकी अन्तरिक्ष अनुसन्धान केन्द्र नासाले अन्तरिक्षमा गरिने अनुसन्धानलाई सहज बनाउन हिंडडुल गर्न सकिने होलोग्रामको प्रोटोटाइपको विकास गर्‍यो । यो एक किसिमको लेजर किरण र अर्को उस्तै किरणसँग मिसिएर कुनै इच्छित वस्तुसित ठक्कर खाएर परावर्तन भएको किरणका अधारमा बन्ने गतिशील दृश्य हो । अनौठो लेजर किरणसँग मेल खाने अर्को किरणलाई होलो ग्राममा छिराउँदा थ्री डी छवि अथवा तीनवटा आयाम भएको गतिशील दृश्य बन्छ ।

## पकेट टेलिभिजन



आइपड निर्माता कम्पनी एप्पलले यसै वर्ष खल्तीमा बोक्न मिल्ने (पोर्टेबल) टेलिभिजनको विकास गर्‍यो । २ दशमलव ५ इन्चको यो टेलिभिजनमा म्युजिक भिडियाहरूसमेत डाउनलोड गर्न सकिन्छ । यसै वर्ष सोनी, क्यासियो आदि कम्पनीले समेत पोर्टेबल टेलिभिजनको विकास गरेका छन् ।

## हलुका अडियो प्लेयर

जापानको इलेक्ट्रोनिक कम्पनी तोसिबाद्वारा उत्पादित नयाँ अडियो प्लेयर 'गिगाविट पी ५' यसै वर्ष सार्वजनिक भएको छ । ५० ग्राम मात्र तौलको यो प्लेयर अहिलेसम्मकै सबैभन्दा हलुका अडियो प्लेयर हो ।

B.Sc. CHEMISTRY TUITION
With Guarantee Pass
Inorg. -Rs 500/-,
Org. -Rs. 500/- &
Phy. -Rs. 500/-
Teacher: K.L. Yadav
Contact: LINKAGE
Bagbazar: 4-232608
(Bhaktapur Mini Buspark)

!!! महिलाहरूको लागि सुवर्ण अवसर !!!
नि:शुल्क ब्युटीसियन तालिम
N.G.O. को सहयोगमा नेपाल सरकारबाट मान्यता प्राप्त साथै वरिष्ठ प्रशिक्षकद्वारा नि:शुल्क ब्युटीसियन कोर्ष Basic, Advance Diploma र Special Course हरूमा धमाधम भर्ना लिईदैछ ।
नेपाल ब्युटीसियन टेनिङ इन्स्टिच्युट
पुरानो बानेश्वर ४१००५६३ ९८४१३९९१३३

खुल्यो खुल्यो खुल्यो
निशुल्क ब्युटिसियन ट्रेनिङ खुल्यो
NGOको सहयोगमा नेपाल सरकारबाट मान्यता प्राप्त विदेशबाट तालिम लिएका वरिष्ठ ब्युटिसियनहरूद्वारा अत्याधुनिक मेसिनहरूबाट छोटोसमयमै कोर्सहरू थ्यरेप्टिकसाथ Basic Diploma, Advance, Teaching/ Spacial Beautician Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
New ITC ट्रेनिङ सेन्टर
गोगंबु गणेशथान रोड, काठमाण्डौं
फोन: ०१-२०२३६१८

छोटो समयमा नै स्तरीय कला सिकेर जानुहोस् ।
तपाईको लागि संगीत र कला सम्बन्धी स्पेशल तथा प्याकेज कोर्षहरु छोटो समयमा गत बर्ष भन्दा फरक किसिमले सिकाउने व्यवस्था गरिएको छ ।
प्रशिक्षण दिइने विधाहरु:
(क) गायन (ख) कत्थक नृत्य (ग) लोक अधुनिक नृत्य (घ) शास्त्रिय नृत्य
(ङ) हार्मोनियम (च) कि-बोर्ड (छ) गिटार (ज) सारङ्गी
(झ) बाँसुरी (ञ) मादल (ट) तबला (ठ) पेन्टिङ
(ड) उद्‌घोषण (ढ) कम्प्युटर (ण) ट्युशन (त) ल्याङ्गुएज आदि
नोट:-स्कूल, कलेज जाडो बिदामा बसेका विद्यार्थी तथा बच्चाहरूका लागि स्पेशल कक्षाहरूको राम्रो व्यवस्था छ ।
सांस्कृतिक कला प्रशिक्षण केन्द्र
कुपण्डोल, होटल हिमालय अगाडि
फोन. 5528021, 9841234832

इजरायल!
के तपाई इजरायल जाँदै हुनुहुन्छ ? यदी जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस् ।
हाम्रा सेवाहरु:
१) हिब्रु (Hebrew) तथा अंग्रेजी (English) भाषा ।
२) केयर गिभर, Housekeeping तथा Orientation तालिम ।
३) Hebrew पुस्तक शलोम उपलब्ध छ ।
४) डकुमेन्ट समेत Forward गरीन्छ ।
पाइथागोरस एकेडेमी, 4260632

## नेपथ्यको संगीतयात्रा



नारायणगढ– 'शान्तिका लागि शिक्षा' नेपथ्य संगीत यात्रा २०६३ शीर्षकको कार्यक्रम नारायणगढबाट थालनी भएको छ। 'शान्तिका लागि शिक्षा' अन्तर्गत २०५९ मा पहिलो र २०६१ मा दोस्रो नेपालव्यापी संगीत-यात्राको अनुभव बटुलेको नेपथ्यको यो तेस्रो अभियान हो। नेपाली लोकशैलीलाई रकशैलीमा प्रयोग गर्न रुचाउने यो संगीत समूहले संगीतमार्फत सामाजिक कार्य पनि गर्दै आएको छ।

नारायणगढको गणेश चलचित्र मन्दिरमा सम्पन्न नेपथ्यको कार्यक्रममा सबै उमेरका दर्शक संलग्न थिए। विशेष गरी किशोर-किशोरीहरूको उपस्थिति रहेको उक्त सांगीतिक कार्यक्रममा उनीहरू जोस र उमंगका साथ नाचिरहेका देखिन्थे। संगीतयात्रामा आयोजक, प्राविधिक एवं नेपथ्यका कलाकारहरूसमेत गरी ६५ जनाको समूह संलग्न रहेको कुरा आयोजक संस्था नेपालयले जानकारी गराएको छ। कार्यक्रमकै क्रममा नेपथ्यका गायक अमृत गुरुङ भन्दै थिए- 'नारायणगढले दिएको माया कहिल्यै बिर्सनेछैनौं। देशको अवस्था पहिलेभन्दा सहज भएको छ। कहीँ रोकछेक छैन। देशव्यापी हाम्रो यो यात्रा अघि बढ्दै जाँदा देशको वातावरण अझै शान्त र सहज बन्दै जाओस्। विद्यालयहरू भने अझै पनि राजनैतिक उद्देश्य पूरा गर्न प्रयोग भएका छन्। त्यसको अन्त्य हुनुपर्छ। तपाईं-हामी सबै मिलेर विद्यालयलाई स्वच्छ शैक्षिक केन्द्र बनाउने आवाज उठाऔं।' उनको यो अभिव्यक्तिलाई दर्शकहरू तालीको पर्राले समर्थन जनाइरहेका थिए। स्थानीय आयोजकका तर्फबाट सहन प्रधान भन्दै थिए- 'विद्यालयहरूलाई स्वच्छ शैक्षिक केन्द्र बनाउनुपर्छ भन्ने नेपथ्यको भावनासित हाम्रो भावना पनि मिलेको हुँदा हामी स्थानीय आयोजक बनेका हौं। कार्यक्रम भव्य भयो, खुसी छौं।'

नारायणगढबाट आरम्भ भएको 'शान्तिका लागि शिक्षा' नेपथ्य संगीत यात्रा २०६३, नारायणगढपछि दमक, धनकुटा, लहान हुँदै पश्चिमतर्फ लाग्ने कुरा पनि आयोजकहरूले जानकारी गराएका छन्।

## प्रतिभा नेवार युवतीहरूको

भोलि पुस १५ गते शनिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सम्पन्न हुने मिस नेवा: २००६ को अन्तिम प्रतिस्पर्धाको तयारीमा जुटेका सहभागी ३३ जना नेवार सुन्दरी गत बिहीबार मनकामना देवीको दर्शन गरी फर्किएपछि शनिबार हिमालय होटलको प्रेक्षालयमा आ-आफ्नो प्रतिभा प्रदर्शन गर्न व्यस्त भए। मिस ट्यालेन्टेड उपाधिका लागि प्रतिस्पर्धामा उत्रिएका अधिकांश नेवार युवतीले नृत्यलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने उपायका रूपमा रोजेका थिए। परम्परागत नेवारी पहिरनमा सजिएका मिस नेवा: तथा प्रतिस्पर्धीहरूको नृत्य जति आकर्षक थियो उत्तिकै प्रशंसनीय रह्यो वक्तृत्वकलामा उनीहरूले देखाएको आत्मविश्वास। अधिकांश प्रतिस्पर्धीले विभिन्न नेवारी गीतमा नृत्य गरेका थिए भने स्मृति शाक्य र एलिना श्रेष्ठले बज्रयोगिनी तथा मेरिसा स्थापितले 'कुमारी' चर्या नृत्य प्रस्तुत गरेका थिए।

रेश्मा श्रेष्ठले आफ्नो गायन प्रतिभा प्रस्तुत गरिन् भने निरिना श्रेष्ठ र रेजिना मालाकारले की बोर्ड तथा रोमनी महर्जनले सितार बजाएर मंगलधुन सुनाएका थिए भने प्रेरणा महर्जनले पियानिका सुनाएकी थिइन्। मतिना शाक्यले बौद्ध धर्मको विशेषता र महत्त्वका सम्बन्धमा प्रकाश पारेकी थिइन्। एड्ससम्बन्धी सचेतनाको आवश्यकताका विषयमा सेनिला नकर्मीले प्रस्तुति दिएकी थिइन् भने सोही विषयमा मिला श्रेष्ठले एकल अभिनय गरेर देखाएकी थिइन्।




द्वन्द्वपीडित महिलाका विषयका साथमा एलिष्का तुलाधरले आफ्नो प्रस्तुति दिएकी थिइन्। उता सुप्रिया श्रेष्ठले कवितावाचन गरेकी थिइन्। जीवित देवी कुमारीको जीवनशैली तथा नेवारी परम्परासम्बन्धी सविता श्रेष्ठको प्रस्तुति अनुसन्धानमूलक थियो।

**–रोजिन शाक्य**

## रामकृष्णलाई गाऱ्हो पऱ्यो

**कमल रिमाल**

विराटनगर- गायक रामकृष्ण ढकाललाई गत साता विराटनगरमा निकै गाऱ्हो पऱ्यो। मानिसले तानातान र ठेलाठेल गर्दा भीडमा थिचिएर उनलाई त्यहाँबाट निस्कन गाऱ्हो परेको थियो। उनलाई अँगालो हाल्दै ठेलाठेल गर्न थालेपछि भीडबाट उम्कन उनले 'आयोजक, आयोजक' भनेका थिए। गएको बुधबार सहिद रंगशालामा सम्पन्न सांगीतिक कार्यक्रममा गाएर फर्कने क्रममा उनलाई माया गर्नेहरूको भीडले यसरी च्यापेको थियो।

इसाई समाजले क्रिसमसको अवसरमा आयोजना गरेको कार्यक्रममा ढकाल आफ्ना चर्चित गीतहरू गाएर मञ्चबाट झरेका मात्रै के थिए, प्रशंसकहरूले घेरिहाले। पहिले त उनलाई अटोग्राफ माग्नेहरूले घेरेका थिए। अटोग्राफ दिँदै बाहिर निस्कने क्रममा एक युवाले अँगालो मारेर गालामा चुम्बन गर्न थालेपछि उनलाई अँगाल्नेहरूको ओइरो लाग्यो। भीडमा च्यापिएर गोरो अनुहार रातो बनाउँदै उनी आयोजक गुहार्न बाध्य भए। शुभचिन्तकले दिएको सास्ती सामना गर्न नसकेपछि रामकृष्णलाई प्रहरीले बलपूर्वक भीडबाट निकालेको थियो।

त्यतिका सास्ती भोगे पनि उनले एकै ठाउँमा लगातार तीन पटक गाउनुपऱ्यो। सहिद रंगशालामै दुई दिनमा तीनवटा सांगीतिक कार्यक्रममा उनले गीत गाएका थिए। उक्त कार्यक्रममा दिउँसो गाएपछि बेलुका सोही ठाउँमा युरो किड्स विराटनगरको वार्षिक उत्सवमा गाएका थिए। भोलिपल्ट बिहीबार पुनः त्यही ठाउँमा उनले कृतिका एजुकेसन एन्ड हेल्थ फाउन्डेसनको कार्यक्रममा आफ्ना गीत गाए। क्रिसमसको पूर्वसन्ध्यामा शुभकामना दिने उद्देश्यले आयोजित उक्त कार्यक्रममा रामकृष्णले गाउँदा नेपालका सबैभन्दा अग्ला राजन



अधिकारीले नाचेर सबैलाई हँसाए।

सोही कार्यक्रममार्फत संगीतकार आलोकश्रीले क्रिसमस शुभकामना मन्तव्य व्यक्त गरेका थिए। प्रवेश निःशुल्क भएकाले दर्शकको भीडले रंगशाला भरिएको थियो। काठमाडौंको समूहले मारुनी, धरानका कलाकारले राईको जातीय नृत्य, मोरङकाले सन्थाल नृत्य तथा ताप्लेजुङका कलाकारले लिम्बु जातिको नृत्य प्रस्तुत गरेका थिए। उक्त अवसरमा गायक-गायिकाहरू लोरेटो सिंह, धनुषा घले, चन्दा देवान, नोएल फिप्पन, त्रिलोक प्रधान, बादल गजमेर आदिले पनि आ-आफ्नो प्रस्तुती दिए।

## दोहारीमा लोकतन्त्र

**शिव शर्मा**

*तानाशाह भागेर गैसक्यो*
*जनता अब सजग भैसक्यो*
*बल्ल आज मनमा घाम ला'को छ*
*शान्ति छाई अशान्ति गा'को छ*

लोकतन्त्र प्राप्तिपछिको यथार्थतालाई दोहोरीमा गाए कलाकारहरूले। कति माया-प्रेमको गन्थन-मन्थन मात्र सुन्ने ? दोहोरीमा नौलो स्वाद फेरे यस पटक पोखरेलीहरूले। उक्त प्रतियोगितात्मक दोहोरी कार्यक्रममा पश्चिमाञ्चलका १६ जिल्लाको सहभागिता रह्यो। प्रतियोगितामा रूपन्देहीले प्रथम, बाग्लुङले द्वितीय तथा कास्कीले तृतीय स्थान प्राप्त गरेका थिए।



दोहोरीमार्फत कलाकारहरूले तानाशाहलाई मात्र नाङ्गेझार पारेनन्, नेताहरूलाई पनि जनताको विश्वासमाथि खेलबाड नगर्न सजग गराइरहेका थिए। दर्शकहरू शब्दले छोएपछि घरी ताली बजाउँथे त घरी कम्मर मर्काउँदै मच्चिन्थे। लोकतान्त्रिक सांस्कृतिक जागरण अभियानअन्तर्गत शुक्रबार र शनिबार आयोजित लोकतान्त्रिक दोहोरीमा केटाकेटीदेखि बूढाबूढीसम्मले दोहोरीको भिन्न स्वाद लिए।

हाम्रो अभियान नै लोकतान्त्रिक जागरण हो, आयोजक समिति नेपाल सांस्कृतिक संघका अध्यक्ष तीर्थ थापाले भने– 'देशव्यापी रूपमा दोहोरीमार्फत जनतामा लोकतन्त्रको जागरण ल्याउनु हो। विराटनगर, चितवन हुँदै यो अभियान पोखरामा आएको हो।

दोहोरीसँगै सपनाको पनि अर्थ हुन्छ नाटकले दर्शकलाई भावुक बनायो। नाटक खासगरी जनआन्दोलन भाग-२ को वरिपरि केन्द्रित थियो। कलाकारले दुरुस्तै जनआन्दोलनको झझल्को उक्त नाटकमा प्रस्तुत गरे। कार्यक्रममा तराईको थारू नाच, तामाङ सेलो तथा प्रहसनले पनि रौनक थपेको थियो। उक्त अवसरमा लोकतान्त्रिक भिडियोसमेत प्रदर्शन गरियो।

## युएईमा नेपालीहरूको क्रिसमस

**खेमनाथ पौडेल**

युएई– धर्म, कला, संस्कृति, रीतिरिवाज आ-आफ्नै किसिमका हुन्छन्। कुनै धर्मले पनि अशान्ति तथा जातीय भेदभावमा विश्वास राख्दैन। हिन्दूहरू दसैं-तिहारलाई सबैभन्दा ठूलो चाड मान्छन्, मुस्लिमहरू इद तथा रमादानलाई ठूलो मान्छन् भने क्रिश्चियनहरू क्रिसमसलाई ठूलो चाडका रूपमा मनाउँछन्।


युएईमा रहेका नेपाली इसाईहरूको आयोजनामा क्रिसमस कार्यक्रम यही डिसेम्बर २२ का दिन अबुधावी इभान्जलिकल चर्चमा भव्यताका साथ सम्पन्न भयो। अबुधावी नेपाली खिष्टियन मण्डलीले विभिन्न समाजका प्रतिनिधिहरूलाई पनि निमन्त्रणा गरेको थियो।

उक्त अवसरमा विभिन्न देशका क्रिश्चियनहरूले विभिन्न सांस्कृतिक क्रियाकलापहरू प्रस्तुत गरिएको थियो। सोही अवसरमा स-साना नानीहरूद्वारा येसुख्रिष्टसम्बन्धी नाटक




प्रस्तुत गरेका थिए भने कलाकार सपना सुनुवारद्वारा क्रिसमससँग सम्बन्धित नृत्य प्रस्तुत गरिएको थियो। विदेशी कलाकार फ्रे, सिल्भाना तथा ब्रेल्सीले उक्त अवसरमा क्रिश्चियन धर्मसँग सम्बन्धित गीत गाएका थिए।



सायाबुङ राई २०५६ पुस १९ | जेनिशा गुरुङ २०५९ पुस २० | सरगम शर्मा २०५९ पुस १९ | स्वीकृत सुबेदी २०५७ पुस १४



प्रइश सिंह २०६२ पुस १५ | ओमकार सिंह २०६० पुस २० | रोनिस सिलवाल २०५८ पुस १४ | आयुष अधिकारी २०६१ पुस १४






अस्मिता खड्का २०६१ पुस १६ | सुशांक श्रेष्ठ २०५५ पुस १७ | मणिक श्रेष्ठ २०५९ पुस १८ | स्नेहा कर्ण २०६० पुस १४






आदर्श ठकुराठी २०५८ पुस १४ | ऋषिता बड्डु २०५६ पुस १८ | सर्वजित तिमिल्सिना २०५९ पुस १४

कुपन

## जन्मदिनको शुभकामना

नाम :.................................................

जन्म मिति :.................................................

स्कुल :......................................

ठेगाना : ......................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## सञ्जय भए पूर्वाञ्चल आइडल

**साप्ताहिक समाचार**

धरान- नौ महिना लामो दौडपछि शनिबार सम्पन्न फाइनलबाट झापा, दमकका युवा सञ्जय तुम्रुक पूर्वाञ्चल सरगम आइडल बन्न सफल भएका छन्। सरगम संगीत विद्यालयद्वारा आयोजित कार्यक्रममा ताप्लेजुङका रविन सिवालाई पछाडि पार्दै सञ्जय पूर्वाञ्चल सरगम आइडल घोषित भएका हुन्।

पाँच वर्षयता संगीत प्रशिक्षणमा व्यस्त सञ्जयले १० हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी प्राप्त गरे। गीत रेकर्डिङ, एरेन्जलगायत सबै खर्च बेहोरेर उनको एकल एल्बम सार्वजनिक गरिने सरगम संगीत विद्यालयका प्रमुख ओमप्रकाश राईले बताएका छन्। फाइनल चरणमा सञ्जयले ट्र्याकमा राजेशपायल राईको 'छालहरू छालहरू' गीत प्रस्तुत गरेका थिए।

सञ्जय र रविनसँगै टप फोरमा प्रेम राई र जगन राईको प्रतिस्पर्धा चलेको थियो। पेमा शेर्पा, सम्झना राई, सन्तोष लिम्बू तथा सन्तोष तिरुवा टप एटबाटै बाहिरिएका थिए। त्यस्तै देवेन्द्र चेम्जोङ र रोशन राई टप टेनभन्दा माथि उक्लन सकेनन्। गत फागुन महिनामा सुरु भएको पूर्वाञ्चल सरगम आइडलमा पूर्वी नेपालका १६ वटै जिल्लाका ७ सय ५० जनाको सहभागिता थियो।



# बलिउडमा देखियो उतार-चढाव

जनवरी २६ तारिख अर्थात् भारतको गणतन्त्र दिवसका अवसरमा निर्देशक राकेश ओमप्रकाश मेहराले एउटा चलचित्र सार्वजनिक गरे- 'रंगदे वसन्ती'। भारतको 'स्वन्तन्त्रता संग्राम'को उपलब्धिलाई आधुनिक युवाहरूले सामान्य रूपमा लिने गरेको र भारतीय समाजमा अझै स्वतन्त्रताको प्रभाव नपरेको जस्ता विषयलाई चलचित्रमा कलात्मक ढंगबाट प्रस्तुत गरिएको थियो। आमिर खानको केन्द्रीय भूमिका रहेको उक्त चलचित्र वर्ष २००६ को पहिलो सुपरहिट चलचित्र साबित भयो। आमिर खानद्वारा अभिनीत अर्को चलचित्र 'फना' पनि यो वर्षको सुपरहिट चलचित्र बन्यो।

यद्यपि आमिर खान भने वर्षभरि आफ्नो दोस्रो विवाहका कारण समाचारमा छाइरहे। वर्षभरि दुईवटा सुपरहिट चलचित्रमा देखिएकाले आमिर खानको चलचित्र क्यारियर निकै माथि उठ्यो भने कहिले नर्वदा बाँधको विषयमा बोलेर त कहिले दुई वर्षअघिको चलचित्र 'लगान'मा मृगलाई लखेटेको दृश्यमा मुद्दा परेर आमिर आमसञ्चारमा आइरहे। अहिले फेरि उनी भारतीय कृषकहरूको बढ्दो आत्महत्याको विषयमा चलचित्र निर्माण गर्ने कुराबाट चर्चामा छन्।

'धुम-२' मा कामचलाउ चरित्र र 'उमराव जान'को असफलताबाट अमिताभ बच्चनका सुपुत्र अभिषेक बच्चनको क्यारियर वर्ष २००६मा ओरालोतिर लाग्यो। यद्यपि उनी सुन्दरी नायिका ऐश्वर्या रायसँगको विवाह हुने चर्चाले आमसञ्चारमा छाइरहे। अमिताभका भाइ अजिताभले ज्योतिषलाई अभिषेक र ऐश्वर्याको चिना देखाउनु, बच्चन परिवारसँग ऐश्वर्याले बनारसको विश्वनाथ मन्दिरमा संयुक्त पूजाआजा गर्नु जस्ता कुराले उनीहरूको विवाहलाई नैसंकेत गर्छ। त्यसो त बलिउडलाई 'गसिपहरूको नगरी' पनि भनिन्छ। यो वर्ष पनि बलिउडमा यस्ता गसिपहरूले चर्चा पाइरहे।

मुम्बई चलचित्र उद्योगबाट वर्ष २००६ भरिमा कुल १ सय ४१ चलचित्र सार्वजनिक भए। प्रदर्शनमा आएका अधिकांश चलचित्र सफल भए। बलिउड समीक्षकहरूको रायमा बलिउडका लागि वर्ष २००६ उपलब्धिपूर्ण रह्यो। यो वर्ष कुनै नौलो 'कन्सेप्ट'मा भन्दा पनि विविध विषयमा चलचित्र निर्माण भए– राष्ट्रप्रेमको विषयमा 'रंगदे वसन्ती', सुपरहिरोको अवधारणामा 'क्रिष', सामाजिक व्यवस्थाको विषयमा व्यङ्ग्यात्मक प्रस्तुति 'लगे रहो मुन्नाभाइ'।

यो वर्ष हास्य, प्रेमकथात्मक, एक्शन, पारिवारिक प्रायः सबै विषयमा बलिउडले चलचित्र उत्पादन गरिरह्यो। दर्शकहरूको रुचि पनि कुनै एउटा विषय वा अवधारणा बोकेको चलचित्रभन्दा पनि चलचित्रको प्रस्तुतिमा बढी केन्द्रित भए। 'कभी अलविदा ना कहना'को 'सिटिलाइफ' हेर्ने दर्शकहरू 'लगे रहो मुन्नाभाइ'को 'गान्धिगिरी'मा पनि रमाए। पुराना सफल एवं चर्चित चलचित्रलाई नयाँ साँचोमा ढालेर 'रिमेक' गर्ने प्रचलन पनि बढ्यो। अमिताभ बच्चन अभिनीत 'डन'को रिमेकमा शाहरूख खान देखा परे पनि उनलाई दर्शकले रुचाएनन्। समीक्षकहरूले उक्त चलचित्रको एउटा संवादलाई यसरी पनि बनाए- 'डनको रिमेक करना मुश्किल हि नही नामुमकिन है..।'

अमिताभ पुत्र अभिषेक र सुन्दरी ऐश्वर्या भएर पनि अभिनेत्री रेखाद्वारा अभिनीत 'उमराव जान'को रिमेक 'सुपरफ्लप' भयो। यो चलचित्र लगानीका कारणले पनि चर्चामा थियो। पहिले चर्चा पाएका चलचित्रको दोस्रो भाग बनाउने क्रम पनि यो वर्ष निकै बढ्यो। त्यो क्रमले सफलता पनि पायो।



'मुन्नाभाइ एमबीबीएस'को दोस्रो भागका रूपमा ल्याइएको 'लगे रहो मुन्नाभाइ' वर्षभरिमा सबैभन्दा बढी दर्शकले रुचाएको चलचित्र साबित भयो। 'कोई मिल गया'को दोस्रो भागका रूपमा प्रस्तुत गरिएको निर्माता/निर्देशक राकेश रोशनको चलचित्र 'क्रिष'ले पनि दर्शकहरूको मन जित्यो। गएको वर्ष व्यावसायिक सफलता पाएको चलचित्र 'धुम'को दोस्रो भाग 'धुम-२'ले पनि सफलताको झन्डा गाढ्यो। हास्यचलचित्र 'हेराफेरी'को दोस्रो भाग 'फिर हेराफेरी'लाई पनि कैयन दर्शकले रुचाए।

२००६ मा बलिउडमा विगतका वर्षहरूमा झैं थुप्रै हास्यचलचित्र निर्माण भए, जसमा अधिकांशले व्यावसायिक सफलता पाए। यद्यपि हरेक चलचित्रमा कुनै न कुनै रूपमा हास्यदृश्य राखिने भएकाले हास्यचलचित्रबाट दर्शकहरूले बढी आशा गरेको पाइयो।

सोचेअनुरूप हास्य दृश्य समेट्न नसक्दा कतिपय चलचित्र व्यावसायिक रूपमा धरासायी भए। तीन जना अन्धा, बहिरा र लाटाको चलचित्र 'टम, डिक एन्ड ह्यारी' र एक जना अन्धा र अर्को बहिराको उस्तै प्रकारको कथा र प्रस्तुति भएको चलचित्र 'प्यारे मोहन' खासै चलेनन्। हास्यदृश्य एवं रहस्यलाई राम्रोसँग समायोजन गर्न नसक्दा राम्रा कलाकारको भीड भए पनि चलचित्र '३६ चाइना टाउन' फ्लप भयो। 'लगेरहो मुन्ना भाइ' भन्दा एक महिनाअघि सार्वजनिक भएको तथा संजय दत्त र अरसद वारसीलाई नै अभिनय गराइएको हास्य चलचित्र 'एन्थोनी कौन है'लाई पनि दर्शकले रुचाएनन्।

नयाँ कलाकार लिएर कम बजेटमा निर्माण गरिएका केही चलचित्रले भने यो वर्ष आशाविपरीत बक्स अफिसमा सफलताको झन्डा गाढे। महेश भट्टले निर्माण गरेको तथा अनुराग वासुले निर्देशन गरेको चलचित्र 'ग्याङस्टर'का गीत-संगीत तथा प्रस्तुतिलाई धेरै दर्शकले रुचाए। त्यसका अतिरिक्त कम बजेटमा निर्माण गरिएका 'अक्सर', 'वो लम्हे', 'खोसलाका घोसला', 'प्यारके साइट इफेक्टस्', 'जिन्दगी रक्स' जस्ता चलचित्र व्यावसायिक रूपमा सफल मानिए। अर्कातर्फ केही फरक धारका चलचित्रलाई पनि दर्शकले रुचाएको पाइयो। सैफ अलि खान तथा डिम्पल कपाडियाद्वारा अभिनित चलचित्र 'बिइङ् साइरस', सुस्मिता सेन तथा मिथुन चक्रवर्तीद्वारा अभिनीत 'चिंगारी' जस्ता चलचित्र दर्शकहरूले मन पराए। त्यसो त वर्षका सफल चलचित्रहरूको सूचीमा रहेको चलचित्र 'रङ्दे वसन्ती' पनि फरक धार र मूल धारको बीचमा रहेर निर्माण गरिएको थियो।

यो वर्ष केही चलचित्र अपेक्षाविपरीत सामान्य रहे। ती चलचित्रले प्रचारप्रसार र चर्चित कलाकारहरूको भीडका कारण प्रदर्शन अगावै सुपरहिट हुन सक्ने सम्भावना बोकेका थिए, तर जब चलचित्र प्रदर्शन भयो, व्यावसायिक रूपमा ती चलचित्रले सामान्य सफलता मात्र पाए। सलमान खान, प्रीति जिन्टा र अक्षयकुमारको प्रेम त्रिकोण 'जानेमन', अफगानिस्तानको गृहयुद्धको विषय समेटिएको 'काबुल एक्सप्रेस', प्रेम र विश्वासलाई आधार बनाइएको 'ओमकारा', इन्गेज्मेन्टदेखि विवाहसम्मको कथा समेटिएको 'विवाह', विधवा बुहारीको कन्यादान गर्न सकिन्छ भन्ने अवधारणा बोकेको 'बाबुल', सामान्य कुराले विकराल रूप लिन सक्ने कुरा दर्साइएको 'ट्याक्सी नम्बर ९२११' जस्ता केही चलचित्र व्यावसायिक तवरबाट सुपरहिट त भएनन्, तर फ्लप पनि मानिएनन्।

## सफल चलचित्र

### लगेरहो मुन्नाभाई



निर्देशक : राजु हिरानी
कलाकार : सञ्जय दत्त, अरसद वारसी, वोमन इरानी, विद्या बालन।
संगीत : शान्तनु मोइत्रा

### क्रिष

निर्देशक : राकेश रोशन
कलाकार : ऋतिक रोशन, प्रियङ्का चोपडा, रेखा, नसिरुद्धिन शाह।
संगीत : राजेश रोशन

### रंगदे वसन्ती

निर्देशक : राकेश मेहरा
कलाकार : आमिर खान, सोहा अलिखान, अतुल कुलकर्णी।
संगीत : एआर रहमान

### धुम-२

निर्देशक : सञ्जय गढवी
कलाकार : अभिषेक बच्चन, ऐश्वर्या राय, ऋत्विक रोशन, उदय चोपडा।
संगीत : प्रीतम चक्रवर्ती

### फना

निर्देशक : कुणाल कोहली
कलाकार : आमिर खान, काजोल, ऋषि कुपुर, तब्बु।
संगीत : जतिन-ललित

### कभी अलविदा ना कहना

निर्देशक : करण जौहर
कलाकार : अमिताभ बच्चन, शाहरूख खान, अभिषेक बच्चन, रानी मुखर्जी, प्रीति जिन्टा।
संगीत : शंकर एहसान लोय

### फिर हेराफेरी

निर्देशक : नीरज बोरा
कलाकार : परेश रावल, अक्षय कुमार, सुनिल सेट्टी, विपासा वासु।
संगीत : हिमेश रेशमिया

### ग्याङ्स्टर

निर्देशक : अनुराग वासु
कलाकार : इमरान हासमी, सिनी आहुजा, कंगना रानावत, गुलशन ग्रोवर।
संगीत : प्रीतम चक्रवर्ती

### गोलमाल

निर्देशक : रोहित सेट्टी
कलाकार : अजय देवगन, अरसद वारसी, तुषार कपुर, शरमन जोशी, परेश रावल, रिमी सेन।
संगीत : विशाल-शेखर

### डन

निर्देशक : फरहान अख्तर
कलाकार : शाहरूख खान, प्रियङ्का चोपडा, करिना कपुर, इशा कोप्पिकर, वोमन इरानी।
संगीत : शंकर एहसान लोय

## असफल चलचित्र




१. उमराव जान, २. प्यारे मोहन, ३. ३६ चाइना टाउन, ४. एन्थोनी कौन है, ५. टम डिक एन्ड ह्यारी, ६. तथास्तु, ७. मेरे जीवन साथी, ८. शादी करके फस गया यार, ९. आपकी खातिर, १०. जमानत।

# समीक्षकको संकलन कि दर्शकको रुचि ?

### रोलिङ स्टोन वर्ष पुस्तकका आधारमा वर्षका दस उत्कृष्ट चलचित्र

**द डिपार्टेड**
निर्देशक : मार्टिन स्कोरसेसे
कलाकार : लियोनार्दो डि क्याप्रियो, म्याट डेमोन, ज्याक निकल्सन ।

**ड्रिमगर्ल्स**
निर्देशक : विल कोन्डन
कलाकार : जेमी फोक्स, बियोन्से नोलेस ।

**लेटर्स फ्रम इयो जिमा**
निर्देशक : क्लिन्ट इस्टउड
कलाकार : केन वान्टा बी, काजुनारी निनोमिया, तोयुसी इहारा, रोयो कासे ।

**भोल्भर**
निर्देशक : प्रेड्रो आल्मोडोभर
कलाकार : पेनोपल क्रुज, कारमेन माउरा, लोला ड्युनाज, ब्रान्सा पोलिलो ।

**बाबेल**
निर्देशक : अलेजान्द्रो गोन्जालेज
कलाकार : ब्राड पिट, केट ब्लानसेट, मोहम्मद कन्जाम ।

**युनाइटेड ९३**
निर्देशक : पाउल ग्रीनग्रास
कलाकार : क्रिस्टियन सेलेमोन्सन, ट्रिस गेट, डेविड अलान बासासे ।

**द क्विन**
निर्देशक : स्टेफन फियर्स
कलाकार : हेलन मिरेन, माइकल सिन, जेम्स क्रोमवेल

**बोरेट**
निर्देशक : ल्यारी चार्लिज
कलाकार : साचा कोहेन, केमेला बेली ।

**लिटिल मिस सनसाइन**
निर्देशक : जोनाथन डेटोन/भेलिराइ फारिस
कलाकार : अ बिगेल ब्रेसलिन, ग्रेग किन्नेर ।

**प्रेरी होम कम्पेनियन**
निर्देशक : रोबर्ट अल्टम्यान
कलाकार : वोडी ह्यारेसन, टोमी लि जोन्स, ग्यारिसन केलर ।

**दस निकृष्ट चलचित्र**
बबी
द डा भिन्चीकोड
स्नेक अन अ प्लेन
एक्सम्यान द लास्ट स्ट्यान्ड
बेसिक इन्सिक्ट-२
द न्याटिभिटी स्टोरी
लेडी इन द वाटर
क्लिक
डेथ अफ अ प्रेजिडेन्ट
अल द किड्स म्यान

विश्वप्रसिद्ध मनोरञ्जन पत्रिका 'रोलिङ स्टोन'को यही डिसेम्बर महिनामा प्रकाशित 'इयर बुक-२००६' को प्रस्तुतिका आधारमा वर्षभरिका दस उत्कृष्ट अंग्रेजी चलचित्रको छनौट गरिएको छ, जसमा निर्देशक मार्टिन स्कोरसेसेद्वारा निर्देशित तथा लियोनार्दो डिकाप्रियोद्वारा अभिनीत चलचित्र 'द डिपार्टटेड'लाई उत्कृष्ट चलचित्र भनिएको छ। अर्कातर्फ इन्साइक्लोपिडियासम्बन्धी प्रसिद्ध वेब पोर्टल 'विकीपिडिया डट ओआरजी'ले वर्ष २००६ मा सार्वजनिक भएका अंग्रेजी चलचित्रमध्ये व्यावसायिक रूपमा सफल दसवटा चलचित्रका बारेमा उल्लेख गरेको छ। 'टप ग्रसिङ फिल्म्स' शीर्षकमा उक्त वेबसाइटमा अस्ट्रेलिया, बेलायत, अमेरिका, क्यानाडालगायत विश्वभरका अधिकांश देशमा प्रदर्शन भै रकम संकलन गरेको आधारमा कमाएको कुल रकमसहित दसवटा उत्कृष्ट चलचित्रहरूलाई सफल चलचित्रको सूचीमा राखिएको छ, जसमा एक अरब पैंसट्ठी करोड डलरभन्दा बढी कमाएको आधारमा गोर भर्बिनस्कीद्वारा निर्देशित हलिउडको चलचित्र 'पाइरेट्स अफ द क्यारिबियन : डेड म्यान्स चेस्ट'लाई पहिलो नम्बरमा राखिएको छ।

यद्यपि 'मुभिज डट याहु डटकम'को 'अल टाइम हिट्स' सूचीमा हेर्ने हो यो चलचित्र बक्सअफिस संकलनका आधारमा छैटौं स्थानमा आउँछ। सन् १९९७ मा प्रदर्शित 'टाइटानिक'ले अझै पनि पहिलो स्थान ओगटेको छ। त्योभन्दा पनि अचम्मको कुरा के छ भने सन् १९७७ मा प्रदर्शित 'स्टार वार्स' दोस्रो स्थानमा छ। तेस्रो, चौथो र पाँचौं स्थान क्रमश: सन् २००४ मा प्रदर्शित 'स्रेक-२', १९८२ मा प्रदर्शित 'इटी' र १९९९ मा प्रदर्शित 'स्टार वार्स : एपिसोड वान'ले ओगटेका छन्। उक्त सूचीका आधारमा भन्न सकिन्छ– यो वर्ष हलिउडका चलचित्रहरूले बक्सअपिसमा कुनै ठुलो फड्को मार्न सकेनन्।



हलिउडमा यो वर्ष एक्सन तथा एनिमेटेड चलचित्रको निर्माण बढी भयो। अब त भिजुअल इफेक्ट्स र एनिमेसन नगरी हलिउडमा चलचित्रको निर्माण नै सम्भव छैन जस्तो भैसक्यो। 'आइस एज : द मेल्टडाउन', 'हेप्पी फिट', 'कार्स', 'ओभर द हेज' जस्ता कार्टुन एनिमेटेड चलचित्रले बालबालिकाहरूको मन त जिते नै, साथसाथै त्यस्ता चलचित्र हेरेर रमाइलो मान्नेहरूमा वयस्कहरू पनि निकै रहे। अर्कातर्फ सुपर हिरोहरूको एनिमेटेड एक्सन देखाएर पनि कतिपय हलिउडका चलचित्रले दर्शकहरूलाई रोमाञ्चित बनाए। 'एक्सम्यान : द लास्ट स्ट्यान्ड', 'सुपरम्यान रिटर्नस्' जस्ता चलचित्रले हलिउडको बक्स अफिसमा उल्लेख्य स्थान बनाए। एक्सन तथा रोमाञ्चक चलचित्रहरूको यो वर्ष बाढी नै आयो। अभिनेता टम क्रुजद्वारा अभिनीत 'मिसन इम्पोसिबल-३', चर्चित जासुस जेम्स बोन्डका क्रियाकलापमा आधारित 'क्यासिनो रोयल', साँप आतंकमा आधारित 'स्नेक अन द प्लेन' न्यूयोर्कको ट्वीन टावरमा भएको आतंकवादी आक्रमणमा आधारित 'युनाइटेड ९३' जस्ता रोमाञ्चक एक्सन चलचित्रले पनि यो वर्ष राम्रो व्यवसाय गर्नुका साथै चर्चा पनि पाए।

'रोलिङ स्टोन' पत्रिकाका अनुसार निर्देशक डेविड ल्यान्चको 'इनल्यान्ड इम्पायर'को डरलाग्दो प्रस्तुति, टोड फिल्डको 'लिटिल चिल्ड्रेन'मा बालबालिकाहरूलाई कानुनी रूपमा धर्मपुत्र/पुत्री बनाउने प्रचलन, माइकल मनको ग्याङस्टरका विषयमा बनाइएको चलचित्र 'मियामी भाइस', धूम्रपान गर्ने बानीमा आधारित 'थ्याङ्क्यु फर स्मोकिङ', रहस्य र जादुमा केन्द्रित 'द प्रेस्टिज', मित्रताको सही अर्थ दर्साउन खोजिएको 'ओल्ड जोय', अपराध कथामा आधारित निर्देशक जोन हिलकोटको चलचित्र 'द प्रोपोजिसन' मेल गिब्सनको 'अपोक्यालिप्टो', क्रिस्टोफर गेस्टको 'फोर योर कन्सिडेरेसन', गुलेर्मो डेल टोरोको 'लेडीबर्थ' आदि चलचित्रलाई 'बेस्ट अफ द रेस्ट' भनिएको छ, अर्थात् सफल दस चलचित्रको सूचीमा नपरे पनि ती चलचित्रलाई दर्शकहरूले रुचाए भन्ने ठहर उक्त पत्रिकाको छ।

वर्ष २००६ मा विगतमा बनाइएका एवं अत्यधिक सफलता प्राप्त गरेका केही चलचित्रका नयाँ श्रृंखला पनि बनाइए र प्रदर्शन गरिए। प्रदर्शनअगावै निकै हल्ला गरिए पनि ती चलचित्रमा दर्शकहरूले खासै अभिरुचि देखाएनन्। फलस्वरूप ती चलचित्रमध्ये धेरैजसो व्यावसायिक तवरबाट फ्लप मानिए भने केहीले अनुमान गरेजति व्यापार गर्न सकेनन्। विगतमा निकै सफल मानिएको यौनवादी चलचित्र 'बेसिक इन्सिक्ट'को सिक्वेल यो वर्ष प्रदर्शनमा आयो। उक्त चलचित्रकी अभिनेत्री स्यारोन स्टोनको 'सेक्सी' नितम्बप्रति दर्शकहरूको रुचि देखिएन।

त्यस्तै विगतमा चर्चाको चुचुरोमा रहेका अभिनेता टम क्रुजका साहसिक कार्यहरू समेटिएको एक्सन एवं जासुसी चलचित्र 'मिसन इम्पोसिबल'को तेस्रो भागलाई कतिपय हलिउड समीक्षकले पहिलो र दोस्रोभन्दा कम प्रभावशाली बताए। उक्त चलचित्रले बक्स अफिसमा छैटौं स्थान ओगट्यो। सुपर हिरोहरूमा सबैभन्दा प्रभावशाली मानिएको सुपरम्यानलाई यो वर्ष हलिउडले फेरि ब्यूँतायो। यद्यपि नयाँ सुपरम्यानको चलचित्र 'सुपरम्यान रिटर्नस्' गत वर्षको 'स्पाइडरम्यान' भन्दा प्रभावशाली हुन सकेन।

वर्ष २००६ को अन्त्यमा हरेक वर्षझैं आ-आफ्नै प्रकारबाट उत्कृष्ट चलचित्रको छनौट गर्ने काम भयो। त्यसमा पनि विशेष गरी समीक्षकहरूले उत्कृष्ट भनेका चलचित्र व्यावसायिक चलचित्र हेर्ने बानी परेका दर्शकहरूको रुचिसँग मिल्न सकेको छैन। रोलिङ स्टोनको वर्ष पुस्तकमा उल्लेख भएका चलचित्र समीक्षकहरूले मन पराएका चलचित्र हुन् भने बक्स अफिसमा संकलन राम्रो गरेका चलचित्र दर्शकले रुचाएका व्यावसायिक चलचित्रहरू हुन्।

### बक्स अफिस संकलनका आधारमा सबैभन्दा बढी हेरिएका चलचित्र

**पाइरेटस् अफ द क्यारिबियन**
निर्देशक : गोरे भोनबिस्की
कलाकार : जोनी डिप, ओरान्डो ब्लुम, किरा नाइट्ली ।
संकलन : १,०६५,३९६,८१२ अमेरिकी डलर

**द डा भिन्ची कोड**
निर्देशक : रोन हावर्ड
कलाकार : टम ह्याङ्क्स, अर्डे टोटाउ ।
संकलन : ७५६,६६३,१३७ अमेरिकी डलर

**आइसएज : द मेल्ट डाउन**
निर्देशक : कार्लोस सान्डान्हा
कलाकार : (स्वराङ्कन मात्रै) रे रोमाव, जोन लिग्विजामो, डेनिस लेरी ।
संकलन : ६४७,२४६,१६२ अमेरिकी डलर

**कार्स**
निर्देशक : जोन लेस्टर
कलाकार : (स्वराङ्कन मात्रै) ओवेन विल्सन, पाउल न्युम्यान ।
संकलन : ४६१,८०१,९८२ अमेरिकी डलर

**एक्स म्यान : द लास्ट स्ट्यान्ड**
निर्देशक : ब्रेट रेटनर
कलाकार : ह्युग ज्याकम्यान, हेली बेरी, इयान म्याकलिन ।
संकलन : ४५८,७५१,४४८ अमेरिकी डलर

**मिसन इम्पोसिबल-३**
निर्देशक : जेजे अब्राहम्स
कलाकार : टम क्रुज, फिलिप सेमोर हफम्यान, केरी रसेल ।
संकलन : ३९६,१७५,२२१ अमेरिकी डलर

**सुपरम्यान रिटर्नस्**
निर्देशक : ब्रायन सिंगर
कलाकार : ब्रान्डन रुथ, केट बोस्ओर्थ, केभिन स्पासे ।
संकलन : ३९१,०८१,१९२ अमेरिकी डलर

**क्यासिनो रोयल**
निर्देशक : मार्टिन क्याम्पबेल
कलाकार : डेनियल केरिग, इभा ग्रीन, म्याडस् मिकेल्सन ।
संकलन : ३७६,९२९,९०० अमेरिकी डलर

**ओभर द हेज**
निर्देशक : टिम जोन्सन/केरेक्रिक प्याट्रिक
कलाकार : (स्वराङ्कन मात्रै) ब्रुस विलिस, गेरी स्यान्डिङ ।
संकलन : ३३१,२४१,९९६ अमेरिकी डलर

**द डेभिल वेयर्स प्रदा**
निर्देशक : डेविड फ्रयाङ्केल
कलाकार : मेरियल स्ट्रिप, एन्नी हाथावे, इमिली ब्लन्ट ।
संकलन : ३११,६९५,०२६ अमेरिकी डलर

# चर्चित दस अभिनेता/अभिनेत्री

कसको अभिनय उत्कृष्ट ? कसले ओस्कारमा आफ्नो वर्चस्व राख्न सक्छ ? कसले वर्षभर चर्चा पायो ? जस्ता खुल्दुलीहरूका बारेमा एउटा वेबसाइटले डाटा संकलन गर्ने गरेको छ। हलिउडका चलचित्र तथा अन्य खबरहरू अपडेट गरिरहने उक्त बेवसाइट आईएमडीबी डटकमले अभिनय, समाचार तथा दर्शक मतका आधारमा २५ जना चर्चित अभिनेता तथा अभिनेत्रीहरूको सूची सार्वजनिक गरेको छ। प्रस्तुत छ उक्त साइटमा उल्लेख गरिएका सबैभन्दा चर्चित २५ अभिनेता तथा अभिनेत्रीमध्ये दस जनाको विवरण :

**जोनी डिप (अभिनेता)**

'पाइरेटस् अफ द क्यारिबियन : डेड म्यान्स चेस्ट'का नायक आईएमडीबीको सूचीमा विगत तीन वर्षदेखि एक नम्बरको स्थानमा विराजमान छन्। यो वर्ष सार्वजनिक उनको उक्त चलचित्रले फेरि एक पटक उनलाई नम्बर एक नै बनाएको छ।

**एन्जिलिना जोली (अभिनेत्री)**

विश्वभरिका युवाहरूको हृदयको धड्कन बन्न सफल नायिका एञ्जिलिना जोली उक्त सूचीमा दोस्रो नम्बरमा छिन्। यद्यपि अभिनयभन्दा पनि समाचारमा छाएकीले उनी उक्त स्थानको हकदार बनेकी हुन्। गत वर्ष पनि उनी त्यही स्थानमा थिइन्।

**जेसिका अल्बा (अभिनेत्री)**

चलचित्र 'सिन सिटी'बाट चर्चा पाएकी यी अभिनेत्री गएको वर्ष उक्त सूचीमा छैटौं स्थानमा थिइन्। यो वर्ष उनले अभिनयकै कारण आफैंले सञ्चालन गरेको 'एम टिभी मुभी एवार्ड'मा उत्कृष्ट अभिनेत्रीको पुरस्कार पनि पाइन्।

**ब्राड पिट (अभिनेता)**

अभिनेता ब्राड पिड अझै पनि संसारभरिका युवतीहरूमाझ उत्तिकै प्रिय छन्। उनी यो वर्ष एक जना आफ्नै सन्तान र दुई जना धर्म सन्तानका कारण चर्चामा रहे। गएको वर्ष तेस्रो स्थानमा रहेका पिट यो वर्ष एक स्थान तल झरेका छन्।

**स्कारलेट जोहन्सन (अभिनेत्री)**

गत वर्ष १३ औं स्थानमा रहेकी यी अभिनेत्रीको चर्चा बढ्दो छ। 'स्क्वायर' पत्रिकाको सर्वेक्षणमा संसारकी सबैभन्दा कामुक महिलाको उपाधि पाएकी यी अभिनेत्री हास्य चलचित्र 'स्कुप', रोमाञ्चक चलचित्र 'द प्रेस्टिज' तथा 'द ब्ल्याक डहलिया' मा अभिनय गरेर पनि चर्चामा आइन्।

**किरा नाइट्ली (अभिनेत्री)**

चलचित्र 'प्राइड एन्ड प्रिजस्टिज'मा उत्कृष्ट अभिनय गरेकीले अभिनेत्री किरा यो वर्ष ओस्कार एवार्डमा मनोनयन भइन्। त्यसका अतिरिक्त वर्षको चर्चित चलचित्र 'पाइरेट्स अफ द क्यारिबियन : डेड म्यान्स चेस्ट'मा अभिनय गरेर पनि उनले थप चर्चा पाइन्। गत वर्ष यो सूचीमा आठौं स्थानमा रहेकी कायरा यो वर्ष दुई स्थान माथि उक्लिएकी छिन्।

**लिन्डसे लोहान (अभिनेत्री)**

यो वर्ष तीनवटा चलचित्र 'बबी', 'अ प्रेरी होम कम्पेनियन' तथा 'जस्ट माई लक'मा अभिनय गरेर, सञ्चारमाध्यममा छाएर र मध्यरातसम्म पार्टीहरूमा देखिएर चर्चामा आए पनि गत वर्ष यो सूचीमा चौथो स्थानमा रहेकी अभिनेत्री लोहान तल झरेर यस पटक सातौं स्थानमा छिन्।

**टम क्रुज (अभिनेता)**

चर्चित चलचित्र 'मिसन इम्पोसिवल' को तेस्रो श्रृंखलामा अभिनयभन्दा पनि एक्सन देखाएर अभिनेता क्रुज एकपटक फेरि चर्चामा आए। त्यसो त अभिनेत्री केटी होमसँग भएको उनको पारपाचुकेले पनि चर्चा पायो। टमक्रुज सञ्चारमाध्यमहरूमा हलिउडका कलाकारहरूको संस्था 'युनाइटेड आर्टिस्टस'मा प्रत्यक्ष संलग्न भएर पनि चर्चामा आएका थिए। गत वर्ष सातौं स्थानमा रहेका यी अभिनेता यसपटक एक स्थान तल झरेका छन्।

**पेरिस हिल्टन**

आफ्ना कामुक तस्बिर तथा टेलिभिजनमा 'रियालिटी सो'की प्रस्तोता चलचित्रहरूमा अभिनय गरेर भन्दा पनि सञ्चारमाध्यम तथा दर्शकहरूकी प्रिय भएकीले उक्त सूचीमा सामेल हुन सकेकी हुन्। यद्यपि गत वर्ष पाँचौं स्थानमा रहेकी हिल्टन तीव्र गतिमा तल झर्दैछिन्।

**नटाली पोर्टम्यान**


यो वर्ष अभिनेत्री नाटाली चलचित्रमा अभिनय गरेर भन्दा पनि एउटा ऱ्याप गीतको म्युजिक भिडियोबाट चर्चामा आइन्। गत वर्ष उनको चर्चा 'स्टार वार्स-एपिसोड थ्री'मा अभिनय गरेकाले बढेको थियो। गएको वर्ष उनी नवौं स्थानमा थिइन्।


उक्त सूचीको ११ देखि २५ औं स्थानसम्म क्रमश: जेनिफर एनिस्टन, राचेल मेकाडाम्स, क्रिस्टियन बेल, केट बेकिन्सेल, हिलारी डफ, एम्मा वाटसन, जेक गिलेनहल, अरल्यान्डो ब्लुम, ज्याक एफ्रोन, टम ह्याङ्क्स, हिथ लेजर, डेलियल ऱ्याटलिफ, ब्रुस विलिस, रिज विदरस्पुन तथा क्रिस्टेन डन्स्ट छन्।













# वर्षका दस आकर्षक पुरुष

*विश्वप्रसिद्ध म्यागजिन 'पिपुल'ले प्रत्येक वर्ष विश्वका सबैभन्दा यौन आकर्षक पुरुषहरूको सूचि प्रकाशित गर्छ। उक्त म्यागजिनले त्यस्तो सूची बनाउँदा व्यक्तिको लोकप्रियता, कार्यक्षमता एवं यौन आकर्षक देखिनुको कारण, उमेर आदि कुराहरूसमेत उल्लेख गर्छ। सन् २००६ मा आ-आफ्नो क्षेत्रमा कार्यरत १ सय जनाभन्दा बढी पुरुषलाई पिपुल म्यागजिनले यस्तो सूचीमा समावेश गरेको छ। तीमध्ये १० प्रमुख पुरुष :*

### जर्ज क्लुनी



यौन आकर्षक पुरुषहरूको सूचीको पहिलो स्थानमा ४५ वर्षीय अविवाहित जर्ज क्लुनी छन्। जर्ज क्लुनीले पछिल्लो पटक चलचित्र 'ओसेनस १३' मा अभिनय गरेका छन्। क्लुनी आफ्नो मौलिक आकर्षणका साथै मिलनसार व्यवहारका लागि परिचित छन्। विना कुनै साजसज्जामा देखा पर्ने क्लुनी भन्छन्- 'म तस्बिरमा सुन्दर आवरण चाहन्नँ, किनकि साजसज्जाले कुनै पनि मानिसलाई अझ नराम्रो बनाउँछ भन्ने मेरो मान्यता छ।'

### पेट्रिक डिमपेसी

दोस्रो स्थानमा पेट्रिक डिमपेसी छन्। चलचित्र 'ग्रेज यानाटोमी' का नायक पेट्रिक डिमपेसी चार वर्षीया छोरीका बाबु हुन्। कस्मेटिक्स एक्जुक्टिभ जिलियनसँग विवाहित डिमपेसीको उमेर अहिले ४० वर्ष पुगिसकेको छ। कुनै बेला टिन आइडलका रूपमा समेत परिचित डिमपेसी आफूलाई यौन आकर्षकहरूको सूचीमा राखिनुलाई हास्यास्पद भएको बताउँदै भन्छन्– 'म अहिले त आकर्षक बलियो पुरुष पो हुँ। कसरी यौन आकर्षक भएँ ?'

### एस्टोन कुचेर

तेस्रो स्थान ओगटेका छन् एस्टोन कुचेरले। आफ्ना सहकर्मी केल्सोले हास्य श्रृंखला 'द्याट सेभेन्टिज सो' बाट सफलता प्राप्त गरेपछि एस्टोन कुचेरले पनि त्यस्तै काम गर्ने निधो गरे, यद्यपि उनका त्यस्ता धेरै श्रृंखला असफल भए, तर 'द गार्जियन' बाट कुचेरले सफलता हात पारे। कुचेरलाई गार्जियनका सहनायक केभिन कोस्टनरले के सल्लाह दिएका थिए भने बोल्ने मानिस मात्र महत्त्वपूर्ण हुन सक्दैन। २८ वर्षीय कुचेर हलीउडकी नायिका डेमी मुरसँग विवाहित छन्।

### टाय डिग्स

चौथो स्थानमा रहेका ३५ वर्षीय डिग्सलाई 'एबीसी एस डे ब्रेक' नामक एल्बममा सुन्न सकिन्छ। सांगीतिक यात्राकै क्रममा भेट भएकी इडिना मेन्जेलप्रति उनी पूर्ण रूपमा समर्पित देखिन्छन्, जो अहिले उनकी जीवनसंगिनी हुन्। डिग्स भन्छन्- 'जब मेरी श्रीमतीले मलाई म त्यहाँ छु भन्छिन्, त्यसबेला म भन्छु– म शिशु चाहन्छु।'

### जोनी डिप

पाँचौं स्थानमा रहेका जोनी डिप फ्रान्सेली नायिका भेनिसा प्यारडिससँगको अन्तरंग सम्बन्धका कारण चर्चामा छन्। डिपलाई पाइरेट्स अफ क्यारिबियन श्रृंखलाका चलचित्रमा हेर्न सकिन्छ। ४५ वर्षीय डिप एउटा पूज्य पिता हुन् जसले आफ्ना दुई सन्तान लिली रोज (७) र ज्याक (४) लाई हुर्काउन एउटा टापु नै किनेका छन्। डिपका अनुसार पैसा उनका लागि स्वतन्त्रता किनिदिने माध्यम हो।

### ओस डुमेल

छैटौं स्थानमा छन् ओस डुमेल। सुगठित शरीरका धनी ३४ वर्षीय ओस चर्चित गायक हुन्। डुमेल भन्छन्- 'जब म आफ्नो सन्तुलन गुमाउँछु, बेहाल हुन्छु। म साँच्चै नै यस्तो मानिस होइन।' कालो आँखा भएकी पिज गायिका फर्गी फर्गुसनसँग डेटिङ गरिरहेका डुमेललाई गीति एल्बम 'एनबीसीएस लसभेगस' मा सुन्न सकिन्छ।

### इन्रिक मर्कियानो

सातौं स्थानमा प्रसिद्ध सेफ इन्रिक मर्कियानो छन्। भान्साका मास्टरका रूपमा परिचित ३३ वर्षीय मर्कियानोलाई 'सीबीएस विथ आउट अ ट्रेस' नामक चलचित्रमा पनि हेर्न सकिन्छ। अविवाहित मर्कियानो भन्छन्- 'म भान्सामा बस्दा लसुन, नुन र मसला मिलाउँछु र मेरा कुनै पनि परिकार क्युवान ट्वीस्टमा नै अन्त्य हुन्छ।'

### लियोनार्दो डिक्याप्रियो

आठौं स्थानमा लियोनार्दो डिक्याप्रियो छन्। एउटा सम्पूर्ण गुणले युक्त टिन आइडलदेखि सुपर सेक्सी सुपर स्टारडमसम्मको यात्रामा डी क्याप्रियोलाई 'द डिपार्टेड' नामक चलचित्रमा उनले गरेको अभिनयका कारण मानिसहरू स्मरण गर्न चाहन्छन्। ३२ वर्षीय डी क्याप्रियो इजरायलकी मोडल बार रिफिलीसँग डेटिङमा छन्। डिक्याप्रियो भन्छन्- 'म त्यो स्थानमा आएको छु, जहाँबाट आफ्नो भविष्यलाई निर्देशित गर्न सजिलो हुन्छ।'




### जोन क्रासिन्स्की

नवौं स्थानमा जोन क्रासिन्स्की छन्। २७ वर्षीय क्रासिन्स्कीलाई चलचित्र 'एनबीसी एस द अफिस' मा हेर्न सकिन्छ। हँसाउन सक्नु नै उनको सबैभन्दा ठूलो विशेषता हो। अविवाहित क्रासिन्स्की धेरै निराश मुद्रामा रहेका युवतीहरूलाई समेत हँसाउन सक्छन्।

### जेकी गिलिन्हल

दसौं स्थानमा जेकी गिलिन्हल छन्। क्रासिन्स्कीजस्तै अविवाहित गिलिन्हल घोषित यौन आकर्षक पुरुषहरूमध्ये सबैभन्दा कान्छा हुन्, जो २५ वर्षका छन्। उनले पछिल्लो पटक 'ब्रोक ब्याक माउन्टेन' नामक चलचित्रमा जोखिमपूर्ण भूमिका निर्वाह गरेका थिए।



# वर्षका दस आकर्षक महिला

पृष्ठ २ बाट जारी



सातौं स्थान ओगट्ने नोलेसको पूरा नाम वियोन्स गिसेल नोलेस हो। सन् १९८१ मा जन्मिएकी नोलेस आर एन्ड बी समूहकी गीतकार तथा रेकर्ड निर्देशक हुन्। नोलेस ग्रामी एवार्ड विजेता पनि हुन्। नोलेस नृत्याङ्गना, नायिका, फेसन डिजाइनर तथा मोडलका रूपमा पनि परिचित छिन्। नोलेस गोल्डेन ग्लोब एवार्डको मनोनयनमा समेत परेकी थिइन्।


## इभन्गेलाइन लिली

यस वर्ष कामुक महिलाहरूको सूचीको आठौं स्थानमा रहेकी अमेरिकी नायिका इभन्गेलाइन लिली अघिल्लो वर्ष चौथो स्थानमा थिइन्। चलचित्रमा निकै सोचविचार गरेर भूमिका निर्वाह गर्ने इभन्गेलाइन लिली निकै चर्चित पनि छिन्। २५ वर्षीया इभन्गेलाइन लिली निरन्तर रूपमा म्यागजिनहरूमा अति सुन्दर तथा कामुक आकर्षक महिलाका रूपमा चर्चामा रहँदै आएकी छिन्।

## जेसिका अल्बा

यस वर्ष कामुक महिलाहरूको सूचीको नवौं स्थानमा रहेकी जेसिका अल्बा अमेरिकी नायिका हुन्। २८ अप्रिल १९८१ मा जन्मिएकी जेसिका अल्बाले डार्क एन्जेल, सिन सिटी, फेन्टारिस्टक फोर र इन टु ब्ल्युजस्ता चर्चित चलचित्रमा अभिनय गरिसकेकी छिन्। जेसिका एल्बा विगत ५ वर्षदेखि यौन आकर्षक महिलाहरूको सूचीको पहिलो १० स्थानमा पर्दै आएकी छिन्।

## जेसिका सिम्पसन



कामुक महिलाहरूको सूचीको दसौं स्थानमा रहेकी अमेरिकन पप गायिका तथा नायिका सिम्पसनको ख्याति सन् १९९० देखि सुरु भएको हो। चालीसवटा चर्चित गीत गाइसकेकी सिम्पसनको पाँच गोल्ड र दुई आरआईएए सर्टिफाइड मल्टिप्ल्याटिनम एल्बम प्रकाशित छन्। रक गायक एसली सिम्पसनकी जेठी छोरी जेसिका केही समय अघिसम्म आफ्ना श्रीमान् निक ल्याकसँग एमटीभी कार्यक्रम प्रस्तोताका रूपमा कार्यरत थिइन्।

# विश्व राजनीतिमा महिलाहरूको उदयको वर्ष



अहिले विश्वका आधा दर्जन देशमा महिला राष्ट्रपति छन् । त्यत्तिकै संख्यामा प्रधानमन्त्री तथा केही उपराष्ट्रपति पनि छन् । यसबाहेक अहिले कतिपय मुलुकमा केही रानी वा महारानी छन् भने राष्ट्रमण्डल समूहमा रहेका करिब डेढ दर्जन देशले बेलायती महारानी एलिजावेथ द्वितीयलाई राष्ट्रप्रमुख मान्दै आएका छन् । सन् १९९० यता ३० जना महिला राष्ट्रप्रमुख बने । सन् १९५० को दशकमा एकजनामात्र महिला राष्ट्र/सरकारप्रमुख थिइन् ।

युरोपेली संसद्का १ सय ६२ सदस्यमा २३ महिला छन् । विश्वका ५० देशका सांसद्मा महिला आरक्षणको व्यवस्था छ । त्यसको उदाहरण स्वीडेन हो । स्वीडेनमा ४५ प्रतिशत सांसद महिला छन् । नर्वेमा उल्लेख्य महिला संसद्मा छन् । पछिल्लो वर्ष सम्पन्न संसदीय निर्वाचनले जापानमा २६ जना महिला सांसद् चयन गऱ्यो । अफ्रिकाली मुलुक रुवान्डाको तल्लो सदनमा ४९ प्रतिशत महिला छन् । संसद्मा महिलाको अवस्था हेर्दा संयुक्त राज्य अमेरिका ६७ औं स्थानमा आउँछ । त्यहाँको प्रतिनिधिसभामा १५ प्रतिशत महिला छन् । २ सय ५० वर्षभन्दा पुरानो प्रजातान्त्रिक इतिहास भएको अमेरिकामा अहिलेसम्म महिला राष्ट्रपति भएका छैनन् । त्यसैगरी फ्रान्समा आगामी अप्रिल र मेमा हुने राष्ट्रपति चुनावका लागि सोसलिष्ट पार्टीले लोकप्रिय महिला उम्मेदवार सेगोलेन रोयललाई उभ्याएको छ ।

सन् २००६ जनवरी ३१ सम्मको तथ्यांकमा विश्वमा कुल ४४ हजार २ सय ४ सांसदमध्ये ७ हजार १ सय ६० महिला (१६ दशमलव ३ प्रतिशत) छन् । संसद्लाई पनि तल्लो र माथिल्लो भनिन्छ । त्यस हिसाबले तल्लो सदनका कुल ३७ हजार २ सय ६९ सांसद्मध्ये ६ हजार १ सय ७ महिला (१६ दशमलव ५ प्रतिशत) र माथिल्लो सदनका कुल ६ हजार ९ सय ३५ सांसदमध्ये १ हजार ५३ महिला (१५ दशमलव १ प्रतिशत) छन् । अरब मुलुकमा औसत ६ दशमलव ८ प्रतिशत महिला प्रतिनिधित्व छ ।

युरोपको नर्दिक राष्ट्रमा ४० प्रतिशत, उत्तर तथा दक्षिण अमेरिकी मुलुकमा २० दशमलव १ प्रतिशत, ओएस्सिईका सदस्य भएका युरोपेली मुलुक (नर्दिक राष्ट्रसहित) मा १८ दशमलव ४ प्रतिशत, ओएस्सिईका सदस्य भएका युरोपेली मुलुक (नर्दिक राष्ट्रबाहेक) मा १६ दशमलव ८ प्रतिशत, अफ्रिकाको उपसहारा क्षेत्रका मुलुकमा १६ दशमलव ६ प्रतिशत, एसियामा १५ दशमलव ९ प्रतिशत तथा प्रशान्त



क्षेत्रमा १३ दशमलव ९ प्रतिशत महिला सांसद (दुवै सदन गरी) छन् ।

सन् २००६ जनवरी १६ मा अफ्रिका महादेशकै पहिलो निर्वाचित महिला राष्ट्रपतिका रूपमा एलेन जोनसन सर्लिफले लाइबेरियाको राष्ट्रपतिको पदभार सम्हालिन् । सिंगो महादेशमा नयाँ कीर्तिमान नै बन्यो । उनीभन्दा अघि सन् १९१६-३० मा इथियोपियामा महारानी जौदितुको शासन थियो । अहिले दक्षिण अफ्रिकामा उपराष्ट्रपति, मोजाम्बिक तथा साओ टोम एन्ड प्रिन्सेपका प्रधानमन्त्री महिला छन् । दक्षिण अफ्रिकाका राष्ट्रपति थाबो एमबेकीले नयाँ उपराष्ट्रपतिका रूपमा फुम्जिले ग्लोरिया म्लाम्बो-न्गाकुकालाई सन् २००५ जुन २२ मा नियुक्त गरेका हुन् । ग्लोरिया दक्षिण अफ्रिकाकै पहिलो महिला उपराष्ट्रपति हुन् ।

मोजाम्बिकका प्रधानमन्त्री लुइसा डायस डिओगो हुन् । उनी सन् २००४ फेब्रुअरीदेखि बहाल भएकी हुन् । डायस मोजाम्बिककै पहिलो महिला प्रधानमन्त्री हुन् । साओ टोम एन्ड प्रिन्सेपमा सन् २००५ जुन ८ देखि मारिया दो कार्मो ट्रोभोआडा पिरेज दे कार्भाल्हो सिल्भेइरा प्रधानमन्त्री छिन् तर उनी भने मुलुकको दोस्रो महिला प्रधानमन्त्री हुन् ।

आयरल्यान्डकी महिला राष्ट्रपति मेरी म्याकएलिसीको नाम चर्चित छ । उनी पछिल्लोपटक सन् २००४ अक्टोबर १ मा आयरल्यान्डको राष्ट्रपतिमा दोस्रो कार्यकालका लागि निर्वाचित भएकी हुन् । आयरल्यान्डका आठौं राष्ट्रपति म्याकएलिसीभन्दा पहिले मेरी रबिन्सन त्यहाँ राष्ट्रपति थिइन् । म्याकएलिसीले सन् १९९७ नोभेम्बर ११ मा राष्ट्रपति पद सम्हालेकी हुन् । उता लात्भियामा भाइरा भाइक-फ्रेइबर्गा सन् १९९९ जुलाइ ८ देखि राष्ट्रपति छिन् । उनी सन् २००३ मा दोस्रो कार्यकालका लागि निर्वाचित भएकी हुन् । भाइरा लात्भियाकै पहिलो महिला राष्ट्रपति हुन् ।

सन् २००६ जनवरी २९ मा फिनल्यान्डमा सम्पन्न दोस्रो चरणको राष्ट्रपति निर्वाचनमा तार्जा हालोनेन पुनः विजयी भइन् । तार्जाले मार्च १ देखि आफ्नो दोस्रा कार्यकाल सम्हाल्दैछिन् । तार्जा सन् २००० मार्च १ देखि नै फिनल्यान्डको राष्ट्रपति रहँदै आएकी छिन् । तार्जा पनि फिनल्यान्डको पहिलो महिला राष्ट्रपति हुन् । सन् २००५ नोभेम्बर २२ मा जर्मनीको पहिलो महिला चान्सलरका रूपमा डा. एन्जेला डोरोथिया मर्केल निर्वाचित भइन् । सन् १९९० मा पूर्वी तथा पश्चिम जर्मनी एकीकृत भएपछि पूर्वी जर्मनीबाट सरकार प्रमुख हुने उनी पहिलो व्यक्ति पनि हुन् । डेनमार्कमा सन् १९७२ देखि रानी मार्गरेथ द्वितीया छिन् । उता बेलायती महारानी एलिजावेथ द्वितीया कायम छिन् । निदरल्यान्ड्समा सन्१९८० देखि रानी बिट्रिक्स राष्ट्रप्रमुखका रूपमा कार्यरत छिन् ।

फिलिपिन्समा ग्लोरिया माकापागल-अर्रोयोले सन् २००१ जुलाइ २० देखि राष्ट्रपतिको पदभार सम्हाल्दै आएकी छिन् । उनी सन् १९९८ मा पहिलो महिला उपराष्ट्रपति नियुक्त भएकी थिइन् । राष्ट्रपति जोसेफ एस्ट्राडा पदबाट हट्नु परेपछि अर्रोयो उक्त पदमा बहाल भएकी हुन् । अर्रोयो फिलिपिन्सकी दोस्रो महिला राष्ट्रपति हुन् । दक्षिण कोरियाको इतिहासमै पहिलो पटक महिला प्रधानमन्त्रीको नियुक्ति भएको छ । कोरियाको सत्तारूढ युरी पार्टीका सांसद एवं महिला अधिकारवादी नेतृ हान म्युङ सुक २४ मार्चमा त्यहाँको प्रधानमन्त्री पदमा नियुक्त भइन् । दुई पटक संसद्मा निर्वाचित सुक राष्ट्रपति पछि दोस्रो मार्यादाक्रममा पर्छिन् । उनी ६१ वर्षकी छिन् । बंगलादेशकी प्रधानमन्त्री पनि महिला नै हुन् । प्रधानमन्त्री खालेदा जिया सन् २००१ देखि पदमा छिन् । निरंकुश शासन समाप्ति लगत्तै सम्पन्न निर्वाचनपछि सन् १९९१ देखि सन् १९९६ सम्म उनी बंगलादेशको पहिलो महिला प्रधानमन्त्री भएकी थिइन् । पछिल्लो वर्ष श्रीलंकाली राष्ट्रपति चन्द्रिका कुमारातुंगा बाहिरिएकी हुन् ।

चिलीमा सन् २००६ जनवरी १५ मा सम्पन्न आमनिर्वाचनबाट भेरोनिका मिचेल बाचेलेट जेरिया निर्वाचित भइन् । उनको कार्यकाल सन् २००६ मार्च ११ मा सुरु भएको थियो । उनी पनि चिलीकी पहिलो महिला राष्ट्रपति हुन् । मिचेल ल्याटिन अमेरिकाकै पहिलो महिला राष्ट्रपति पनि हुन् ।

जमैकामा पोर्टिया सिम्प्सन-मिलर सन् २००६ मार्च ३० देखि प्रधानमन्त्री छिन् । सन् १९४५ मा जन्मिएकी मिलरलाई सन् २००६ फेब्रुअरीमा सत्तारुढ दल पिपुल्स नेसनल



पार्टीले अध्यक्ष छानेको थियो । उनी जमैकाको पहिलो महिला प्रधानमन्त्री पनि हुन् । राजनीतिमा महिलाको कुरा गर्दा ल्याटिन अमेरिकाको उदाहरण दिनैपर्छ । त्यहाँ पछिल्लो दस वर्षको अवधिमा महिला नेतृहरूको संख्या ५० प्रतिशत नै बढेको छ । न्युजिल्यान्डमा सन् २००५ सेप्टेम्बर १७ मा भएको आमनिर्वाचनले हेलेन एलिजावेथ क्लार्कलाई प्रधानमन्त्रीमा फर्कायो । उनी तेस्रो कार्यकालका लागि प्रधानमन्त्री भएकी छिन् । क्लार्क न्युजिल्यान्डको दोस्रो महिला-प्रधानमन्त्री हुन् ।

**– एकराज सुवेदी**



# रोमाञ्चक सम्बन्धको
# दुःखान्त अन्त्य

**भोला महतो**

मनोरञ्जनको रमाइलो संसारमा रम्दै आएका नामुद कलाकारहरूको वर्णन गर्नै नसकिने रोमान्स तथा विवाहका कथाहरू चलचित्रभन्दा पनि नाटकीय रूपमा भताभुङ्ग भएको कुरा सामान्य हुँदै गएका छन् । कलाकारहरूका व्यक्तिगत विवाद सार्वजनिक हुनुका साथै वैवाहिक सम्बन्धविच्छेद एवं रोमान्सका घटनाहरूको चर्चा सन् २००६ मा चुलिएर गएको छ । त्यसो त पश्चिमा मुलुकमा खुला रोमान्स गर्नु विवाहपूर्व नै यौनसम्बन्ध राख्नु, शिशु जन्माउनु, विवाह नै नगरी सँगै बस्नुलाई त्यति अनौठो मानिंदैन ।

वर्षको अन्तसँगै विश्वचर्चित कलाकारहरू टम क्रुज र केट मोस आफ्नो वैवाहिक सम्बन्धलाई अन्त गर्ने अवस्थामा पुगेका छन् । गत वर्ष अठार महिना लामो रोमान्सपछि उनीहरू इटालीमा आयोजित एउटा भव्य विवाह समारोहमा दाम्पत्य बन्धनमा बाँधिएका थिए । तत्पश्चात उनीहरूको मायाको चिनोस्वरूप छोरी सुरीको जन्म भएको थियो तर सपनाभैं लाग्ने त्यो विवाहको दुःखान्त अन्त मात्र भएको छैन, टमको केट र मायालाग्दी छोरी सुरीसितको मायाको त्यान्द्रोसमेत टुट्न पुगेको छ । यसअघि रोमान्समा खप्पिस मानिने टम क्रुजले प्रसिद्ध अभिनेत्री निकोल किडम्यानसँग विवाहपछि सम्बन्धविच्छेद गरेका थिए । टम क्रुजसँगको सम्बन्धविच्छेदबाट हतप्रभ भएकी निकोल किडम्यानले केही समयअघि सिड्नीमा आयोजित एउटा गोप्य विवाह समारोहमा लोकगायक केइथ अरवानसँग विवाह गरेकी थिइन्, तर संयोग सन् २००६ मै टम क्रुज र निकोल किडम्यान दुवैको दोस्रो विवाह पनि असफल भयो ।

संसारभरि ख्याति कमाएकी पप सुन्दरी (टिन आयडोल) तथा नवयौवना गायिका ब्रिटिनी स्पेयर्स र केभिन फिडरलाइनबीच तथा अर्का सेलिब्रेटी पाउल मेक कारटिनी र हिथर मिल्सको वैवाहिक सम्बन्ध पनि टुट्ने अवस्थामा पुगेको छ । दुई वर्षअघि मात्र विवाह-बन्धनमा बाँधिएका गायिका ब्रिटिनी स्पेयर्स र केभिन फिडरलाइनबीच सम्बन्धविच्छेद हुन लागेको सनसनीपूर्ण समाचार तब आयो जतिखेर उनीहरूले भर्खरै मात्र दोस्रो शिशुलाई जन्म दिएका थिए । अर्कातिर पाउल मेक कारटिनीको वैवाहिक सम्बन्ध ध्वस्त हुनुमा मिडियाको हात रहेको धेरैको ठहर छ । पाउलको विगतका सम्बन्धहरूको चर्चा र खराब आचरणका बारेमा मिडियाले नै नानाथरी लेख तथा समाचारहरू छापी वैवाहिक जीवनमा कटुता उत्पन्न गराएको र अन्ततः सम्बन्धविच्छेदको अवस्थामा पुऱ्याएको टिप्पणी धेरैले गरेका छन् । श्रीमती हिथर मिल्सले सम्बन्धविच्छेद गर्नुअघि पाउल मेककारटिनीबाट ८ सय २५ मिलियन पाउड सम्पत्ति अधिकारस्वरूप पाउनुपर्ने दाबी गरेकी छिन् तर यस्तो सम्पत्ति र पैसाको लोभ गायिका ब्रिटिनी स्पेयर्सले नदेखाएकीले उनीहरूबीच सम्पत्ति र पैसाको बाँडफाँडको विवाद उठेको छैन ।

यस्तै यसै वर्ष वैवाहिक सम्बन्ध विच्छेदको तीक्तता बेहोर्ने सूचीमा छिन् संसारकै नामुद सेक्स सिम्बोल पामेला एन्डरसन । पामेला संगीतकार किड रकसँग मात्र चार महिनाको वैवाहिक आनन्द उठाएर छुट्टिँदै छिन् । हलिउडमा टम क्रुज, निकोल किडम्यान, ब्रिटिनी स्पेयर्सजस्ता कुनै पनि सेलिब्रेटीको वैवाहिक सम्बन्ध एउटैसित गाँसिरहने र जीवन सुखद हुने देखिंदैन । किनभने ओस्कार पुरस्कार जित्ने नायिका रिज विथरस्पुनको जीवनमा पनि यस्तै घटना घटेको छ । रिजले आफ्नो विवाह भएको सात वर्ष नपुग्दै रियान फिलिपसँगको वैवाहिक सम्बन्ध तोडेकी छिन् । त्यस्तै ओस्कार पुरस्कार जित्ने अर्की नायिका हिलारी स्वान्कको पनि चाद लोवीसँग वैवाहिक सम्बन्धविच्छेद भएको छ । अर्कातिर सेलिब्रेटी सोल डिभा ह्वाइटनी हस्टन तथा बबी ब्राउनले त आफ्नो सम्बन्धविच्छेदको घोषणा टेलिभिजनमार्फत गरेर सबैलाई आश्चर्यचकित तुल्याएका छन् । पश्चिमा संसारमा विवाहबन्धनभन्दा स्वतन्त्रापूर्वक यौनसम्बन्ध गाँस्ने र खुला भएर बस्ने संस्कृतिका कारण यस्ता रोमान्स अनि सम्बन्धविच्छेदका घटनाहरू घट्नु अनौठो नभएको प्रतीत हुन्छ ।

सेलिब्रेटीका प्रेम, रोमान्स र यौनसम्बन्ध तथा सम्बन्धविच्छेदका घटनाहरू मसला हुने भएकाले आमसञ्चारमाध्यमहरूले खोजीखोजी त्यस्ता समाचार लेख्ने वा प्रसारण गर्ने त भए नै, तर सन् २००६ मा यस्ता घटनाहरूसँगै सेलिब्रेटी कलाकारले धर्मपुत्र बनाएका विवादयुक्त सामाचारले पनि निकै चर्चा पाए ।

टम क्रुज र केट होम्स, एन्जला जोली र ब्राड पिटले धर्मपुत्र बनाएको चर्चा खुबै चल्यो तर चर्चित पप स्टार म्याडोनाले एउटा अफ्रिकी बालकलाई धर्मपुत्र बनाउँदा धेरै ठूलो विवाद उत्पन्न भयो । उनले मलावीका अठार वर्षीय बालक डेभिड बान्दालाई धर्मपुत्रका रूपमा अँगालेकी छिन् । धर्मपुत्र बनाउनु उनका लागि एउटा ठूलो कानुनी चुनौती बनेको छ । म्याडोनाले आफूले यस्ता थुप्रै चुनौती पार गरेको बताउँदै एउटा बालकको जीवन सुरक्षित गर्नबाट मानवअधिकारवादी, सरकार तथा आमसञ्चार-माध्यमहरूले विवाद खडा नगर्ने कुरामा आफू विस्वस्त रहेको बताएकी छिन् ।

सन् २००६ मा सेलिब्रेटीहरूका सन्की व्यवहार, दुराचार, लागूपदार्थको दुर्व्यसनजस्ता सामाचारले पनि उत्तिकै चर्चा पाए । ओस्कार पुरस्कार विजेता चलचित्र निर्देशक मेल गिब्सनले लागू पदार्थ सेवन गरी मालिबुमा कार दुर्घटना गराएर आफ्नो सबै इज्जत गहतको भोलमा फाले । उनलाई पक्राउ गरेर प्रहरी कस्टडीमा थुनियो र दण्डित गरियो । त्यस्तै सुपरमोडेल नाओमी क्याम्पवेल र केट मोस घरमा काम गर्न राखेकी नोकर्नीलाई मोबाइलले हिर्काएको आरोपमा अदालतमा मुद्दा खेपिरहेका छन्, तर धन्न उनीहरूलाई खतरनाक अपराधीको दर्जा दिइएको छैन । यस्तै ब्रिटिस गायक जर्ज माइकेलले प्रहरीबाट पिटाइ खाएको, लागू औषधी सेवन गरेर राति बाटोमै कारछेउमा लडेको अवस्थामा भेटिएको पाइए पनि उनले आफ्नो अपराध अस्वीकार गरेका छन् । यसैगरी सन् १९७० को दशकमा गीत गाएर ख्याति कमाएका अर्का गायक गे गिल्टिर भियतनाममा बाल यौन दुराचारीका रूपमा पक्राउ परेर दण्ड पाएको घटनाले तमाम सेलिब्रेटीहरूलाई नै लज्जित तुल्याएको छ ।

SHIKHAR MUSIC शिखर म्युजिक अपडेट SHIKHAR Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## उत्कृष्ट हिन्दी पप

१.तु याद ना आए - हिमेश रेशमियाँ
२.तौबा तौबा - कैलाश खेर
३.मै सोत्ती रहियाँ - शोभा मुदगल
४.आपके दिलमे - आशा भासले/सञ्जय दत्त
५.महफुज - युफोरिया
६.डुम्मा डुम्मा - देवोजित
७.बिखरा हुँ मै - जल
८.गुञ्ज - बन्दिस
९.पञ्जाबी ५०- दमदम प्रोजेक्ट
१०.चल दिल मेरे- अलि जाफर

## उत्कृष्ट चलचित्रका गीत

१.रुबरु - रंग दे वसन्ती
२.चाँद सिफारिस - फना
३.ओमकारा- ओमकारा
४.पलपल हरपल-लगेरहो मुन्नाभाइ
५.कभी अलविदा ना कहना- कभी अलविदा ना कहना
६.या अली - ग्याङस्टर
७.मै हुँ वो आसमा - क्रिस
८.ह्वेर द पार्टी टु नाइट- कभी अलविदा ना कहना
९.बिडी जलाइले- ओमकारा
१०.क्रेजी किया रे - धुम २

# चलचित्रकै संगीतको बढी चर्चा



विगतका वर्षहरूमा झैं यो वर्ष पनि हिन्दी गीतमा बलिउडका गीतहरू नै धेरै रुचाइए। त्यसो त चलचित्रबाहेकका गीत चर्चामा नआएका होइनन्, तर त्यसमा पनि बलिउडका चलचित्रमा कार्यरत संगीतकर्मीहरूकै हालीमुहाली थियो। गायक तथा संगीतकार हिमेश रेशमियाँका गीतहरू वर्षभरि चर्चामा रहे। नाके स्वरमा गाउने उनको शैलीलाई ठट्टाको विषय पनि बनाइयो। उनको शैली हास्य कार्यक्रमका प्रस्तोताहरूका लागि गतिलो विषय बनेको थियो।

हिमेशले वर्ष २००६ मा चलचित्रका अतिरिक्त एउटा एकल एल्बम पनि बजारमा ल्याए। 'आपका सुरुर' शीर्षकको उक्त एल्बम वर्षभरि सबै थरीका 'काउन्ट डाउन' हरूमा अगाडि रह्यो। हिमेश चलचित्रसंगीतमा मात्र यो वर्ष व्यस्त भएनन्, उनी यो वर्ष संसारका विभिन्न स्थानमा कार्यक्रम गर्न पनि व्यस्त रहे। त्यसैगरी गायिका आशा भोषलेले पनि एकल संग्रह प्रकाशित गरिन्। 'आशा एन्ड फ्रेन्ड्स' शीर्षकको उक्त एल्बममा उनले गायक सञ्जय दत्तसँग गाएको गीतले चर्चा पायो।


दोस्रो इन्डियन आइडल सन्दीप आचार्य पहिलो इन्डियन आइडल अभिजित सावन्त जत्तिको व्यस्त एवं चर्चित हुन सकेनन्। यो वर्ष जी टिभीको कार्यक्रम 'सारेगम'का विजेता देवोजित काउन्ट डाउनहरूमा अघिल्लो पङ्क्तिमा रहे। गायक कैलाश खेरको एल्बम 'कैलाशा' पनि उत्कृष्ट एल्बम नै साबित भयो। गायक मिका आफ्ना गीतहरूबाट भन्दा पनि एउटा पार्टीमा नर्तकी राखी सावन्तलाई चुमेर चर्चामा आए।

वर्ष २००६ मा बलिउडमा रिमिक्स गीतको लहर केही सेलायो। नयाँ चलचित्रका गीतलाई चलचित्रको गीति एल्बममा रिमिक्स गरेर समावेश गर्ने चलन निकै चल्यो र ती गीतले चर्चा पनि पाए। कुनै चलचित्रको गीत सुन्नुभन्दा पनि त्यसको रिमिक्स भर्सन सुन्न खोज्ने हिन्दी गीतका श्रोताहरूको संख्या धेरै रह्यो। काउन्टडाउनमा रिमिक्स गीतको वर्चस्व यो वर्ष लगभग सकियो भन्दा पनि हुन्छ। जबकि गत वर्षसम्म कुनै पनि काउन्ट डाउनमा रिमिक्स गीतकै हालीमुहाली थियो।

## उत्कृष्ट पाँच गायक

१.सान - चाँद सिफारिस (फना)
२.सुखबिन्दर सिंह - ओमकारा (ओमकारा)
३.सफकत अली - मितवा (कभी अलविदा ना कहना)
४.सोनु निगम - कभी अलविदा ना कहना (कभी अलविदा ना कहना)
५.जुबिन - या अली (ग्याङ्स्टर)

## उत्कृष्ट पाँच गायिका



१.अल्का याज्ञनिक - कभी अलविदा.. (कभी अलविदा ना कहना)
२.श्रेया घोषाल - पल पल हर पल (लगे रहो मुन्ना भाइ)
३.सुनिधि चौहान - बिंडी जलाइरे (ओमकारा)
४.मधुश्री - तु बीन बताए (रंगदे वसन्ती)
५.साधना सरगम- हमको मालुम है (जानेमन)

# अंग्रेजी संगीतमा एल्बमले पाए चर्चा



**डिसेम्बर महिनाको अन्त्यतिर मनोरञ्जन जगत्का खबर तथा अन्य जानकारी प्रकाशित गर्ने अंग्रेजी वेबसाइट 'रोलिङ स्टोन डटकम'ले सन् २००६ को वर्ष पुस्तक प्रकाशित गर्‍यो। उक्त पुस्तकका केही महत्त्वपूर्ण भागलाई 'रोलिङ स्टोन'ले आफ्नो बेव पोर्टलमा पनि राखेको थियो। त्यसमा पनि स्तरीयताका आधारमा सन् २००६ का उत्कृष्ट ५० संगीत एल्बमको सूचीबाट एकदेखि दश स्थानसम्म रहेका एल्बम :**

### मोडर्न टाइम -बब डायलन

मोडर्न टाइमका गायक बब डायलन उमेरले जति पाका हुँदैछन्, उनका सिर्जना श्रोताहरूले अझ बढी रुचाइरहेका छन्। बबको एल्बम 'मोडर्न टाइम'मा समावेश गीत 'थन्डर अन द माउन्टेन' यो वर्ष काउन्टडाउनमा पनि अगाडि देखियो।

### स्टेडियम अर्काडियम-रेड हट चिल्ली पिपर्स

प्रेमगीतहरू संग्रहित 'रेडहट चिल्ली पिपर्स'को यो एल्बम दुईवटा सिडीमा उपलब्ध छ। उक्त समूहका गायक एन्थोनी किडिजले पप, फन्की आदि गीत यो एल्बममा समावेश गरेका छन्।

### रेदर रिप्ड-सोनिक युथ

'सोनिक युथ'समूहकी गायिका किम गोर्डन त्रिपन्न वर्षकी भैसकेकी छिन्। यद्यपि उनको स्वर अझै पनि निकै मधुर छ। यो पपगीतको एल्बम हो। एल्बमका शब्द रचना पनि उत्कृष्ट छन्।

### रिटर्न टु कुकी माउण्टेन-टिभी अन द रेडियो

'आर एनबी' गीतका पारखीहरूका लागि ब्रुकलेन ब्यान्ड्सले प्रकाशित गरेको एल्बमका गीतहरूले वर्ष २००६मा सबैलाई 'रकिङ' गरायो। एल्बममा संग्रहित 'वुल्फ लाइक मी'ले त संगीत बजार नै ततायो।

### फिसकेल-घोस्टफेस किल्ला

'ज्याजी' गीतको यो संग्रहमा र्‍याप गीतका केही झलक पनि पाइन्छ। भनिन्छ– एल्बमका गीतहरूले स्कुलमा बिताएका पुराना दिनहरूको सम्झना गराउँछ।

### द ग्रेटेस्ट-क्याट पावर

गायिका चान मार्शलले आफ्ना प्रशंसकहरूलाई यो एल्बममा मृत्यु र पलायनवादका गीत सुनाएकी छिन्। यथार्थवादी गीतहरू संकलित यो एल्बमको एउटा गीत 'कुड वी' मा उनले संगीतको आत्मालाई जगाएकी छिन्।

### हेल हेथ नो फ्युरी-क्लिप्से

चिनियाँ मूलकी यी गायिकाका गीतहरूले रेडियोमा महत्त्वपूर्ण स्थान ओगटेका थिए। क्लिप्सेका दुई फरक शैलीका गीतहरू 'वाम्प वाम्प' र 'मिस्टर मि टु' लाई निकै रुचाइयो।

### ब्वाइज एण्ड गर्ल्स इन अमेरिका-द होल्ड स्टेडी

यो 'द होल्ड स्टेडी'को तेस्रो एल्बम हो। यो एल्बममार्फत अमेरिकाका युवाहरूको संगीतप्रतिको लगाव तथा लागू औषधको दुर्व्यसनलाई केलाइएको छ।

**रोलिङ स्टोन वर्ष पुस्तकका आधारमा २००६ का उत्कृष्ट १० गीतहरू**

१.क्रेजी - गर्नाल्स बार्कले
२.स्टेडी एज सि गोज - द राकोन्टर्स
३.रिडिन - कामिल्लिओनेर
४.ह्वाट यू नो- टी आई.
५.भ्यान्स्- द प्याक
६.थन्डर अन द माउन्टेन- बब डायलन
७.स्माइल- लिली एलिन
८.वाम्प वाम्प- क्लिपसे
९.डिमेन्सन- वुल्फ मास्टर
१०.ऊ लाला- गोल्डफ्र्याप

### ब्लड माउन्टेन-मास्टोडन

भोलिको भर हुँदैन भन्ने सन्देश बोकेका गीतहरू यो संग्रहमा समावेश छन्। 'हेभी मेटल' गीतको यो संग्रहका शब्द पनि प्रशंसित भए।

### अर्फन्स-टम वेट्स

पचासवटा गीतको यो वृहद संग्रहको 'ग्यागी नम्बर' निकै मन पराइयो। 'डेनी सेज' गीतका अतिरिक्त एल्बममा समाविष्ट 'रोड टु पिस' गीत पनि राम्रो मानियो।

# फेसनेबल वेस्टर्न लुक



समयअनुसार परिवर्तन र परिमार्जन हुँदै जानु फेसनको विशेषता मानिन्छ। फेसनको यही स्वभावअनुसार सन् २००६ मा मुख्य गरी स्कर्टका स्टाइलिस लुक, स्टाइलिस ह्यान्ड ब्याग, विविध डिजाइनका फुटबेयर तथा मुहारको आकर्षणमा नवीनता सञ्चार गर्ने हेयर स्टाइलिङका विविध शैलीले फेसनप्रेमीहरूको मन लोभ्याएको पाइयो। जिन्स, कटन, लिनेन, लाइक्रा आदि फ्याब्रिकमा प्लीटेड, फ्लेयर्ड, लेयर्ड, स्ट्रेट, सर्कुलर, बेलुन कटस, फिटेड, फ्रिलि, प्लेनलगायतका दर्जनौं कट्स, डिजाइन एवं शैलीका मिनी, माइक्रो, नि-लेन्थ, काल्फ लेन्थ, एङ्कल लेन्थ, स्कर्टहरूको प्रचलन निकै रह्यो वर्ष २००६ मा। विशेषत: जिन्स र लिनेनका प्लीटेड र लेयर्ड मिनीमाइक्रो तथा नीलेन्थ स्कर्टका साथमा ब्ल्याक, व्हाइट, ब्राउन कलरको काल्फ लेन्थ, नी लेन्थ लेदर बुट, स्ट्राइप अन स्यान्डलस वा स्टिलिटोजको कम्बिनेसनको फेसन शैलीले यौवनाहरूमा स्टाइल स्टेटमेन्टका रूपमा परिचय बनायो। वर्ष २००६ मा क्यान्डी कलर, □लोरल प्रिन्ट तथा प्लिटेड एवं लेयर्ड शैली स्कर्ट फेसनमा सबैभन्दा हट आइटम बने।

अन्य एक्सेसरिजको तुलनामा स्कार्फ, हेयर ब्यान्ड, स्टाइलिस फुटवेअर तथा फन्की एवं ट्रेन्डी ह्यान्ड ब्याग र पर्सको प्रचलन बढी देख्न पाइयो फेसन बजारमा। रेड, ग्रीन, पिन्क, लाइभ यलो, टरक्वाइज, एक्वा ब्लु, बेब, ब्राउन्न, फसिया जस्ता क्यान्डी कलरमा पोल्का डटेड, विव्रिध प्रिन्ट, प्याटर्न तथा मोतिफ प्रयोग भएका आकर्षक सुन्दर ह्यान्ड ब्याग र पर्सहरू यौवनाहरूको स्टाइल स्टेटमेन्टको महत्त्वपूर्ण हिस्सा बन्न पुग्यो। ह्यान्ड ब्यागहरूमा पोते, क्रिस्टल, मिरर, थ्रेड, इम्ब्रोइडरी एवं स्टोनवर्क आदिको प्रयोग पनि उत्तिकै देख्न पाइयो। काँधमा झुन्डयाउने, हातमा बोक्नेदेखि कम्मरमा बाँध्ने स-साना पोट्ली ब्यागहरूको क्रेज पनि उत्तिकै रह्यो। तीमध्ये पनि काँधमा राख्दा बस्टलाइनसम्म आउने र हातले सहज रूपमा बोक्न सकिने ह्यान्डब्यागहरूले यौवनाहरूलाई लोभ्याएको पाइयो। फेसन बजारमा विशेष गरी टोट, होबो, फोल्ड, कलच, सेसेल, बेगवेट, मेसेन्जर, सिगार, पाउच, डफल तथा पोट्ली स्टाइलका ब्यागहरूको क्रेज बढी रह्यो।

घाँटीमा बाँध्दा फर्मल लुक प्राप्त हुने र टाउकोमा बाँध्दा स्टाइलिस लुक दिने विभिन्न कलर सेड र प्रिन्टयुक्त विशेषत: शिल्क र लिनेनका स्कार्फहरूको प्रचलन पनि उत्तिकै रह्यो यौवनाहरूमाझ। क्यान्डी कलर रेन्जमा उपलब्ध हेयर ब्यान्ड प्रयोग गरी आफ्नो व्यक्तित्वमा फन्की एवं पङ्की लुकको इच्छा राख्नेहरूको जमात पनि उत्तिकै देख्न पाइयो। व्यक्तित्वको आकर्षण र मुहारको सुन्दरतामा महत्त्वपूर्ण भूमिका खेल्ने हेयर स्टाइलिङमा हेयर स्ट्रेटिङ, कर्ली लुक कायमै रहे पनि पङ्की हेयर स्टाइलिङ ब्रेड्स अर्थात् झट हेर्दा केश केस्रा-केस्रा र डोरीले बेरिएको जस्तो देखिने शैली लोकप्रिय रह्यो। यसका अतिरिक्त ड्रेड लक्स शैलीको क्रेज पनि उत्तिकै रह्यो। अस्थायी र स्थायी दुवै रूपमा गर्न सकिने वेभिङ स्टाइलतर्फ पनि रुचि बढेको पाइयो। हेयर कलरिङ सदाबहार रहे पनि हाइलाइटिङतर्फ मल्टी कलरको प्रयोग एवं शेडेड हेयर कलरिङको शैली बढी प्रचलनमा देखिए।

विभिन्न शैली र डिजाइनका फुटवेअर प्रयोग गरेर आफ्ना खुट्टामा सुन्दरता तथा आकर्षण सञ्चार गर्ने मामिलामा स्त्रीवर्गको चाहना समयअनुसार परिवर्तन हुने गरेको पाइन्छ। सोही अनुसार वर्ष २००६ मा जहाँ यौवनाहरूमाझ काल्फ लेन्थ, निलेन्थ बुट, स्ट्राइपी स्यान्डलस, मुलस, स्टीलिटोज र फ्ल्याटस बढी पपलुर रह्यो त्यहीं कामकाजी महिला तथा गृहिणीहरूलाई विशेषत: स्लीपअन, पोइन्टेड स्लीपअन, टाइअप स्यान्डल आदिले आकर्षित गर्‍यो। फुटबेयर फेसनमा क्रिस्टल, मिरर, स्टोन, विड्स, वर्कको प्रयोगका साथै पोल्का डटेड र फलोर प्रिन्टको प्रभाव पनि उत्तिकै देख्न पाइयो।

फ्ल्याट सुज, फिटिङ सर्ट, बेली जिन्स, क्रस्ड जिन्स, फिटिङ बेस्ट लेन्थ सिम्पल लुक भएको कोट तथा कोट शैलीका ज्याकेट जहाँ पुरुष फेसन अघि बढेको पाइयो त्यहीं डबल भिजन टिसर्ट, टुपिस क्याजुएल वेअर, चुज एवं स्ट्रेट फिटिङ, स्लिम फिट पाइन्ट तथा कक सुजको फेसन शैलीलाई युवतीहरूले ठाँटिने उपायका रूपमा अपनाएको पाइयो। विशेषत: युवा-पुस्तामा साठी-सत्तरीको दशकको रक स्टार शैली एवं फङ्की स्टाइल लोकप्रिय रहेको पाइयो। ब्ल्याक स्ट्रिट ब्वाइजका संगीतकर्मीहरूले अँगालेको फिटिङ फन्की स्टाइलका कोट, ज्याकेट एवं ब्लेजरको क्रेज पनि उत्तिकै रह्यो युवाहरूमा।

**–रोजिन शाक्य**

## जीतु'चाको जोक्स

jitendra_rajb@hotmail.com



साँझ अबेरसम्म पनि कौसीबाट जितुचा नओर्लिएपछि तलबाट आमाले बोलाइछन् : ए जितु, तँ कौसीमा के गरी बसिरहेको ? साँझ परिसक्यो, ल खाना खान तल आऊ ।

जितुचा : एकछिन है आमा, म जून हेर्दै छु ।

जितुचाको जवाफ सुनेर आमाले फेरि : ल ल, धेरै अबेर भैसक्यो तेरो जूनलाई पनि तल जा भन्, अनि तँ पनि तल आइहाल, खाना चिसो भैसक्यो ।

०००

एक जोडी एउटा सार्वजनिक बगैंचामा कुराकानी गर्दै रमाइरहेका थिए । युवकले निकै माया गरेर भनेछ : प्रिय □ तिमी यति राम्री छौ कि स्वर्गकी अप्सरा पनि तिम्रा अगाडि केही होइन ल । केटाको गुनगान सुनेर केटीले भनिछ : मलाई थाहा छ, म अप्सराभन्दा पनि राम्री छु तर मलाई दुःख छ कि म पनि तिम्रो सुन्दरताको त्यसरी नै बयान गर्न सक्दिनँ ।

केटीको यस्तो रुखो प्रतिक्रिया सुनेर केटाले फेरि थपेछ : प्रिय □ मेरो सुन्दरताको बयान गर्न तिमीलाई पनि समस्या हुने थिएन, यदि तिमी पनि मजस्तै ढाँट्न सिपालु भएको भए ।

०००

सदर चिडिया घरमा अस्ट्रेलियाबाट एउटा कङ्गारू ल्याइएछ । कङ्गारु राख्ने ठाउँ वरिपरि २ मिटर अग्लो बारले घेरा लगाइएछ । भोलिपल्ट कङ्गारु घेरा हालेको ठाउँबाट बाहिर डुलिरहेको देखेर चिडियाघरका कर्माचारीहरूले घेरालाई ४ मिटर अग्लो बनाइदिएछन् । अर्को दिन पनि बिहान कङ्गारु घेराबाट बाहिर घाँस खाइरहेको देखेर फेरि घेरालाई ८ मिटर अग्लो बनाइदिएछन् । कङ्गारु फेरि पनि बाहिर नै देखेछन्, पछि घेरालाई १६ मिटर अग्लो बनाइदिएछन् । यसरी प्रत्येक दिन कङ्गारु राख्ने घेराको उचाइ बढाउँदै लगेको देखेर नजिकै बस्ने गैंडाले कङ्गारूलाई सोधे छ : हैन, यो चिडियाघरका कर्मचारीहरूले तिम्रो बस्ने ठाउँको घेरा कतिसम्म बढाउँछन् हँ ?

गैंडाको प्रश्न सुनेर कङ्गारुले भनेछ : खोइ, घेरा त एक सय मिटर अग्लो नै बनाउलान् जस्तो छ, यदि उनीहरूले मेरो खोरको ढोकाचाहिं यसरी नै लगाउन बिर्सदै जाने हो भने ।

०००

जितुचा निकै भावुक स्थितिमा बसेको देखेर बिकुरामले सोधेछ : हैन, आज के भो तँलाई ? निकै सिरियस छस् त ?

जितु (एकछिन चुप बसेर सानो स्वरमा) : बिकुराम दाइ, के गर्ने ? मेरी प्रियसीले मलाई छाडेर गई नि, त्यसैले अब त बाँच्नुको पनि अर्थ रहेन । मलाई त रानीपोखरीमा हामफालेर आत्माहत्या नै गरूँ जस्तो लागिरहेछ ।

बिकुराम (रिसाउँदै) : हेर्, तैंले यो पुसको जाडोमा रानीपोखरीमा हामफालेर आत्माहत्या गरिस् भने म तँसँग कहिल्यै पनि बोल्दिनँ, बुझिस् ?

## कविता

### आशाहरू

रुम्दा-रुम्दै नजर आशा बनी खुल्न थाल्छन्
तन्द्रैभरि मुस्कानका चाह फुल्न थाल्छन्
गलेको जमिनमा सुन्दर मौसम फिजाउन
बालुवाहरू सङलो जलमा घुल्न थाल्छन्
सगर चुम्ने चाहनामा उचाइतिर नजर पर्दा
प्राप्तिको चाहमा सपना भुल्न थाल्छन्
सफलताभित्र सानो कुरा हात लाग्दा
सहरका इशारामा जिन्दगी भुल्न थाल्छन् ।

–गणेश आचार्य

### प्यारी

प्यासी बनें तिमीबिना हाँसिदेऊ न प्यारी
नछुट्टिने साइनो प्रीतको गाँसिदेऊ न प्यारी
तिमीलाई सम्झिएर तिम्रो बाटो कुरी बस्दा
निभ्नै लाग्यो दियो उकासिदेऊ न प्यारी
देखें धेरै नजर लाउने तिम्रो रूपमाथि
दिलमा मेरै तस्बिर टाँसिदेऊ न प्यारी
दोबाटोमा पर्खिएर अघिपछि गरीगरी
तिम्रो नाउँ लिनेलाई मासिदेऊ न प्यारी
मलाई यहाँ एक्लै छोडी कतै जान्छ्यौ भने
आई मलाई फाँसी देऊ न प्यारी ।

–विपिन किरण

### प्रणय सागर

दिलको डेरा खाली छैन कतै सारिदेऊ ल
तिमीभित्रको मेरो मायाँ अब मारिदेऊ ल
नसार भो प्रीतको फूल गोडमेल नगर्नु है
फक्रिएछ कतै भने कलिलैमा झारिदेऊ ल
संसारको रीत नै यस्तो पाउन गाह्रो
यही सोची मन आफैले नै टारिदेऊ ल
अनभिज्ञ छु प्रेममा फस्न पनि चाहन्न म
अरूको नै हात समाई सागर तारिदेऊ ल ।

–सुदीप रिमाल

### आफ्नोपन

म आफ्नैपनको मान्छे
नक्कल अरूको गर्नु छैन
तिमी हात्तीमा चढ्यौ भनेर
मैले धुरी चढ्नु छैन
आए गए विपत्ती यहाँ
मन मेरो आत्तिएन
उन्नतिमा पनि मन मेरो
तिम्रो झैं मात्तिएन ।

–पद्मा सिटौला

### चाहना



बिर्सन कहाँ सक्छु र
सम्झनामा आउनेलाई
भुल्न कहाँ सक्छु र
मन-मस्तिष्कमा छाउनेलाई
भेटेर कुरा गर्नु छ
सपनीमा आउनेलाई
मनको कुरा भन्नु छ
कर्के नजर लाउनेलाई
आफ्नो बनाउनु छ
मन चोरी लैजानेलाई ।

–अशोक महत

### पराइ लाग्यो

पराइ लाग्यो यो सहर
बिरानो रै'छ यो सहर
मलाई चिन्ने कोही छैनन्
मैले चिन्ने कोही छैन
आफ्नो मन जाती हुने
अरूको बोली नजाती हुने
आफ्नो जुत्ता प्यारो लाग्ने
अरूको शरीर घृणा लाग्ने
यस्तै रै'छ यहाँको व्यवहार
पराइ लाग्यो यो सहर ।

–चन्द्र खाती

## लघुकथा

### छोरीको सफलता



गाउँमा एउटा परिवार थियो । उक्त परिवारमा अत्यन्तै मिलनसार एवं शिक्षित एक जोडि दम्पती थिए । रमेश र कविता सादा जीवन र उच्च विचारका थिए । सन्तानका नाममा कामना नाम गरेकी एउटी छोरी थिइन् उनीहरूकी । छोरा नभए मरेपछि स्वर्ग जान नसकिने र पुण्य नकमाइने जस्ता रूढिवादी परम्परा, अन्धविश्वास, कुरीति एवं कुसंस्कारलाई चुनौती दिएका थिए ती दम्पतीले । यति मात्रै नभएर छोरा र छोरीमा केही भिन्नता छैन, छोरीले पनि छोरासरह जुनसुकै काम गर्न सक्छन्, छोरीलाई पनि छोरीसरह माया गर्नुपर्छ, सबै ठाउँमा छोरा र छोरालाई समान अवसर दिनुपर्छ जस्ता कुराको पनि शिक्षा दिएका थिए । आफ्नै परिवारबाट पनि छोरा जन्माउने दबाब प्रचुर मात्रामा खेप्नुपरेको थियो उनीहरूले ।

विभिन्न समस्या र चुनौतीहरूसँग पौंठेजोरी खेल्दै आफ्नो लक्ष्यअनुसार त्यही एउटी छोरीलाई अति नै राम्रो स्याहार-सुसारका साथ हुर्काएका थिए । सन्तानका लागि गर्नुपर्ने कुनै पनि कर्तव्य बाँकी राखेका थिएनन् कविता र रमेशले । कामनालाई धेरै पढाएर समाजसेवी बनाउने सपना बोकेका थिए ती दम्पतीले । आफूले माता-पिताबाट यति धेरै माया पाएकोमा उनी आफूलाई गौरवशाली र भाग्यमानी मान्थिन् । हुने बिरुवाको चिल्लो पात भनेझैं कामना सानैदेखि अति अनुशासित र तीक्ष्ण बुद्धिकी हुनुका साथै अध्ययनमा सधैं प्रथम हुन्थिन् । उनले एसएलसी परीक्षा पनि विशिष्ट श्रेणीमा उत्तीर्ण गरिन् । कामना समाजसेवी, दयालु, गाउँ-समाजमा उदाहरणीय, हुनुका साथै सबैकी विश्वासकी पात्र थिइन् । कामनाले गाउँ-समाजमा छोरीप्रतिको विद्यमान नकारात्मक धारणामा सकारात्मक परिवर्तन ल्याउने प्रतिबद्धता लिएकी थिइन् । उनी स्नातकोत्तरसम्मको अध्ययन पूरा गरी आफ्नो प्रतिबद्धता पूरा गर्न पट्टि लागिन् । उनले सामाजिक सेवा गर्नुका साथै समाजका विकृतिहरूलाई कम गर्दै समाजको रूपरेखामा सकारात्मक परिवर्तन ल्याइन् । छोरीले आफ्नो सपना साकार पारेकाले अहिले रमेश र कविता ज्यादै हर्षित छन् । गाउँका मानिसहरू जो पहिले कविता र रमेशलाई छोरा नभएको अपुतो भनी नानाथरी आक्षेप लगाउँथे अहिले उनीहरू ती दम्पतीको मुक्तकण्ठले प्रशंसा गर्छन् । कामनाजस्ती छोरी भएमा छोरा किन चाहियो र भन्न थालेका छन् अहिले गाउँलेहरू । कामनाले छोरासरह छोरीले पनि उन्नति र प्रगति गर्न सक्छन् भन्ने शिक्षा दिइसकेकी छिन् । उनी के कुरामा विश्वस्त छिन् भने नेपालमा छोरीप्रतिको धारणामा सकारात्मक परिवर्तन आइरहेको छ अनि छोरा र छोरीबीचको भिन्नताको खाडल पनि क्रमिक रूपमा कम हुँदै गएको छ, साथै यो क्रम भविष्यमा पनि जारी रहनेछ ।

–बद्रीप्रसाद शिवाकोटी

# सन् २००६ ले जसलाई बिदा गर्‍यो

## न्युतारो हासिमोतो



नेपालका एक असल मित्र जापानी पूर्वप्रधानमन्त्री न्युतारो हासिमोतोको सन् २००६ जुलाई १ मा इन्टरनेसनल मेडिकल सेन्टर अफ टोकियोमा निधन भयो । सन् १९९६ जनवरी ११ देखि १९९८ जुलाई ३० सम्म जापानको ८२ औं र ८३ औं प्रधानमन्त्री बनेका हासिमोतो आन्द्रासम्बन्धी रोगका कारण बिरामी थिए । पेटसम्बन्धी गम्भीर उपचार गर्दागर्दै हासिमोतोको निधन भएको हो ।

हासिमोतोको जन्म सन् १९३७ जुलाई २० मा ओकायामाको सोजा सहरमा भएको थियो । लिबरल डेमोक्रेटिक पार्टीको मुख्य घटकका नेता हासिमोतोका पिता न्योगो हासिमोतो प्रधानमन्त्री नोबुसुके किसीको मन्त्रिमण्डलका सदस्य थिए । हासिमोतोले सन् १९६० मा किओ विश्वविद्यालयबाट राजनैतिक शास्त्रमा डिग्री हासिल गरेका थिए ।

सन् १९६३ मा जापानी संसद्को तल्लो सदनमा पहिलो पटक निर्वाचित हासिमोतोले सन् २००५ सेप्टेम्बरदेखि राजनैतिक जीवनबाट संन्यास लिएका थिए । हासिमोतो पटक-पटक नेपालसमेत आउँथे । उनले नेपालका धेरै क्षेत्रमा सहयोग पनि गरेका छन् ।

## अबु मुसाब अल-जर्काबी



इराकस्थित अल-कायदा संगठन प्रमुख अबु मुसाब अल-जर्काबीको सन् २००६ जून ७ मा अमेरिकाको हवाई-आक्रमणमा परी मृत्यु भयो । हवाई हमला भएका बखत उनी आफ्ना समूहका सदस्यसँग राजधानी बगदादबाट ६० किलोमिटर उत्तर बाकुवा सहरबाहिर बैठक गरिरहेका थिए । हमलाको ५०-५५ मिनेटपछि नै उनको देहान्त भएको थियो । उनीसँगै ८ देखि १० सहयोगी मारिए ।

इराकमा अमेरिकी सैनिकविरुद्ध सलाफि आन्दोलनमार्फत लड्ने जर्काबी अलकायदा लडाकुको सबैभन्दा उच्च नेता थिए । जोर्डनको अल जरका सहरमा सन् १९६६ अक्टोबरमा जन्मिएका जर्काबी अहमद अल खलीलको नामले समेत चिनिन्थे । इराकमा अमेरिकी सैनिकले उनलाई सर्वाधिक खोजीको सूचीमा राखेका थिए । विदेशीको अपहरण र हत्या मात्रै होइन, आत्मघाती बम विस्फोटका विभिन्न घटनामा जर्काबीलाई दोषी मानिएको थियो । अमेरिकाले उनको सूचना दिने व्यक्तिलाई २ करोड ५० लाख अमेरिकी डलर नगद पुरस्कार राखेको थियो ।

जोर्डनमा जर्काबीको अनुपस्थितिमै उनीविरुद्ध मुद्दा चलाएर मृत्युदण्ड सुनाइएको थियो । इराक, मोरक्को तथा टर्कीमा पनि उनी त्यतिकै सक्रिय थिए ।

## स्लोभोदान मिलोसेभिक



बलपूर्वक युद्धअपराधीको रूप दिन खोजिएका सर्वियाका पूर्वराष्ट्रपति स्लोभोदान मिलोसेभिकको गत मार्च ११ मा हेगस्थित बन्दीगृहमा रहस्यमय ढङ्गबाट मृत्यु भयो । सन् २००२ देखि मिलोसेभिकले त्यहाँ बन्दी जीवन बिताउँदै आएका थिए । सन् १९८९ मा सर्विया गणतन्त्रका राष्ट्रपति बनेका मिलोसेभिकको शासनकालमा उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) ले युगोस्लाभियाको सार्वभौमिकताको उल्लङ्घन गरी ११ दिनसम्म व्यापक हवाई हमला गरेको थियो ।

सन् २००० को अक्टोबर ७ मा राष्ट्रपति मिलोसेभिकले राष्ट्रपति पदबाट राजीनामा दिएका थिए । स्लोभोदान मिलोसेभिकमाथि युगोस्लाभियाको विघटनपछि क्रोएसिया, बोस्निया तथा कोसोभामा हजारौं सर्वसाधारणको हत्या गराएको आरोप थियो । उनले बृहत्तर सर्बिया निर्माण गर्ने आफ्नो आकांक्षा पूरा गर्न उक्त नरसंहारको आदेश दिएको बताइन्छ । सन् १९९० को दशकमा चर्किएको बाल्कन युद्धताका मानवीय अपराध गरेको आरोप लागेका मिलोसेभिक सर्बियाली नेता थिए । उनीविरुद्ध क्रोएसिया, बोस्निया र कोसोभोमा जनसंहारसहितको ६६ वटा मुद्दा लगाइएको थियो । मिलोसेभिकविरुद्धको सुनुवाइ सन् २००२ को फेब्रुअरीमा प्रारम्भ भएको थियो ।

## एन्टोन बालासिंघम



वर्षको अन्त्यमा डिसेम्बर १५ का दिन श्रीलंकाको लिबरेसन टाइगर्स अफ तमिल इलम अर्थात् लिट्टेका प्रमुख राजनैतिक अनुहार एन्टोन बालासिंघमको निधन भयो । क्यान्सरपीडित बालासिंघम ६८ वर्षका थिए । उनी शान्तिप्रक्रियाको सम्पर्क व्यक्तिका रूपमा बेलायतको लन्डनमै बस्दै आएका थिए । नर्वेलगायत शान्तिप्रक्रियाका मध्यस्थकर्ताहरूले उनकै माध्यमबाट लिट्टेसँग सम्पर्क गर्थे । उनलाई लिट्टेको प्रमुख कुटनीतिज्ञका रूपमा पनि लिइन्थ्यो । उनी लिट्टे प्रमुख प्रभाकरणका असल सहयोगीका रूपमा पनि चिनिन्थे । उनको निधनले अवरुद्ध श्रीलंकाली शान्तिप्रक्रियामा थप असर पुऱ्याउने चिन्ता छ ।

## स्टिभ इर्भिन



प्रसिद्ध प्रकृतिविद्का रूपमा परिचित अस्ट्रेलियाई नागरिक स्टिभ इर्भिनको गत सेप्टेम्बर ४ मा अपत्यारिलो दुर्घटनामा निधन भयो । उनी विभिन्न जनावरसँग रमाउनुका साथै तिनीहरूका बारेमा चलचित्र निर्माण गर्थे । उनले गोहीका बारेमा बनाएको द कर्कडाइल हन्टर सिरियल निकै लोकप्रिय थियो । यो सिरियलमा उनले देखाएको साहसिक भूमिकाका कारण उनको उपनाम नै कर्कडाइल हन्टर रहन गएको थियो, तर गत सेप्टेम्बरमा पानीमुनिका जनावरसम्बन्धी एउटा डकुमेन्ट्रीको निर्माणका क्रममा स्टिङग्रे नामक माछाले उनको देब्रे छातीमा आक्रमण गर्‍यो । त्यसको केही समयपछि नै उनको निधन भयो । स्टिभको निधनबाट सम्पूर्ण वातावरणवादी स्तब्ध बन्न पुगे ।

## अगस्टो पिनोसे

चिलीका पूर्व सैनिक शासक अगस्टो पिनोसेको गत डिसेम्बर ११ मा निधन भयो । उनी ९१ वर्षका थिए । पिनोसे सन् १९७३ देखि १९९० सम्म चिलीको शासक बनेका थिए ।



उनले सन् १९७३ मा अमेरिकी सरकारको समर्थनमा विद्रोह गरी तत्कालीन समाजवादी शासक साल्भाडोर एलेन्डेलाई अपदस्थ गरेका थिए । पिनोसेको शासनकालमा हजारौं नागरिकको हत्या, अपहरण र बलात्कार जस्ता घटना भएको आरोप लागेको थियो । यस विषयमा अदालतमा सुनुवाइ पनि भैरहेको थियो, तर शारीरिक अस्वस्थताका कारण उनले बयान दिन सकेका थिएनन् । उनका समर्थकहरू पिनोसेले देशलाई अस्थिरता र साम्यवादतिर जानबाट रोकेको पनि बताउँछन् । जे भए पनि उनी एउटा ठूलो तानाशाहका रूपमा इतिहास प्रसिद्ध भएका छन् । चिलीको वर्तमान समाजवादी सरकारले उनको राजकीय सम्मान गर्नुपर्ने आवश्यकता पनि देखेन । उक्त सम्मानविनै पिनोसेको अन्त्यष्टि गरियो ।

# रियालिटी सोको वर्ष




'जिन्दगी झण्ड्वा, फिर भी घमण्ड्वा'- सोनी इन्टरटेन्मेन्ट च्यानलबाट वर्ष २००६को अन्त्यतिर प्रसारित रियालिटी सो 'बिग बोस' का एक प्रतिस्पर्धी भोजपुरी चलचित्रका नायक रवि किशनद्वारा कार्यक्रमका दौरान बोलिएको यो सम्बाद अहिले भारतीय टेलिभिजन च्यानलका प्रायः दर्शकको मुखमा झुण्डिएको पाइन्छ । 'बिगबोस' कार्यक्रम हेर्ने नेपाली दर्शक पनि उक्त सम्बाद बोल्न थालेका छन् । 'मुन्नाभाई' मा 'सर्किट'को भुमिका निर्वाह गरेर चर्चित भएका अभिनेता अरसद वारसीद्वारा सञ्चालन गरिने उक्त कार्यक्रम बीबीसी टेलिभिजन




मार्फत् युरोपमा प्रसारण हुँदै आएको रियालिटी सो 'बिग ब्रदर' को भारतीय स्वरूप हो । यो वर्ष उक्त कार्यक्रमले प्रशस्तै दर्शक पाएको छ । एक तथ्यांक अनुसार अमिताभ बच्चनद्वारा सञ्चालन गरिएको 'कौन बनेगा करोडपति' र गायन प्रतिभाहरूबीचको प्रतिस्पर्धात्मक कार्यक्रम 'इण्डियन आइडल' पछि हाल आएर 'बिग बोस' मात्र त्यो स्तरमा पुगेको छ ।

नेपालका टेलिभिजन दर्शकहरूमा भारतीय च्यानलहरूको प्रभाव निकै छ र यो वर्ष पनि यहाँका गृहणीहरूमा भारतीय टेलिभिजन श्रृंखलाहरूको प्रभाव ज्यूँका त्युँ रह्यो । यद्यपि 'क्युकी सासभी कभी बहू थी' की 'बा' श्रृंखलाको कथाले चार पुस्ता नाघ्दा पनि जस्ताको तस्तै छिन् । 'कसौटी जिन्दगीकी' का अनुराग वासु र प्रेरणा जवान नातिनातिनाका हजुरबुबा र हजुरआमा भैसक्दा पनि उनीहरूका दिदी र दाजु जस्ता देखिन्छन् । 'कही तो होगा' की कशीशको दुःख अझै सकिएको छैन । लाग्छ जतिसुकै राम्री भए पनि उनी जति दुःखी महिला संसारमा कतै छैनन् ।

'क' अक्षरबाट शीर्षक राखिएका सबै टेलिभिजन श्रृंखलाकी निर्मात्री एकता कपुरले वर्ष २००६ मा पनि भारतीय टेलिभिजनहरूमा राज गरिन् । उनले बनाएका श्रृंखला नै सबैभन्दा बढी हेरिए । यद्यपि अन्य निर्माण संस्थाहरू एकता कपुरका 'रोनाधोना' श्रृंखलाभन्दा फरक श्रृंखला बनाएर चर्चामा आए । यसैवर्ष सोनी टेलिभिजनबाट प्रसारण हुने 'थोडी खुशी थोडे गम', 'एक लडकी अञ्जानी सी', स्टार प्लसको 'बा, बहु और बेबी', 'विरासत', 'एक चाबी है पडोसमे' जी टेलिभिजनको 'सात फेरे सलोनीके सफर', स्टार वानको 'डन-डिटेक्टिभ ओमकारनाथ', 'नयाँ आफिस-अफिस' जस्ता अन्य निर्माण संस्था तथा निर्माताहरूले बनाएका श्रृंखलाले हालै सम्पन्न 'टेलि अवार्ड २००६'मा एकता कपुरका श्रृंखलाहरूसंग बराबरीको प्रतिस्पर्धा गरेका थिए ।

भारतीय टेलिभिजनमा 'रियालिटी सो' को लहर पनि चल्यो । सोनी टेलिभिजनमा 'बिगबोस' भन्दा अघि एएक्सएन च्यानलको चर्चित कार्यक्रम 'फियर फ्याक्टर' को भारतीय संस्करण 'फियर फ्याक्टर इण्डिया' ले खासै प्रभाव पार्न नसकेपछि कार्यक्रम बीचैमा रोकियो । 'इण्डियन आइडल' को दोस्रो संस्करण पहिलो संस्करण जत्तिको प्रभावशाली हुनसकेन । जब कि स्टारवानको 'लाफ्टर च्यालेन्ज' को दोस्रो संस्करणले भने थप चर्चा र दर्शक पाउँदै गयो । सोनी टेलिभिजनले गतवर्ष प्रसारण गरेको गायन प्रतिभाहरूको प्रतिस्पर्धात्मक कार्यक्रम 'फेम गुरुकुल'को दोश्रो संस्करण यो वर्ष प्रसारण गरिने हल्ला चले पनि त्यो हल्लामै सीमित रह्यो । एम टिभीको 'रोडिज' ले भने गएका तीन संस्करणमा भन्दा चौथो संस्करणमा आफ्ना दर्शक बढाएको छ । स्टार वानमा टेलिभिजन सेलिब्रिटी जोडीहरूबीच नृत्य प्रतिस्पर्धाको कार्यक्रम 'नाच बलिए'को दोस्रो संस्करणले जति चर्चा पायो त्यति नै चर्चा सोनीमा प्रसारण भएको सेलिब्रेटी नृत्य प्रतियोगीता 'झलक दिखला जा' ले पनि पायो ।

भारतीय टेलिभिजन जगतमा यो वर्ष सेट इण्डिया समूह चर्चामा आयो । उक्त समूहले श्री अधिकारी ब्रदर्शद्वारा सञ्चालित 'सब टिभी'लाई आफ्नो अधिकारमा लियो भने चर्चित न्युज च्यानल 'सिएनएन' सँग अधिकार लिएर भारतीय च्यानल 'सिएनएन आइबीएम' को सञ्चालन प्रारम्भ भयो । जुम टेलिभिजनले कुनै पनि टेलिभिजन च्यानलसँग पूर्वाग्रह नराखी भारतीय टेलिभिजन कर्मीहरूका बारेमा रमाइला खबरहरू प्रसारण गर्ने क्रम यो वर्ष पनि जारी राख्यो । बलिउड स्टार शाहरूख खान स्टार प्लसको लोकप्रिय कार्यक्रम 'कौन बनेगा करोडपति' को तेस्रो श्रृंखलाको सञ्चालक भएर सन् २००७ को जनवरीदेखि टेलिभिजनको पर्दामा आउने भएका छन् ।

**अन्तराष्ट्रिय टेलिभिजनका केही कुरा**

स्याटलाइटका माध्यमबाट नेपालमा आउने टेलिभिजन च्यानलहरूमा भारतीय टेलिभिजनकै वर्चस्व छ । भारतका समाचार तथा मनोरञ्जन च्यानलहरू हेर्नु नेपालीहरूको दिनचर्या नै भैसकेको छ । तथापी यहाँ केही अन्तर्राष्ट्रिय च्यानलले पनि केही हदसम्म आफ्नो प्रभाव राख्छन् । जसमा संगीतसम्बन्धि च्यानल 'एम टिभी', 'च्यानल भी', समाचारसम्बन्धी 'सिएनएन', 'बिबिसी', प्राणी तथा वातावरणसम्बन्धि 'प्लानेट एनिमल', 'नेसनल जोग्राफी', बालबालिकाहरूका लागि 'कार्टुन नेटवर्क', 'निक्लोडियन', 'डिज्नी' का साथै 'ट्राभल एण्ड लिभिङ्', 'एएक्सएन' आदि छन् ।

'निक्लोडियन' बाट प्रसारण हुने कार्टुन सो 'स्पञ्जबब' संसारभरिका बालबालिकाबीच लोकप्रिय छ भने डिज्नीको 'जेटेक्स' बाट प्रसारण हुने 'पावर रेञ्जर्स' का पात्र प्रायः सबै बालबालिकाका नयाँ सुपरहिरो मानिन्छन् । दक्षिण एसियाका दर्शकहरूले हेर्न नपाए पनि एबिसी च्यानलबाट प्रसारण हुने टिभी सो 'लस्ट' ले निकै ख्याति कमाएको छ ।




**प्रश्न : म १७ वर्षीय युवक हुँ । मैले १३ वर्षको उमेरदेखि हस्तमैथुन गरिहेको छु । पहिले-पहिले दिनको तीन-चार पटक हस्तमैथुन गर्थें । आजभोलि अझै बढी हस्तमैथुन गर्छु । म १५ वर्ष हुँदा एक जना केटीसँग यौनसम्पर्क गर्दा मेरो लिंग उत्तेजित भएर उसको योनिमा पस्यो र सम्भोग गर्ने बेला लिंग आफैं बाहिर निस्की शिथिल भयो । के मेरो लिंग जिन्दगीभर यस्तै रहन्छ ? यसको उपचार हुँदैन ? आजभोलि पनि म युवतीहरूप्रति ज्यादै आकर्षित हुन्छु । यदि कुनै कारणवश म प्रेमविवाहमा फसें भने मैले कसरी यौनसम्पर्क गर्ने ?**

**–यू.**

**उत्तर : लिंग कसरी उत्तेजित हुन्छ ?**

सबै व्यक्तिमा यौनइच्छा भएजस्तै तपाईंमा छ अनि सबैले जस्तै नै तपाईंले पनि यौन उत्तेजनाको पनि महसुस गर्नुमा स्वाभाविकता छ । हामीले इन्द्रियहरूबाट ग्रहण गरेका सन्देश मस्तिष्कसम्म पुगेपछि चेतन रूपमा हामीले सो कुरा थाहा पाउँछौं । यौनसम्बन्धी कुराहरू पनि यसैगरी हाम्रो मस्तिष्कसम्म विभिन्न तरिकाले पुग्छन् । विभिन्न अङ्ग (स्रोत) बाट सन्देशहरू स्नायु प्रणालीका नसाहरूबाट विद्युतीय तरंग वा रसायनहरूको माध्यमवाट मस्तिष्कसम्म पुग्छन् र त्यसलाई मस्तिष्कले अर्थ लगाएपछि हामीले थाहा पाउँछौं । यौनउत्तेजना हुने किसिमका सन्देशहरू प्राप्त भए हामीमा यौन उत्तेजना बढ्छ । व्यक्तिअनुसार कुन किसिमको सन्देश बढी यौन उत्तेजक हुन्छ भन्ने कुराचाहिँ फरक-फरक हुन सक्छन् ।

यसरी यौन उत्तेजित हुन थालेपछि लिंगका धमनीहरूबाट बढी मात्रामा रगत लिंगमा भएको उत्थित हुन सक्ने विशेष तन्तुमा जम्मा हुन थाल्छ, साथै लिंगबाट रगत बाहिर निस्कने क्रम घट्छ र लिंग कडा, मोटो एवं लामो हुन्छ । यसलाई नै हामी लिंग उत्तेजित भएको भन्छौं । यौनक्रिया शारीरिक क्रिया मात्र नभै मानसिक तथा भावनात्मक सम्बन्धहरूको मिश्रणसहितको एक जटिल कार्य हो । यौन उत्तेजनाको सन्देश मस्तिष्कसम्म यौन अंगबाहेक अन्य इन्द्रियबाट पनि आउँछन् । स्पर्श एक प्रमुख कुरा हो, हातले लिङ्ग हल्लाउनु वा यौनसम्पर्क गर्नु वास्तवमा स्पर्श नै हो । मानिसमा यौन उत्तेजनाको सन्देश पाउने अर्को प्रमुख माध्यम आँखा (दृष्टि) हो । नग्न वा अर्धनग्न चित्र वा शरीरका अंग देख्दा यौन उत्तेजना हुने कारण यी नै हुन् । तपाईंले युवतीमा देख्ने आकर्षण पनि यसैसँग सम्बन्धित छ । लिङ्गको कडापन उत्तेजनाको स्रोत तथा तपाईंको शारीरिक एवं मानसिक स्थितिमा भर पर्छ । तपाईंलाई पक्कै थाहा होला- यौनका विषयमा सोच्दा मात्रै पनि उत्तेजना हुनसक्छ ।

**चाहिएको बेलामा किन शिथिल भएको होला ?**

हामी सबैले के कुरा बुझ्नुपर्छ भने मानिस यन्त्र नभएकाले उसले गर्ने कार्यहरू पनि सधैं एकैनासको हुँदैन र हुनैपर्छ भन्ने पनि छैन । यसै सन्दर्भमा लिङ्गको दह्रोपनका लागि मानसिक पक्ष एकदमै महत्त्वपूर्ण हुन्छ भन्ने कुरा तपाईंले बुझ्नुभएकै हुनुपर्छ । जीवनमा सबैजसो पुरुषले कुनै न कुनै बेला लिङ्ग उत्तेजना हुन अप्ठ्यारो भएको वा कडापन कम भएको महसुस गरेको हुन्छ । हुन त लिङ्ग उत्तेजित हुन नसक्ने थुप्रै कारण हुन सक्छन् । तपाईंले प्रशस्तै हस्तमैथुन गर्नुभएको देखिन्छ । यसो गर्दा पक्कै नै लिङ्ग राम्रोसँग उत्तेजित भएको हुनुपर्छ । यसले तपाईंको लिङ्ग उत्तेजनाको सन्दर्भमा शारीरिक पक्ष ठीक नै भएको देखिन्छ । एकपल्ट मात्र तपाईंको लिङ्ग उत्तेजित हुन समस्या देखिएकाले खासै चिन्ता गर्नुपर्ला जस्तो लाग्दैन, तर कुरा जे भए पनि यहाँ मानसिक पक्ष महत्त्वपूर्ण देखिन्छ । तनावपूर्ण वा डर भएको स्थितिमा भने लिङ्ग उत्तेजित नै नहुन वा भएको उत्तेजना पनि हराउन सक्छ । कडा सामाजिक बन्देज भएकाले अविवाहित यौनसम्बन्ध राख्दा वा प्रयास गर्दा एक किसिमको तनाव त हुन्छ नै, समाजबाट लुक्नुपर्ने मात्र होइन, मनमा पनि द्वन्द्वात्मक स्थिति हुन सक्छ । त्यसमा पनि हतारमा यौनसम्पर्क गर्नुपर्दा वा कसैलाई आफ्नो यौनक्षमता प्रदशित गर्नुपर्ने दबाब भएमा झन् समस्या चर्को हुन सक्छ ।

**के उपचार गर्नुपर्ला ?**

राम्रैसँग हस्तमैथुन गरिरहनुभएकाले तपाईंमा लिङ्ग उत्तेजनालाई लिएर शरीरमा नै कुरा समस्या नरहेको देखिन्छ । फेरी एकपल्ट मात्र यस्तो भएको छ । यदाकदा यस्तो अनुभव प्रायः सबै पुरुषले जीवनमा कुनै न कुनै बेला गरेकै हुन्छन् । त्यसले यस विषयमा अहिले नै अनावश्यक रूपमा चिन्ता गर्नु वा उपचारको नाममा दौडिनुपर्ने आवश्यकता देखिंदैन ।


उपचारका लागि मुख्य कुरा तपाईंले यी तनावलाई कम गर्न सक्नुपर्छ । सहज वातावरण र तनावरहित भएर यौन क्रियाकलापमा संलग्न हुँदा फाइदा पुग्छ । आवश्यकताभन्दा बढी पीर गर्दा समस्या बल्झिन सक्छ । सधैं नै समस्या भैरह्यो भने कारण अनि त्यसअनुसारको उपचार खोज्नुपर्छ । सानै उमेरमा त्यो पनि विवाहपूर्वको यौनसम्बन्धले ल्याउने सम्भावित समस्याका बारेमा त तपाईं सचेत नै हुनुहोला ।

**प्रेममा फस्ने कुरा**

प्रणय वा प्रेमसम्बन्धलाई तपाईंले किन फस्ने कुरा मान्नुभयो, थाहा भएन । यो त मानव-मानवबीच हुने एक पवित्र सम्बन्ध हो । मेरो विचारमा यहाँ फस्ने-फसाउने भन्ने कुरा नै आउँदैन । अर्कोतिर विचार गर्नुपर्ने कुरा के छ भने तपाईंले प्रेमविवाह गर्नुहोस् वा मागी विवाह, विवाहपछि दम्पतीका बीचमा यौनसम्पर्कको अपेक्षा त गरिन्छ नै । त्यसैले प्रेमविवाहमा मात्र यौनसम्पर्क गर्ने भन्ने कुरै आउँदैन । कुनै पनि वैवाहिक जीवनको धुरीका रूपमा यौनसम्बन्ध नै रहेको हुन्छ । त्यसैले तपाईं कुनै पनि किसिमले वैवाहिक जीवनमा प्रवेश गर्दै हुनुहुन्छ भने यौनसम्बन्ध राख्नका लागि जति शारीरिक रूपमा तयार हुनु आवश्यक छ त्यति नै मानसिक रूपमा पनि । जिन्दगीभर यस्तो होला भनेर नचाहिने किसिमको चिन्ता लिएर हिँड्नुभयो भने तपाईंको समस्या कम हुने कुरै आउँदैन, बरु बल्झिन्छ । त्यसैले अनावश्क चिन्ता नलिन अनुरोध छ । अन्य यौनसम्पर्कका प्रयासमा पनि यस्तो समस्या निरन्तर रूपमा कायम रह्यो भने मात्र त्यस विषयमा सोच्नुपर्ने हुन्छ ।

## हिन्दी चलचित्रका

### सफल पाँच अभिनेता



१. आमिर खान (रङ दे वसन्ती, फना)
२. ऋतिक रोशन (क्रिष, धुम-२)
३. सञ्जय दत्त (लगेरहो मुन्नाभाई)
४. शाहरूख खान (कभी अलविदा ना कहना)
५. अजय देवगन (ओमकारा)

### सफल पाँच निर्देशक

१. राजकुमार हिरानी (लगेरहो मुन्नाभाइ)
२. राकेश ओमप्रकाश मेहरा (रंगदे वसन्ती)
३. राकेश रोशन (क्रिष)
४. कुणाल कोहली (फना)
५. विशाल भारद्वाज (ओमकारा)

### सफल पाँच संगीतकार

१. ए आर रहमान (रंगदे वसन्ती)
२. शंकर एहसान लोय (कभी अलविदा ना कहना)
३. जतिन ललित (फना)
४. प्रीतम चक्रवर्ती (ग्याङ्स्टर)
५. विशाल भारद्वाज (ओमकारा)

### सफल पाँच अभिनेत्री



१. काजोल (फना)
२. रानी मुखर्जी (कभी अलविदा ना कहना)
३. ऐश्वर्या राय (धुम-२, उमराव जान)
४. प्रीति जिन्टा (कभी अलविदा ना कहना, जानेमन)
५. करिना कपुर (ओमकारा)

जागिर चाहियो ?
कुक / वेटर / वेट्रेस / बारमेन / कयाप्टेन सेक्युरीटी साथै मार्केटिङ्ग तालिम लिनुहोस्
रोजगारी ग्यारेन्टी
होटलमै तालिमका साथै बिदेशको छुट्टै प्याकेज
क्रिष्टल ट्रेनिङ्ग प्लस जब लिङ्क
मो. ९८०३२४३०५९ फो. ४४१७४३८

होटल तालिम
* Cook * Bakery
* Waiter / Waitress
* Barman / Captain
* House keeping
* Receptionist / Bell Boy
MAN POWER TRAINING CENTER
PACIFIC 4232196
JAMAL, NACHGHAR, KATHMANDU

# संसारका सबैभन्दा धनी व्यक्तिहरू

**अमेरिकाबाट प्रकाशित हुने विश्वप्रसिद्ध पत्रिका फोर्ब्सले प्रत्येक वर्ष विश्वका धनी व्यक्तिहरूको सूची प्रकाशित गर्छ। यो वर्ष पनि उक्त पत्रिकाले सर्वाधिक धनीहरूको सूची जारी गरेको छ। सधैका वर्षहरू झैं यस पटक पनि माइक्रोसफ्ट कम्पनीका मालिक बिल गेट्स नै अग्रपंक्तिमा छन्।**

**विश्वव्यापी आर्थिक वृद्धिका कारण सन् २००६ मा अर्बपतिहरूको संख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको छ। यो वर्ष अर्बपतिहरूको संख्यामा १५ प्रतिशतले वृद्धि भै ७ सय ९३ पुगेको छ। यसपटक भारतीय, ब्राजिलियन, मध्यपूर्वी तथा रसियाली धनाढ्यहरूको पनि सूचीमा उल्लेख्य उपस्थिति छ। धनाढ्यहरूको सूचीमा भारतका २७ तथा ३३ अर्बपति समावेश छन्। सूचीमा आधाजसो धनाढ्य अमेरिकी छन्। जापानबाट २७ एवं सउदी अरबबाट ११ ले सूचीमा प्रवेश पाएका छन्। न्युयोर्क सहरबाट मात्रै ४५, मस्कोबाट २५ तथा लन्डनबाट २३ अर्बपति सर्वाधिक धनीका रूपमा सूचीकृत छन्, जसमा महिलाको संख्यामा १० जना थपिएर ७८ पुगेको छ। यो वर्षको सूचीमा १ सय २ जना नयाँ अर्बपति थपिएका छन्।**



## बिल गेट्स

५० वर्षीय बिल गेट्स अमेरिकाका बासिन्दा हुन्। उनको सम्पत्ति ५० बिलियन डलर बराबर छ। बिल गेट्स तीन सन्तानका पिता हुन्। उनले हार्वर्ड विश्वविद्यालयमा अध्ययन गर्दागर्दै सफ्टवेयरको व्यापारमा लागेर पढाइ छोडेका थिए। सफ्टवेयरको सानो व्यापारबाट प्रारम्भ भएको उनको व्यवसाय अहिले विश्वव्यापी भएको छ। उनको माइक्रोसफ्ट कम्पनीद्वारा उत्पादित अपरेटिङ सिस्टमद्वारा अहिले विश्वका ९४ प्रतिशत कम्प्युटर सञ्चालित छन्। सफ्टवेयर बाहेक उक्त कम्पनीलाई टेलिभिजन, सेलफोन, कार आदि उत्पादन गर्ने कम्पनीका रूपमा विकास गर्ने कार्य पनि भैरहेको छ। सफ्टवेयर उत्पादनबाट प्राप्त रकमलाई उनले सामाजिक कार्यमा पनि लगानी गरेका छन्। आफू र आफ्नी श्रीमती मेलिन्डा गेट्सको नाममा उनले बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनको स्थापना गरेका छन्। यो संस्थाका नामबाट उनले संसारभरिका एचआइभी, एड्स पीडितहरूको सहयोगका लागि धेरै रकम खर्च गरेका छन्। त्यसकै सम्मान स्वरूप विश्वप्रसिद्ध टाइम पत्रिकाले सन् २००५ को वर्ष पुरुषको रूपमा बिल गेट्स तथा उनको संस्थालाई कदर गरेको थियो।

## वारेन बफेट

७५ वर्षीय वारेन बफेट पनि अमेरिकी बासिन्दा नै हुन्। उनलाई संसारका धनीको दोस्रो सूचीमा राखिएको छ। उनको कुल सम्पत्ति ४२ बिलियन डलर बराबर छ। गत वर्ष उनको सम्पत्ति ४५ बिलियन डलर थियो। उनले युनिभर्सिटी अफ नेब्रास्काबाट आर्ट्स र साइन्समा स्नातक तथा कोलम्बिया युनिभर्सिटीबाट साइन्समा स्नातक गरेका छन्। वित्तीय क्षेत्रमा चर्चित बफेटले सेयर, बैंकिङ तथा बिमा क्षेत्रमा लगानी गरेर यत्रो सम्पत्ति हासिल गरेका हुन्। उनको सेयर अमेरिकन एक्सप्रेस, कोकाकोला, जिलेट जस्ता प्रमुख कम्पनीहरूमा छ। वारेन बिमा कम्पनीका प्रमुखसमेत छन्। गत जुनमा उनले आफ्नो सम्पत्तिको ८५ प्रतिशत भाग बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनलाई दिने घोषणा गरेका छन्। यो रकम अमेरिकाकै र सम्भवतः संसारकै इतिहासमा समाजसेवामा दान गरिएको सबैभन्दा ठूलो रकम हो।

## कार्लोस सिलम हेलु

मेक्सिकोका ६७ वर्षीय नागरिक कार्लोस सिलम हेलु सबैभन्दा धनी व्यक्तिको सूचीमा तेस्रो नम्बरमा छन्। उनी ल्याटिन अमेरिकाका सबैभन्दा धनी व्यक्ति पनि हुन्। हेलु मुख्यतः दूरसञ्चार क्षेत्रका व्यवसायी हुन्। उनको व्यापारले मेक्सिकोमा प्रभुत्व जमाएको छ। सम्पूर्ण ल्याटिन अमेरिका क्षेत्रमा समेत उनको प्रभुत्व छ। त्यसबाहेक कार्लोस खुद्रा व्यापार, बैंकिङ तथा बिमासम्बन्धी कारोबार पनि गर्छन्। उनको कुल सम्पत्ति ३० बिलियन डलर छ। कार्लोसका ६ सन्तान छन्। तीमध्ये ३ छोराले उनको कारोबारमा सहयोग गरिरहेका छन्।

## इङभार काम्प्राड

८० वर्षीय काम्प्राड स्वीडेनका उद्योगपति हुन्। उनका ४ सन्तान छन् र कुल सम्पत्ति २८ बिलियन डलर छ। काम्प्राडको आम्दानीको प्रमुख स्रोत खुद्रा व्यापार नै हो। उनले आफ्नो र आफ्नो जन्मस्थानको सुरुका अक्षरहरूबाट आइकेइए नामक कम्पनी खोलेका छन्। यो कम्पनी स्थापना गर्दा उनी मात्र १७ वर्षका थिए। सुरुमा उनी साइकलमा बसेर सलाई बेच्ने काम गर्थे। त्यसपछि उनले आफ्नो व्यवसाय बढाउँदै माछा, क्रिसमस ट्रिको सजावट तथा बल पेन र पेन्सिलसमेत बेचे। काम्प्राड धनी भए पनि यात्राका क्रममा सधै सस्ता होटलमा बस्न रुचाउँछन्। उनी सन् १९७६ देखि स्वीट्जरल्यान्डको एपालिन्जस्थित निवासमा बस्छन्। स्वीडेनको व्यापारसम्बन्धी प्रसिद्ध साप्ताहिक पत्रिका भेकन्स अफेयरले त उनलाई संसारकै सबैभन्दा धनी व्यक्ति भएको र थोरै कर तिर्नका लागि सम्पत्ति थोरै देखाएको आरोप पनि लगाएको छ तर द इकोनोमिस्टले उनको सबै सम्पत्ति आफ्नै नाममा नभएका कारण यस्तो आरोप लगाउन नसकिने बताएको छ। जे भए पनि फोर्ब्सले उनलाई चौथो धनी व्यक्तिको सूचीमा राखेको छ।

## लक्ष्मी मित्तल

भारतको राजस्थानमा जन्मिएका लक्ष्मी निवास मित्तल हाल लन्डनको किङ्स्टनमा बस्छन्। मित्तललाई फोर्ब्सले विश्वको पाँचौ धनीको सूचीमा राखेको छ। उनको कुल सम्पत्ति २३ दशमलव ५ बिलियन डलर छ। मित्तल सामान्य पृष्ठभूमिको परिवारमा जन्मिएका थिए। उनले आफ्नो बाल्यावस्था गरिबीमा बिताउनुपरेको थियो। भारतको स्वतन्त्रताभन्दा अघिको समयमा उनका बाबुले सम्पूर्ण परिवारलाई कलकत्ता लगे। त्यहाँ मित्तलका बाबुले एउटा स्टिल कम्पनीमा साझेदार बनेर काम गरे। कलकत्ताकै सेन्ट जेभियर्स कलेजबाट लक्ष्मीले सन् १९६९ मा कमर्समा स्नातक गरे। त्यसपछि उनले आफ्नो बुबासँगै स्टिलको व्यापार गर्न थाले तर सन् १९९४ मा आफ्ना बुबा र दाजुसँग खटपट भएपछि उनले स्वतन्त्र रूपमा निजी व्यापार सञ्चालन गर्न थाले। पछि उनले आफ्नो कम्पनीलाई लन्डनमा स्थापित गरे। हाल उनको मित्तल स्टिल कम्पनीले उत्पादन गरेका स्टिल रोमानिया, बोस्निया हर्जगोभिना, दक्षिण अफ्रिका, अमेरिका आदि देशमा प्रसिद्ध छन्।

## पाउल एलेन

सन् १९५३ मा जन्मिएका पाउल एलेन अमेरिकी उद्योगपति हुन्। सन् १९७५ मा पाउल तथा बिल गेट्स मिलेर नै माइक्रोसफ्टको स्थापना गरेका थिए। उनी माइक्रोसफ्टमा हुँदादेखि नै आइबिएमको नयाँ पिसीका लागि अपरेटिङ सिस्टम प्रयोग गर्न माइक्रोसफ्टले स्वीकृति प्राप्त गरेको थियो। त्यसकै आधारमा माइक्रोसफ्टले व्यापार विस्तार गर्‍यो। सन् १९८३ मा बिरामी परेका कारण उनले माइक्रोसफ्टबाट राजीनामा दिए तर पनि सन् २००० सम्म उनी माइक्रोसफ्टको बोर्डमा कार्यरत थिए। हाल उनी चार्टर कम्युनिकेसन तथा भल्क्यान कम्पनीका अध्यक्ष छन्। उनको कुल सम्पत्ति २२ बिलियन डलर छ। एलेनलाई विश्वका धनीको सूचीमा छैठौं नम्बरमा राखिएको छ।

## बर्नार्ड अर्नाउल्ट

सन् १९४९ मा जन्मिएका बर्नार्ड अर्नाउल्ट फ्रेन्च व्यापारी हुन्। उनी विश्वका सातौं धनी व्यक्ति हुन्, जसको कुल सम्पत्ति २१ दशमलव ५ बिलियन डलर बराबर छ। बर्नार्डले इन्जिनियरिङमा डिग्री हासिल गरेका छन्। उनका एलभिएमएच र क्रिश्चियन डायोर नामक कम्पनी छन्। उनले व्यापारबाटै यत्रो सम्पत्ति हासिल गरेका हुन्। बर्नार्डकी छोरी डेल्फिन अर्नाउल्ट पनि ती कम्पनीमा सक्रिय रूपमा काम गरिरहेकी छिन्।

## राजकुमार अलसाउद

छोटकरीमा अल साउद भने पनि उनको पूरा नाम अल वालिद विन तलाल विन अब्दुल अजिज अल साउद हो। उनी सउदी अरेबियाका राजकुमार हुन्। राजकुमार अलसाउदको विभिन्न व्यापारिक क्षेत्रमा पारिवारिक लगानी छ। उनले विज्ञान तथा मानविकीमा स्नातकका साथै सिराक्युस युनिभर्सिटीबाट सोसियल साइन्समा स्नातकोत्तर गरेका छन्। सिटिग्रुप नामक कम्पनीमा मात्रै उनको १० बिलियन डलरको लगानी छ। यसबाहेक उनको विभिन्न वित्तीय क्षेत्र तथा स्टक कम्पनीहरूमा पनि लगानी छ। एओएल, एपल कम्प्युटर, वर्ल्डकम, मोटोरोला, न्युज कर्पोरेसन लिमिटेडका साथै अन्य प्राविधिक तथा मिडिया कम्पनीहरूमा पनि उनको प्रशस्तै लगानी छ। न्युयोर्कको प्लाजा होटेल, लन्डनको सेभोई होटल तथा मोनाकोको मोन्टे कार्लो ग्रान्ड होटलमा समेत उनको लगानी छ। उनी आफ्ना यी सबै व्यापारिक कारोबार किङडम होल्डिङ नामक कम्पनी मार्फत् गर्छन्। उनको कम्पनीले आफ्नो आम्दानी २००४ मा १ सय १७ प्रतिशतले वृद्धि गरेर साउदी वित्तीय बजारमा तहल्का नै मच्चाएको थियो। उनको कुल सम्पत्ति २० बिलियन डलर बराबर छ। उनलाई टाइम पत्रिकाले अरेबियन वारेन बफेट भनेर समेत उपनाम दिएको थियो।


## केनेथ रोय थम्सन

थम्सन क्यानेडियन नागरिक हुन्। उनी एउटा सफल व्यापारी तथा कलाकौशलका शौखिन मानिन्छन्। उनको कुल सम्पत्ति १९ दशमलव ६ बिलियन डलर छ र उनी विश्वका नवौं धनी व्यक्तिको सूचीमा पर्छन्। उनी सन् १९२३ मा ओन्टारियोमा जन्मिएका थिए। उनका बाबु रोय थम्सनले थम्सन कर्पोरेसनको स्थापना गरेका थिए। हाल संसारका ४६ देशमा यो कम्पनीका शाखा छन् र यसले ३९ हजार मानिसलाई रोजगारी उपलब्ध गराएको छ। सुरु-सुरुमा यो कम्पनी एउटा अखबार कम्पनीको रूपमा प्रसिद्ध थियो तर पछि गएर यसले विद्युतीय सूचना उत्पादन एवं वितरणको रूपमा ख्याति कमाउँदै गयो। हाल यो कम्पनीले रुपर्ट मर्डोकको न्युज कर्पोरेसन लगायत संसारका प्रसिद्ध विद्युतीय सञ्चार माध्यमहरूमा समाचार बिक्री गर्ने काम गर्छ। सन् २००५ मा फोर्ब्सकै सूचीमा केनेथको स्थान १५ औ नम्बरमा थियो तर एक वर्षपछि नै उनी छैठौं स्थान माथि उक्लेर नवौं स्थानमा आइपुगे तर गत जुन १२ मा केनेथको मृत्यु भैसकेको छ। त्यसपछि उनको सम्पत्तिको हकदार उनका जेठा छोरा डेभिड थम्सन बनेका छन्।

## ली का सिङ

चिनियाँ मूलका व्यापारी लि का सिङ सन् १९२८ मा चीनको ग्वाङडोङ प्रान्तमा जन्मिएका थिए। सन् १९४० मा उनको परिवार हङकङमा बसाइ सरेको थियो। उनी धनीहरूको सूचीमा दसौं नम्बरमा छन्। उनको कुल सम्पत्ति १८ दशमलव ८ बिलियन डलर बराबर छ। ली हाल हचसन ह्याम्पा लिमिटेड तथा हङकङस्थित चेङ कोङ होल्डिङ नामक कम्पनीका अध्यक्ष छन्। उनको कम्पनीले विद्युत् तथा दूरसञ्चारसम्बन्धी कारोवार गर्छ। यसबाहेक रियल स्टेटदेखि लिएर इन्टरनेटसम्मको व्यापारमा पनि यी कम्पनीहरू क्रियाशील छन्। लीका यी कम्पनीका ५४ देशमा शाखा छन्, जसमा २ लाख २० हजार मानिसले रोजगारी पाएका छन्। धनी भएर पनि उनी सामान्य पोशाक मात्र लगाउँछन् र लीको जीवनशैली पनि सामान्य छ।

## धनाढ्यको सूचीमा शासकहरू पनि



यसै वर्षदेखि फोर्ब्सले एउटा छुट्टै सूचीका रूपमा विश्वका धनी शासकहरूको नाम पनि प्रकाशित गर्‍यो। उक्त सूचीमा विश्वका राजा, महारानी, शेख तथा तानाशाहहरूलाई समावेश गरिएको छ।

अखबारका अनुसार साउदी अरेबियाली नरेश अब्दुल्ला बिन अब्दुल अजिज विश्वकै सबैभन्दा 'धनी' राजा हुन्। उनीसँग झन्डै २१ अर्ब अमेरिकी डलर बराबर सम्पत्ति छ। ब्रुनाइका सुल्तान हाजी हस्सनल बोल्किया दोस्रो स्थानमा छन्। उनीसँग झन्डै २० अर्ब अमेरिकी डलर बराबरको सम्पत्ति छ। तेल र ग्यासका कारण उनी दोस्रा भएका हुन्। ५९ वर्षीय सुल्तानलाई धेरै श्रीमती राख्न छुट भएकाले उनका लागि राजप्रासादमा १ हजार ७ सय ८८ कोठा छुट्याइएको छ।

तेस्रो स्थानमा संयुक्त अरब इमिरेट्सका ५८ वर्षीय सुल्तान शेख खलिफा बिन जायेद अल नाहियान छन्। उनीसँग १९ अर्ब अमेरिकी डलर बराबर सम्पत्ति छ। उनीपछि दुबईका ५६ वर्षीय शासक शेख मोहम्मद बिन रसिद अल मक्तौम छन्। मक्तौमसँग झन्डै १४ अर्ब अमेरिकी डलरसम्पत्ति छ।

लिचेन्स्टाइनका राजकुमार सूचीको पाँचौं स्थानमा छन्। ६१ वर्षीय हान्ससँग झन्डै ४ अर्ब अमेरिकी डलर बराबरको सम्पत्ति छ। मोनाकोका राजकुमार अल्बर्टको स्थान छैठौं नम्बरमा छ। उनको कुल सम्पत्ति १ अर्ब डलर बराबर छ। झन्डै आधा शताब्दीयता क्युबाको नेतृत्वमा रहेका क्यास्ट्रोको व्यक्तिगत सम्पत्ति ९० करोड अमेरिकी डलर छ। ७९ वर्षीय क्यास्ट्रोको लगानी क्षेप्यास्त्रदेखि सिगार र रम उद्योगसम्म रहेको अखबारको दाबी छ। सूचीमा उनी सातौं स्थानमा छन् तर क्यास्ट्रोले मे १५ मा राष्ट्रिय टेलिभिजन प्रसारणमार्फत् फोर्ब्सको उक्त सूचीलाई झूटो भएको बताए।

इक्वेटोरियल गिनीका राष्ट्रपति टिओडोरो ओवियाङन्गुमा सूचीको आठौं स्थानमा छन्। उनको सम्पत्ति ६० करोड डलरजति छ। त्यसैगरी नवौं स्थानमा बेलायतकी महारानी एलिजावेथ द्वितीयको नाम छ। उनको सम्पत्ति ५० करोड डलर भएको बताइएको छ। नेदरल्यान्डकी महारानी बिट्रिक्स दसौं स्थानमा छिन्, जसको सम्पत्ति २७ करोड डलर छ।



# खेलकुदको संसार

## विश्वकप फुटबल

वर्ष २००६ को सबैभन्दा ठूलो खेल गतिविधिका रूपमा विश्वकप फुटबल प्रतियोगिताको १८ औं संस्करण जर्मनीका विभिन्न सहरमा सम्पन्न भयो तर यो विश्वकप फुटबल प्रतियोगिताले कुनै नयाँ राष्ट्रलाई विश्व फुटबलको नयाँ शक्तिका रूपमा स्थापित गर्न सकेन । प्रारम्भिक चरणमा १ सय ९८ वटा राष्ट्रले सहभागिता जनाएको उक्त प्रतियोगिताको उपाधि इटालीले चौथो पटक हात पाऱ्यो । आयोजक जर्मनीले गृहमैदानको फाइदा उठाउन सकेन । जर्मनी सेमिफाइनलमा इटालीद्वारा पराजित भएर तेस्रो स्थानमा चित्त बुझाउन बाध्य भयो भने पूर्व विजेता ब्राजिलको छैठौं पटक विश्वकप जित्ने महत्वाकांक्षा क्वाटर फाइनलमै समाप्त भयो । प्रचारप्रसारका दृष्टिकोणले विश्वकप फुटबलको दाबेदार मानिएको इङ्ल्यान्ड पोर्चुगलद्वारा क्वाटरफाइलनमा पराजित भयो ।

३२ वर्षपछि विश्वकप फुटबल प्रतियोगिताको फाइनल चरणमा उत्रिएको अष्ट्रेलिया दोस्रो चरणमा इटालीद्वारा पराजित भएर बाहिरिएको थियो । इटालीले क्वाटरफाइनलमा विश्वकप फुटबल प्रतियोगिताको फाइनल चरणमा पहिलो पटक प्रवेश पाएको युक्रेनलाई पराजित गरेको थियो । इटाली र फ्रान्सबीच भएको फाइनल खेल निर्धारित समयमा १-१ गोलको बराबरीमा समाप्त भएको थियो । निर्णयका लागि भएको पेनाल्टी सुट आउटमा इटालीले फ्रान्सलाई ३ का विरुद्ध ५ गोलले पराजित गऱ्यो । पहिलो पटक १८ औं विश्वकप फुटबल प्रतियोगितामा सहभागी भएका एन्गोला, आइभोरीकोष्ट, चेक रिपब्लिक, घाना, टोगो, ट्रिनिडाड एन्ड टोवागो तथा युक्रेनमध्ये युक्रेनले मात्र माथिल्लो चरणमा स्थान बनायो ।

यो विश्वकपमा सर्वाधिक ६ गोल गरे बापत आयोजक जर्मनीका मिरोस्लाभ क्लोसले गोल्डेन सु, उत्कृष्ट प्रदर्शन गरे बापत फ्रान्सका जिनेदिन जिदानले गोल्डेन बल पुरस्कार प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ठ गोलकिपरलाई दिइने लेभ यासिन पुरस्कार इटालीका जियान लुगि बुफोनलाई दिइयो । आयोजक जर्मनीका लुकास पुडोस्कीले बेष्ट यङ्ग प्लेयरको उपाधि हात पारे । १८ औं विश्वकप फुटबल प्रतियोगितामा सर्वाधिक अनुशासित टिमका रूपमा ब्राजिल तथा स्पेनले संयुक्त रूपमा फिफा फेयर प्ले ट्रफी पाए भने सर्वाधिक आकर्षक टिमको उपाधि पोर्चुगलले पायो ।

## एसियाली खेलकुद

एसिया महादेशको भव्य खेलकुद प्रतियोगिताका रूपमा एसियाली खेलकुद प्रतियोगिता (एसियाड) को १५ औं संस्करण यो वर्ष कतारको राजधानी दोहामा सम्पन्न भयो । ओलम्पिक प्रतियोगितापछि सर्वाधिक ठूलो प्रतियोगिता मानिने एसियाडमा चीनले पदक तालिकामा शीर्ष स्थानमा एक पटक फेरि कब्जा जमायो । प्रतियोगितामा चीनले १ सय ६५ स्वर्ण, ८८ रजत, ६३ काश्यसहित कुल ३ सय १६ पदक जितेको थियो । यो प्रतियोगितामा पदक तालिकामा चीन पछि ५८ स्वर्ण, ५३ रजत, ८२ काश्यसहित कुल १ सय ९३ पदक जितेर दक्षिण कोरिया दोस्रो स्थानमा तथा ५० स्वर्ण, ७१ रजत, ७७ काश्यसहित कुल १ सय ९८ पदक जितेर जापान तेस्रो स्थान रहे ।

सन् २००८ को ओलम्पिक प्रतियोगिता आयोजना गर्ने तयारीमा रहेको चीनले यो प्रतियोगितालाई आफ्नो वार्मअप प्रतियोगिताका रूपमा लिएको थियो तर चीनले एसियाली क्षेत्रमा शीर्ष स्थान हासिल गरे पनि आफ्नो वर्चश्व भने कायम गर्नसकेन । चीनले बेइजिङ ओलम्पिकमा आफ्नो आधिपत्य जमाउन निकै तयारी गर्नुपर्ने सन्देश १५ औं एसियाडले दिएको छ ।

आयोजक राष्ट्र कतारले ९ स्वर्ण पदक जितेर आफूलाई नवौं स्थानमा पुऱ्यायो । आयोजकको नाताले कतारले तुलनात्मक रूपमा एसियाडमा कम पदक जिते पनि फुटबलमा पाएको स्वर्ण पदकले कतारको प्रतिष्ठा जोगायो । यो प्रतियोगितामा सहभागी भएको नेपालले तेक्वान्दो खेलमार्फत् ३ काश्य पदक प्राप्त गऱ्यो । नेपालका तर्फबाट दीपक बिष्ट, मनिता शाही तथा आयशा शाक्यले उक्त पदक जिते ।

एसियाका ४५ राष्ट्रले सहभागिता गरेको यो खेल प्रतियोगितामा ३८ मुलुकले मात्र आफूलाई पदक तालिकामा उपस्थित गराए । कम्बोडिया, पूर्वी टिमोर, ओमन, मालद्विभ्स, प्यालेष्टाइन, भुटान तथा ब्रुनाई रित्तो हात घर फर्किए ।

## साग खेलकुद

दक्षिण एसियाली राष्ट्रको ओलम्पिक प्रतियोगिता अर्थात् दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) को दसौं संस्करण यो वर्ष श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न भयो । दक्षिण एसियाली खेलकुद प्रतियोगितामा शीर्षस्थान ओगट्दै आएको भारतले यसपटक पनि आफ्नो स्थानलाई खस्किन दिएन । भारतले यसपटक १ सय १८ स्वर्ण पदक जितेर आफूलाई शीर्ष स्थानमा राख्यो । दोस्रो स्थानको होडमा आयोजक श्रीलंका र पाकिस्तान थिए तर पाकिस्तानले आफ्नो अनुमानभन्दा बढी ४१ स्वर्ण पदक जितेर दोस्रो स्थान पायो भने आयोजक श्रीलंकाले ३६ स्वर्ण पदक जितेर तेस्रो स्थानमा चित्त बुझायो । एक दर्जनभन्दा बढी स्वर्ण पदकको आशा राखेर कोलम्बो पुगेको नेपाली टोलीले ९ स्वर्ण पदकमै चित्त बुझाउनु पऱ्यो । नेपालले पदकको आशा राखेको मार्सल आर्टका खेलमा धाँधली भएको आरोप सम्बद्ध खेलाडीहरूले लगाएका थियो तर नेपाललाई पच्छाउँदै यो सागमा अफगानिस्तानले ६ स्वर्ण पदक जितेर पाँचौ स्थान प्राप्त गऱ्यो ।

## ग्रान्डस्ल्याम टेनिस

सन् २००५ को अन्तसम्म आफूलाई पुरुष टेनिसको शीर्ष वरियताक्रममा राख्न सफल भएका स्वीजरल्यान्डका रोजर फेडेररले सन् २००६ को पहिलो ग्रान्डस्ल्याम अष्ट्रेलियन ओपनमा आफ्नो आधिपत्य जमाउन सफल भए । आफ्नो खेल जीवनको सातौं ग्रान्ड स्ल्याम प्रतियोगिता हात पार्ने क्रममा फेडेररले साइप्रसका मार्कोस बागडाटिसलाई ५-७, ७-५, ६-० तथा ६-२ को सेटले पराजित गरेका थिए । यो सफलताले फेडेररलाई दोस्रो पटक अष्ट्रेलियन ओपनको विजेताका रूपमा समेत प्रस्तुत गऱ्यो । अष्ट्रेलियन ओपनकै महिलातर्फको उपाधि फ्रान्सकी एमिली माउरेस्मोले हात पारिन् । पेटको पीडाबाट गुज्रिरहेकी बेल्जियमकी जष्टिन हेनिन् हार्डेनले पहिलो सेट ६-१ ले गुमाएकी थिइन् तर दोस्रो सेटमा माउरेस्मोले २-० को अग्रता हासिल गर्दा हार्डेनले अत्यधिक पीडाका कारण कोर्ट छोडेकी थिइन् ।

फ्रेन्च ओपनमा भने फेडेररलाई स्पेनका राफेल नाडालले पराजित गरेर रोके । ३ घन्टाभन्दा बढी चलेको फाइनलमा फेडेररले नाडाललाई पहिलो सेटमा ६-१ ले पछि पारे पनि बाँकी सेटमा भने नाडालले फेडेररलाई ६-१, ६-४, ७-६ (७-४) ले पराजित गरे । चोटका कारण अष्ट्रेलियन ओपनको फाइनल प्रतिस्पर्धा बीचमै त्यागेकी बेल्जियमकी जष्टिन हेनिन हार्डेनले फ्रेन्च ओपनमा भने सफलता पाइन् । महिला टेनिसमा दोस्रो वरियताक्रममा रहेकी आफ्नै देशकी किम क्लाइट्जरलाई सेमिफाइनलमा पराजित गरेर फाइनलमा पुगेकी हेनिनले फाइनलमा रुसकी स्टेलेना कुज्नेतसोभालाई ६-४, ६-४ को सोझो सेटमा पराजित गरेर पाँचौ पटक महिला ग्रान्ड स्ल्याम प्रतियोगिता हात पारिन् । विजयपछिको पहिलो प्रतिक्रिया दिंदै हेनिनले भनिन्- ग्रान्डस्ल्याम फाइनलको अधिल्लो रात कोही पनि निदाउन सक्दैन ।

घाँसे मैदानमा आयोजना हुने सर्वाधिक प्रतिष्ठित प्रतियोगिता तथा वर्षको तेस्रो ग्रान्डस्ल्याम विम्बल्डन टेनिस प्रतियोगिताको पुरुष एकल फाइनलमा फ्रेन्च ओपन फाइनलका प्रतिद्वन्द्वीहरू उपाधिका लागि मैदानमा थिए । स्पेनका राफेल नाडालले साइप्रसका मार्कोस बाग्डाटिसलाई पराजित गरेर फाइनलमा पुगेका थिए भने रोजर फेडेरर स्विडेनका जोनास जोर्कम्यानलाई पराजित गरेर आएका थिए । रोजर र राफेलबीच यो वर्ष फ्रेन्च ओपनको फाइनलमा भएको प्रतिस्पर्धामा रोजर पराजित भएका थिए तर विम्बल्डन रोजरले फ्रेन्च ओपनमा आफूले भोगेको पराजयको बदला लिँदै राफेललाई ६-०, ७-६ (७-५), ६-७ (२-७), ६-३ को सेटमा पराजित गरेर चौथो पटक विम्बल्डन प्रतियोगिता हात पारे । विम्बल्डन टेनिसको महिला एकल फाइनलमा यो वर्षको पहिलो ग्रान्डस्ल्याम प्रतियोगिताको फाइनलमा उत्रिएकी फ्रान्सकी एमिली माउरेस्मो तथा बेल्जियमकी जस्टिन हेनिन हार्डेनबीच प्रतिस्पर्धा भएको थियो । महिला टेनिसको शीर्ष वरियताक्रममा रहेकी माउरेस्मोले गत वर्षको अमेरिकी ओपन विजेता मारिया सारापोभालाई सेमिफाइनलमा पराजित गरेर घर फर्काएकी थिइन् । यसैगरी अर्को सेमिफाइनलमा जस्टिन हेनिन हार्डेनले आफ्नै देशकी किम क्लाइजरलाई पराजित गरेकी थिइन् । फाइनलमा एमिलीले हेनिनलाई पराजित गरेर उपाधिको हकदार बनिन् ।

वर्षको अन्तिम तथा चौथो ग्रान्डस्ल्याम अमेरीकी ओपन टेनिसको पुरुष एकलको फाइनलमा पुनः स्वीजरल्यान्डका रोजर फेडेरर देखापरे । रुसका निकोलाभ डेभडेन्कोलाई सेमिफाइनलमा पराजित गरेर फाइनलमा आफ्नो स्थान सुरक्षित गरेका फेडेररले अन्ततः अमेरिकाका एन्डी रोडिकलाई ६-२, ४-६, ७-५, ६-१ ले फाइनलमा पराजित गरेर आठौं पटक ग्रान्डस्ल्याम हात पारे ।

यो वर्ष सम्पन्न अष्ट्रेलियन ओपन तथा फ्रेन्च ओपनमा कुनै किसिमको क्षमता देखाउन नसकेकी रुसी सुन्दरी मारिया सारापोभा अमेरिकी ओपनको फाइनलमा देखापरिन् । महिला एकलकी शीर्ष वरियताक्रममा रहेकी फ्रान्सकी एमिली माउरेस्मोलाई सेमिफाइनलमा पराजित गरेर फाइनलमा प्रस्तुत भएकी सारापोभाले सोही वर्षको फ्रेन्च ओपन विजेता जष्टिन हेनिन हार्डेनलाई फाइनलमा ६-४, ६-४ को सोझो सेटमा पराजित गरेर दोस्रो ग्रान्डस्ल्याम उपाधि हात पारिन् ।

## च्याम्पियन्स ट्रफी

सन् २००७ मा आयोजना हुने विश्वकप क्रिकेटको पूर्वसन्ध्यामा भारतमा यो वर्ष च्याम्पियन्स ट्रफी क्रिकेट प्रतियोगिता सम्पन्न भयो । मिनी वर्ल्डकप क्रिकेटका रूपमा परिचित यो प्रतियोगिताको उपाधि विश्वकप विजेता अष्ट्रेलियाले हात पाऱ्यो । गृहमैदानमा भएका कारण भारतले यो प्रतियोगितालाई आफ्नो प्रतिष्ठासँग जोडेको थियो तर समूह ए मा रहेको आयोजक भारत लिग चरणभन्दा माथि उक्लन सकेन ।

१० राष्ट्रले सहभागिता गरेको यो प्रतियोगितामा अष्ट्रेलिया र न्यूजिल्यान्डबीच पहिलो सेमिफाइनल तथा दक्षिण अफ्रिका र वेष्ट इन्डिजबीच दोस्रो सेमिफाइनल भएको थियो । सेमिफाइनलमा क्रमशः अस्ट्रेलिया र वेस्टइन्डिज पुगे । लिग चरणमा वेस्टइन्डिजसँग १० रनले पराजित भएको अष्ट्रेलियाले फाइनलमा वेष्ट इन्डिजलाई ८ विकेटले हराएर पहिलो पटक च्याम्पियन्स ट्रफीमाथि कब्जा जमायो । च्याम्पियन्स ट्रफी क्रिकेटको यो संस्करणमा वेस्टइन्डिजका क्रिस ग्याले सर्वश्रेष्ठ खेलाडी घोषित भए ।

# चर्चित खेल व्यक्तित्व



### फावियो कानोभारो

जर्मनीमा सम्पन्न विश्वकप फुटबल प्रतियोगिता आश्चर्यजनक रूपमा इटालीको पोल्टामा ल्याउन सफल भएपछि इटाली फुटबलका कप्तान फावियो कानोभारो अकस्मात् विश्व फुटबलको चर्चामा आए । इटालीको सिरि ए फुटबलमा ड्रिब्लिङ एटेकमा माहिर फाबियो अहिलेसम्म सिरि एमा ३ सय ९४ पटक मैदानमा उत्रिसकेका छन् । युरोपका केही अन्तर्राष्ट्रिय प्रतियोगितामा चर्चा पाएका फावियो अहिले इटालीलाई विश्वकप फुटबल जिताएपछि विश्वकै सर्वोकृष्ठ खेलाडीका रूपमा देखापरेका छन् । यही सफलताका कारण फावियोलाई अन्तर्राष्ट्रिय फुटबल महासंघले यो वर्षको फिफा वर्ष खेलाडीको सम्मानसमेत दियो ।

### मार्टा भियरा डि सिल्भा

सन् २००४ मा एथेन्समा सम्पन्न ओलम्पिक प्रतियोगितामा महिला फुटबलमा ब्राजिललाई रजत पदक दिलाएपछि ब्राजिलकी मार्टा भियरा डि सिल्भा महिला फुटबलको क्षेत्रमा चर्चित खेलाडीमा दरिइन् । स्विडेनको उमिया क्लबबाट मिडफिल्डरका रूपमा खेल्ने २० वर्षीया मार्टालाई फिफाले यो वर्ष सर्वोकृष्ठ महिला खेलाडीका रूपमा सम्मान गरेको छ ।

### जिनेदिन जिदान

एउटा राम्रो र प्रतिष्ठित खेलाडी अनुशासनमा नबस्दा ऊ कसरी आलोचित हुन्छ भन्ने कुरा फ्रान्सका फुटबल खेलाडी जिनेदिन जिदानको जीवनमा घटेको एउटा घटनाले देखाएको छ । सन् १९९८ मा फ्रान्समा सम्पन्न विश्वकप फुटबलको उपाधि



आफ्नो राष्ट्रलाई दिलाउन सफल भएपछि फिफाले जिनेदिन जिदानलाई हालसम्म ३ पटक फिफा वर्ष खेलाडीका रूपमा सम्मान गरिसकेको छ तर यो वर्ष जर्मनीमा सम्पन्न विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा जिदानले इटालीका खेलाडी मार्को माटेराजीलाई टाउकाले प्रहार गरेपछि सर्वत्र उनको निन्दा गरिएको थियो तर पनि उनलाई फिफाले उक्त विश्वकप प्रतियोगिताको उत्कृष्ठ खेलाडीको सम्मान दिनुका साथै फिफाको वर्ष खेलाडीका रूपमा रजत बल दिएर सम्मान गऱ्यो ।

### डेभिड बेकह्याम

डेभिड बेकह्याम कुनै समय इङ्गल्यान्डको राष्ट्रिय फुटबल टिमको केन्द्र मानिन्थे तर उनको नेतृत्वमा इङ्गल्यान्डले कुनै पनि चर्चित अन्तर्राष्ट्रिय प्रतियोगिता जित्न सकेन । सन् २००० देखि इङ्गल्यान्डको राष्ट्रिय फुटबल टिमको कप्तान बनेका बेकह्यामले बेला-बेलामा गर्ने फ्रि किक गोल तथा प्लेमेकरका रूपमा चर्चा मात्र पाए । उनले आफ्नो खेल जीवनमा मैदानमा भन्दा बढी चर्चा मैदान बाहिर पाए । पप गायिका भिक्टोरियासँग विवाह गरेका बेकह्यामले यो वर्ष पनि इङ्गल्यान्डलाई विश्वकप जिताउने अनुमान गरिएको थियो तर इङ्गल्यान्ड क्वाटरफाइनलबाट बाहिरिएको थियो । इङ्गल्यान्डको मात्र नभएर विश्वकै फुटबल क्षेत्रमा सर्वाधिक चर्चामा रहने बेकह्यामले यसै वर्ष इङ्गल्यान्डको राष्ट्रिय टिमको कप्तानबाट हटेको घोषणा गरे ।

### मारियन जोन्स

कुनै समय विश्वकै तीव्र गतिकी धाविकाका रूपमा स्थापित मारियन जोन्स यो वर्ष शक्तिबर्धक औषधि सेवन गरेको अभियोगबाट मुक्त भइन् । पहिलो पटक गरिएको मूत्र परीक्षणमा शक्तिबर्धक औषधि सेवन गरेको प्रमाणित भएर अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताबाट अलग भएकी मारियन यो वर्षदेखि पुनः विश्व खेलकुद क्षेत्रमा फर्किएकी छिन् ।

बाँकी पृष्ठ २३ मा

# चर्चित खेल व्यक्तित्व

पृष्ठ २२ बाट जारी



उनले सिड्नी ओलम्पिक ३ स्वर्ण तथा २ रजत पदक जितेकी थिइन् ।

**मिरोस्लाभ क्लोस**

सन् २००२ को विश्वकप फुटबल प्रतियोगितामा जर्मनी उपविजेता बन्ने क्रममा मिरोस्लाभ क्लोस सर्वाधिक गोल गर्ने दोस्रो खेलाडी भएपछि नै उनी कुशल स्ट्राइकरका रूपमा प्रस्तुत भएका थिए । त्यतिबेला चाँदीको जुत्ता पाएका क्लोसले यसपटक आफ्नो गृह मैदानमा सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा भने सुनको जुत्ता पाए । यो प्रतियोगिता जर्मनीले जित्ने अनुमान गरिए पनि उसले तेस्रो स्थानमै चित्त बुझाउनु परेको थियो तर पनि मिरोस्लाभले प्रतियोगितामा ६ गोल गरे । कुशल खेल कलाका कारण क्लोसलाई जर्मन फुटबल एसोसिएसनले वर्षको सर्वोकृष्ठ खेलाडीका रूपमा सम्मानित गरेको थियो ।

**ब्रायन लारा**

सन् २००४ मा इङ्गल्यान्ड विरुद्ध टेष्ट प्रतियोगिता खेल्ने क्रममा वेष्ट इण्डिजका ब्याट्समेन ब्रायन लाराले ४ सय रन बनाएपछि नै उनी कुनै पनि दिन विश्वको टेष्ट क्रिकेट प्रतियोगितामा सर्वाधिक रन बनाउने खेलाडीका रूपमा स्थापित हुनेछन् भन्ने अनुमान गरिएको थियो । नभन्दै ब्रायन लाराले अष्ट्रेलियाका खेलाडी एलेन बोर्डरले बनाएको ११ हजार १ सय ७४ रनको विश्वकीर्तिमानलाई यसै वर्ष भङ्ग गरे । लाराले टेष्ट क्रिकेटमा अहिलेसम्म ११ हजार ९ सय ५३ रन बनाइसकेका छन् ।

**शेन वार्न**

एसेज श्रृंखला हात पारे लगत्तै अष्ट्रेलियन क्रिकेट टिमका बलर शेन वार्नले यो वर्षको समाप्तिपछि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट सन्यास लिने घोषणा गरेका छन् । टेष्ट क्रिकेटमा सर्वाधिक ६ सय ९९ विकेट लिने खेलाडी वार्नको सन्यासले अष्ट्रेलियाको क्रिकेटलाई धक्का लाग्ने मात्र नभई समस्त विश्वको टेष्ट क्रिकेटलाई नै अपूरणीय क्षति हुने कुरा अष्ट्रेलियाली क्रिकेट टिमका कप्तान रिकि पोन्टिङ्गले बताएका छन् ।

**ग्लेन म्याकग्राथ**

एसेज श्रृंखलाको लगत्तै अष्ट्रेलियाको राष्ट्रिय क्रिकेट टिमबाट तीव्र गतिका बलर ग्लेन म्याकग्राथले सन्यासको घोषणा गरेका छन् । सन् १९८७ देखि अन्तर्राष्ट्रिय त्रिकेट खेलमा प्रवेश गरेका म्याकग्राथले टेष्ट क्रिकेटमा ५ सय ५५ विकेट तथा एक दिवसीय क्रिकेटमा ३ सय ४२ विकेट लिएका छन् ।

**माइकल सुमाकर**

फर्मुला १ मोटर रेसका सवारी चालक माइकल सुमाकरले यो वर्षको अन्तदेखि अन्तर्राष्ट्रिय फर्मुला १ मोटर रेसबाट सन्यास लिने घोषणा गरे । फेरारी मोटरका चालक सुमाकरले इटाली ग्रान्ड पिक्सपछि सन्यास लिने घोषणा गरेको फेरारीले जनाएको छ तर सुमाकरले फेरारीका लागि केही समय काम गर्ने पनि जनाइएको छ । जर्मनी मूलका माइकलले आफ्नो मोटर रेसको करिअरमा २ सय ५० वटा ग्रान्ड पिक्समा सहभागी हुँदै ९१ वटामा सफलता पाएका थिए भने उनले ७ पटक वर्ल्ड च्याम्पियनसिप जितेका थिए ।


**टाइगर उड**

गल्फ खेलमा सफल खेलाडीका रूपमा स्थापित टाइगर उड यो वर्ष विशेष चर्चामा आए तर टाइगर उड आफ्नो खेलका कारणले नभई श्रीमतीका कारणले चर्चित भए । राइडर कप खेल्न जाने क्रममा उनकी २६ वर्षीया श्रीमती एलिन डेब्लिनरको नाङ्गो तस्बिर एउटा म्यागजिनले फोटो सेसन गरेको जनाउँदै प्रकाशित गरेको थियो । यो विषयमा टाइगर उडले अदालतमा मुद्दा दायर गरेपछि उक्त म्यागजिनले माफीसमेत मागेको थियो ।

**इयान थोर्प**

अस्ट्रेलियाका पौडी खेलाडी इयान थोर्पले सन् २००७ को विश्व पौडी प्रतियोगिताका लागि भएको छनौटमा आफू नपरेपछि अन्तर्राष्ट्रिय पौडीबाट सन्यासको घोषणा गरे । २४ वर्षीय थोर्पले सिड्नी ओलम्पिक प्रतियोगितामा ३ स्वर्ण तथा २ रजत पदक जितेका थिए भने एथेन्स ओलम्पिकमा प्रतियागितामा २ स्वर्ण, २ रजत तथा १ काश्य पदक जितेका थिए ।


**रोजर फेडेरर**




गत वर्ष पुरुष टेनिसको शीर्ष वरियताक्रममा रहेका स्वीजरल्यान्डका रोजर फेडेररले यो वर्ष सञ्चालन भएका चारवटै ग्रान्डस्ल्यामको फाइनलमा प्रवेश गरे । जसमध्ये फेडेररले अष्ट्रेलियन ओपन, अमेरिकी ओपन तथा विम्बल्डन जित्न सफल भए भने फ्रेन्च ओपनको उपविजेता बने । सन् २००४ मा पहिलो पटक पुरुष टेनिसको शीर्ष स्थानमा उक्लिएका फेडेररले अहिलेसम्म नौवटा ग्रान्डस्ल्याम उपाधि हात पारिसकेका छन् ।

**एमिली माउरेस्मो**

फ्रान्सकी महिला टेनिस खेलाडी एमिली माउरेस्मोका लागि यो वर्ष सफलताको वर्ष रह्यो । उनले यो वर्ष सम्पन्न चार ग्रान्डस्ल्याम प्रतियोगितामध्ये अष्ट्रेलियन ओपन र विबल्डनमा सफलता हात पारिन् । सन् २००४ मा पहिलो पटक महिला टेनिसको शीर्ष वरियताक्रममा उक्लिएकी माउरेस्मो पहिलो पटक नै दुई ग्रान्डस्ल्याम आफ्नो पक्षमा पार्न सफल भएकी थिइन् ।



# मिस अर्थमा नेपाली सुन्दरी




**गत वर्ष अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगिताहरूमध्ये मिस वर्ल्ड तथा मिस युनिभर्समा नेपालको सहभागिता रहेन, कारण त्यसमा सहभागी पठाउन हुनुपर्ने मिस नेपालको आयोजना नै भएन । मिस अर्थमा भने आयुष्मा पोखरेलले सहभागिता जनाइन् । सुश्री पोखरेल मिस नेपाल २००५ की सेकेन्ड रनरअप हुन् ।**

# दौड सकियो लाहुरेको

**शिव शर्मा**

पोखरा- 'पहिलो प्रयासमै सफल भएँ, लाहुरे बन्ने सपना साकार भयो,' भानु-५, तनहुँका सुवर्ण थापा ब्रिटिस आर्मीमा भर्ती भएपछि यो पंक्तिकारसँग भन्दै थिए- 'मेहनतको फल सफल भएँ ।' बिदाइको क्षणमा ब्रिटिस क्याम्प पोखरामा उनी आफन्तहरूसँग बिदालिदै थिए । थापा मात्र होइन, उनीजस्ता लाहुरे हुन सफल युवाहरू परिवारसँग अन्तिम बिदाइमा हाँसोसँगै आँसु पनि साटिरहेका थिए । बिदाइमा पूर्वाञ्चल र पश्चिमाञ्चलका हजारौं अभिभावक भेला भएका थिए ।

'ल भाइ, लाहुरे भए पनि देशलाई नबिर्से,' -खैरेनीटार तनहुँकी पुष्पा थापाले यसो भन्दा ब्रिटिस आर्मीमा भर्ती भएका उनका भाइ देवराज थापा एकाएक भावुक भए । भावुक हुँदै उनले साप्ताहिकसँग भने- 'अब म व्यक्तिगत फाइदा मात्र नहेरी आफ्नो टोलको विकासमा पनि आर्थिक लगानी गर्नेछु ।' यस पटक ब्रिटिस आर्मीका लागि पूर्वाञ्चल र पश्चिमाञ्चलबाट २ सय ३० जना भर्ती भएका छन् भने सिंगापुरका लागि भने जम्मा ७३ जना भर्तीका लागि योग्य ठहरिएका छन् । गत वर्ष ब्रिटिस आर्मीमा ३ सय ७ र सिंगापुरमा ७७ जना भर्ती भएका थिए । सुरुको प्रतिस्पर्धामा धरानमा २० हजार तथा पोखरामा १६ हजार युवा सहभागि थिए । भर्ती भएकाहरू यो साताभित्र आ-आफ्नो गन्तव्यमा पुगिसक्नेछन् ।



यसरी भर्ती भएका आफ्ना छोरा र दाजुभाइको बिदा गर्दा उनीहरूका आफन्तहरूको मन न्यास्रो जस्तो देखिए पनि सफलतामा गौरव पनि देखिन्थ्यो । काठमाडौंका तीन युवा समीर थापा, मनोज थापा र सजीव गुरुङ पहिलो प्रयासमा लाहुरे हुन सफल भएकोमा दंग देखिन्थे । उनीहरू भन्दै थिए– 'लाहुरेका बारेमा राम्रो खबर छपाइदिनुहोला है ।' कोही यो खुसीयालीमा लाहुरे छोरासँग कुम जोडेर धीत मरुन्जेल फोटो खिचाउँदै थिए । कोही चाहि डाँको छोडेर रुनेहरूलाई थुमथुम्याउँदै थिए । त्यही बीचमा उमेरले डाडो काटेकी एक वृद्ध महिला भन्दै थिइन्- 'नाति लाहुरे भएको हेर्ने धोको बल्ल पूरा भयो ।'

मुलुकको प्रतिकूल परिस्थितिका कारण युवाहरूको आकर्षण भर्तीमा बढ्दै गएको भनिए पनि त्यो कुरासँग त्यति मेल नखाने बताउँछन् भूपू ब्रिटिस लाहुरेहरू । उनीहरू भन्छन्- 'ब्रिटिस आर्मीमा जस्तो कमाइ नेपालमा छैन । हो त, ब्रिटिस तथा सिंगापुर पुलिसमा भर्ती भएपछि मानसम्मान इज्जतसँगै पैसा पनि छ । अहिले आएर बेलायत सरकारले सन् १९९७ पछिका अवकाशप्राप्त ब्रिटिस गोरखा सेनालाई त्यहीं बसोबासको अनुमति दिएको छ ।

गुरुङ, मगर, राई, लिम्बू मात्र लिइने गरेकोमा आजभोलि सबै जातिलाई भर्तीमा लिइन थालेपछि लाहुरेका लागि प्रतिस्पर्धा बढेको हो । गाउँ-टोलमा ब्रिटिस आर्मी भनेपछि इज्जत पनि ठूलै छ । भूपू सिंगापुरे लाहुरे यमराज गुरुङ भन्छन्- परम्परा धान्न पनि लाहुरे हुने संस्कार अझै कायमै छ ।'

# सौराहामा अन्तर्राष्ट्रिय हात्ती दौडको रमिता

**प्रवीण दत्त**

चितवन– पर्यटक बोकेका हात्तीको लस्कर देखिने सौराहामा यो साता हात्तीको अर्कै किसिमको जमघट थियो । पर्यटक बोक्न होइन, हात्ती आपसमै प्रतिस्पर्धा गरिरहेका छन् हात्ती दौड प्रतियोगितामा । चार वर्षको फुच्चे हात्तीदेखि ३० वर्षसम्मका हात्ती उक्त प्रतिस्पर्धामा सहभागी थिए । विगत तीन वर्षदेखि प्रत्येक वर्ष क्रिसमस र अंग्रेजी नयाँ वर्षको प्रारम्भसँगै आयोजना भैरहेको अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगिताका कारण यो वर्ष पनि चितवनको सौराहा नयाँ दुलहीझैं सिंगारिएको थियो ।

क्षेत्रीय होटल संघ सौराहाको आयोजना र बाघमारा मध्यवर्ती उपभोक्ता केन्द्र, सौराहा पर्यटन व्यवसायीको सहआयोजना तथा नेपाल पर्यटन बोर्डको प्रबर्द्धन रहेको अन्तर्राष्ट्रिय हात्ती दौड प्रतियोगिता हेर्न यो वर्ष विगतका वर्षहरूभन्दा बढी पर्यटक ओइरिएका थिए । दौड प्रतियोगितामा २४ हात्तीले भाग लिएको कुरा आयोजकले बताए ।

क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष एवं प्रतियोगिता संयोजक हरिभक्त घिमिरेले *साप्ताहिक*सँग भने- 'सहभागी र दर्शकको उल्लेख्य उपस्थितिले हामी निकै उत्साहित भएका छौं र आशा लिएका छौं, यहाँ आएका विदेशी पर्यटकले आफ्ना देशमा नेपालको अवस्था राम्रो छ भन्ने सन्देश फैलाउनेछन् ।'

संयोजक घिमिरेका अनुसार अहिले यो कार्यक्रम तीन दिन चल्ने गरेकोमा आउने वर्षदेखि यसलाई चितवन एलिफेन्ट फेस्टिबल नामकरण गरी क्रिसमसदेखि नयाँ वर्षसम्म सञ्चालन गरिनेछ । जसमा हात्तीले कति खान्छ, के-के खान्छ, कति बच्चा पाउँछ भन्ने जानकारीदेखि हात्तीको दिनचर्या पनि कार्यक्रममै समावेश गराइनेछ । यस वर्ष सौराहा फुड फेस्टिबल र हात्तीद्वारा नै फुटबल खेलाइने कार्यक्रमसमेत थपिएको घिमिरेले बताए ।

विश्वमै वन्यजन्तु अवलोकन र जंगल सफारीका लागि प्रसिद्ध सौराहाको बाघमारा सामुदायिक वनको मैदानमा आयोजना गरिएको प्रतियोगितामा जापान, नेदरल्यान्ड, जर्मनी, अस्ट्रेलियाका ८ टिमले र नेपालका १६ टिमले सहभागिता जनाएका थिए । १ सय ५० मिटर लामो दूरी सबैभन्दा छोटो समयमा ओहोर-दोहोर गर्ने हात्ती नै प्रतियोगिताको विजेता बनेको छ ।

६-६ वटा हात्तीको एक समूह बनाई ६ समूहमा बाँडी खेल खेलाइएको थियो । २४ हात्ती समावेश भएको खेलमा एक पटकमा ६ वटा हात्तीलाई दौडाई त्यसअन्तर्गत पहिलो दिन १२ हात्तीलाई सेमीफाइनलमा खेलाइएको थियो र त्यसबाट ६ हात्तीलाई अन्तिम चरणमा प्रवेश गराएर विजेताको घोषणा गरिएको थियो । थप मनोरन्जनका लागि प्रतियोगिताको दोस्रो दिन विभिन्न सांस्कृतिक कार्यक्रमसहित १४ गाडा बीच दौड र १२ टाँगाबीच दौड प्रतियोगिता तथा तेस्रो दिन ८ टिम सहभागी रहेको डुंगा दौड प्रतियोगितासमेत आयोजना गरिएको थियो । यसका साथै हात्तीको छावाको रोचक खेल पनि प्रस्तुत गरिएको थियो ।

# विवाह गरिन् पुष्पाले

काठमाडौं– नेपाल वान टेलिभिजनमा कार्यरत पुष्पा जोशीले विवाह गरेकी छिन् । गत मंसिर २ गते उनले काठमाडौंकै मुक्ति गुरुङसँग औपचारिक रूपमा विवाह गरेकी हुन् । पुष्पाको अन्तर्जातीय विवाह दुवै संस्कारअनुरूप सम्पन्न भएको थियो । सुटुक्क विवाह गरेकी पुष्पाले साप्ताहिकसँगको कुराकानीका क्रममा भनिन्- 'गुरुङ संस्कृतिअनुसार उहाँको ग्रहदशा देखाउँदा गुम्बामा पूजा गरेर सानो विवाह गर्नुपर्ने भन्ने कुरा आएपछि त्यसैअनुरूप थोरै पाहुनालाई बोलाएर विवाह सम्पन्न भएको हो । 'तर आत्तिनु पर्दैन,' पुष्पाले भनिन्- 'पुस १५ को ल्होसारपछि भव्य रूपमा विवाह भोजको आयोजना गर्दैछौं ।' त्यसपछि सबैले पुष्पाले विवाह गरेको थाहा पाइहाल्छन नि ।

एक वर्षअघि नाइन्टिनो फाइभमा आयोजित एक कार्यक्रममा पहिलो पटक पुष्पाले मुक्तिलाई भेटेकी थिइन् । त्यसपछि अनलाइन च्याटले उनीहरूलाई नजिक ल्याएको थियो । अनलाइन च्याटमै मुक्तिले राखेको प्रेम प्रस्तावमा पुष्पाले हरियो झन्डा देखाइन् । पुष्पाका जीवनसाथी आफ्नैं डिएक्सएन कम्पनीमा आइटी डाइरेक्टरका रूपमा कार्यरत छन् ।



पुष्पाले करिब एक वर्षअघि साप्ताहिकको ब्लो अपका लागि पनि फोटोसेसन गराएकी थिइन् । पुष्पाका श्रीमान् मुक्ती व्यवसायीका अतिरिक्त एपेक्स कलेजमा एमबीएका विद्यार्थी पनि हुन् । अन्तर्जातीय विवाह नै किन ? 'मन मिलेपछि जातको कुरै भएन नि,' पुष्पा भन्छिन्- 'मेरो बाबा नेवार, आमा मगर भएकाले पनि खासै समस्या थिएन ।

विवाहपछि पनि आफ्नो कार्यलाई निरन्तरता दिने बताउँदै पुष्पाले भनिन्– त्यसका लागि श्रीमान्को परिवारले पनि पूर्ण साथ दिने बताइसकेको छ । पुष्पालाई आफूले मन पराएको क्षेत्रमा काम गर्न अवरोध नआउने पूर्ण विश्वास पनि छ ।


होटल तालीम होटल खुम्जुङमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ ।
हाम्रा विशेषताहरू
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सितैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने ।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसंगै ,Ph:- 4249576

Photography/Videography तालिम
Photography Course गर्नेलाई
Digital Photo Editing सित्तैमा
Videography course गर्नेलाई
D. Video Editing सित्तैमा
नेपालकै नं.1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
■ आफ्नै कोर्षबुक र Media भएको । ■ Worldwide valid certificate
■ एकपटक सिकेपछि दोहोर्‍याएर सिक्न नपर्ने ।
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक. फोन ४४४३३१९

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★ Housekeeping
SATS Course मा आधारित तालीम
Compare our quality with the others
सम्पर्क:-साग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

अंग्रेजि RS. 1150/
दुई महिना मै!
जान्ने नजान्ने दुरुको लागी विशेष व्यवस्था
Free: Books, Cassets and CDs
Free Internet & E-Mail
Getway 4241870
Bagbazar, KTM.

तालिम
❊ फोटोग्राफी
❊ भिडियोग्राफी
❊ कलरल्याब
❊ लेमिनेशन
❊ डिजिटल फोटोग्राफी
सम्पर्क: ❊ डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा वि.सं. २०५३ देखि निरन्तर........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
४२१९१०३७, ४२१६२९१


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**